जिल्ला प्रशासन कार्यालय रूपन्देही द.नं. १४३/०७०/०७१

वर्ष ७ अंक ३, पौष २०७६

**हाम्रो गोरेटो**
राष्ट्रिय मासिक

**संरक्षक**
नेपाल मगर संघ, ५ नं. प्रदेश समिति
देवराज खनाल
लीला राना मगर
सूर्य श्रीस मगर

**सल्लाहकार**
सांसद तुलाराम घर्ती मगर (वसन्त)
लोकबहादुर थापा
बालकृष्ण काउछा मगर
डि. बि. पुन मगर
गणेशमान महतो

**कानूनी सल्लाहकार**
अधिवक्ता सुरेन्द्र थापा मगर

**प्रबन्धक**
तारा पुन मगर

**संवाददाता**
सुरज थापा
संगीता थापा
श्रीधर पोखेल
नरबहादुर गुरूङ
शिव थापा मगर
तेज बहादुर थापा मगर
दायना मकवानी मगर
किशोर गुरूङ
सिंह बहादुर ढेंगा मगर
प्रशान्त घर्ति मगर

**अतिथि सम्पादक**
गणेशमान गुरूङ

**सह-सम्पादक**
सीता गाहा मगर

**कार्यकारी सम्पादक**
चन्द्रा थापा मगर

**प्रधान सम्पादक/प्रकाशक**
तुलबहादुर दर्लामी मगर (अरूण)

**कम्प्यूटर रूपाङ्कन**
बिरेन्द्र सिंजाली मगर

**मुद्रण**
सत्यशिला अफसेट प्रेस, ९८४७४७५९१३
बुटवल-१०, रूपन्देही

**प्रधान कार्यालय**:
बुटवल-६, ट्राफिक चोक, रूपन्देही
फोन नं.: ९८४७४६१७७०, ९८४६०४६४६७
E-mail: hamrogoreto@gmail.com

# यस भित्र . . .

पार्टी एकताको औचित्य किन सार्थक हुन सकेन ? ५
थारुहरुको खिचरी/माघी पर्व नयाा वर्षको रुपमा ८
समाजको उन्मुक्ताः आधुनिकता कि बिकृति ? ११
इण्डोप्यासिफिक रणनीति र एमसीसी १३
लजाउदा घातक हुने तथा महिलामा लुकेको पीडा १६
एकल महिला एक विवेचना १९
गौ संरक्षण गरी नेपालमै स्वरोजगार बनाउने योजनामा दुर्गादेवी २१
उत्पीडित वर्गले अधिकारको लागि आफै संघर्ष गर्नु पर्छ-मन्त्री बराल २४
प्रितम देउरालीका जीवित देउता २६
क्रिसमस-महाभारत-जेसीज निर्वाचन-२०१९ २८
पहिलो मिस वालिङको ताज बिनालाई ३१
ल्होसारमा बिदा नभए वृहत आन्दोलनको चेतावनी ३३
लाहुरेले सञ्चालन गरेको कृषि व्यवसाय ३५
वर्ग फल (च्यु-ल्हो) ३७
नेपाल मै नमूना सामुदायिक अस्पताल बनाउने सोंचमा छौं ४०
पर्यटकीय स्थल दानापुरताल महोत्सव माघ १५ गतेदेखि ४२
एम.जि.को सम्मान सफल व्यवसायी श्रीधरलाई ४४
मगर महिला संघ बुटवल लगायत एम.जि. क्लवद्वारा मृगौला पीडितलाई आर्थिक सहयोग ४५
नमस्ते किड्स तथा एम.जि क्लबद्वारा शैक्षिक सामाग्री वितरण ४६

# पाठकवर्गमा अनुरोध

**हाम्रो गोरेटो** राष्ट्रिय मासिक पत्रिका छैठौं वर्ष सफलताकासाथ पूरा गरी **सातौं** वर्ष प्रवेशसँगै **अनलाईन न्यूज** सहित निरन्तर प्रकाशन भइरहेका सुखद अवसरमा आदणीय लेखक, पाठकवर्ग, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा धन्यवाद एवं हार्दिक आभार व्यक्त गर्दै यहाँहरूको निरन्तर लेख, रचना, विज्ञापन एवं सहयोग साथै स्वस्थ्य प्रतिक्रियाको लागि हार्दिक अनुरोध गर्दछौं ।

**हाम्रो गोरेटो** राष्ट्रिय मासिक

Online News:
**hamrogoreto.com**

**प्रधान कार्यालयः**
**बुटवल-६, ट्राफिकचोक, रूपन्देही**
**मो. ९८४६०४६४६७,**
९८५७०२९२६७, ९८४७४६१७७०
Email:hamrogoreto@gmail.com

## सम्पादकीय

# एमसीसी र नेपाली राजनीति

नेपाली राजनीति वृत्तमा अहिले अमेरिकी प्रोजेक्ट मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)ले सर्वसाधरणदेखि विचार विश्लेषक एवम् सबैजसो राजनैतिक दलसम्म चर्चाको विषय बनेको छ। विकासोन्मुख देश नेपालका नागरिकहरुमा एमसीसीको बारेमा विभिन्न तर्क वहस, आशंकाहरु आउनु स्वभाविक नै हो सत्तारुढ पार्टी भित्रै पनि यो विषयमा मतऐक्यता छैन। तर, यो परियोजना सञ्चालन गर्न संसदबाट पारित गर्नु पर्ने हुन्छ।

२०१२ सालदेखि निरन्तर छलफल भएर सन २०१७ सेप्टेम्बर १४ मा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा रहेको बेला अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले अमेरिकाको वाशिङ्गटनमा सम्झौता गरेका थिए। त्यस समयमा परराष्ट्रमन्त्री पूर्वसभामुख कृष्ण बहादुर महरा थिए। कृष्ण बहादुर महराको सभामुख पद गुम्ने मुख्य कारण पनि यही एमसीसी काण्ड नै बनेको टिका टिप्पणी आईरहेको छ। महराले एमसीसी इण्डो प्यासिफिक कै अंग मात्र नभई नेपालमा इलेक्ट्रीक डिभाइस क्षेप्यास्त्र प्रणाली नै जडान  गरेर चीनलाई निशाना बनाउने र नेपाललाई रणभूमि बनाउने  सम्भावना भएकै कारण रोकेको बताइ रहेका छन्। एमसीसी परियोजना ५५अर्बको हुने बताइएको छ।

राष्ट्रिय स्वाधिन राज्यको रुपमा स्थापित नेपाल भोली एमसीसीको विकास र  समृद्धिको एजेन्डाले सिक्किमीकरण हुनसक्ने अवस्था देखिन्छ। आफ्नो राज्यको विकास अर्को देशले गरिदिन्छ भन्ने नेताको परनिर्भरतावादी सोंचले भोली नेपाल नै गुम्न सक्ने सम्भावना देखिन्छ। किनकी झण्डै १० हजार अमेरिकी सेना ५ देखि १० वर्षसम्म नेपाली भूमिमा उन्मत्तसंग कावा खाँदै नेपाल नै कब्जाको शैलीमा रहनेछन्। त्यो पनि नेपालको मुख्य मुख्य क्षेत्रमा पहिलो क्याम्प चितवन  दोस्रो क्याम्प मध्य पहाडको महत्वपूर्ण स्थान पाल्पाको वसन्तपुर र तेस्रो मुस्ताङ जुन सामरिक हिसाबले अत्यन्तै जोखिम बन्न सक्छ। पछिल्लो समयमा चीनले आर्थिक रुपमा विश्वमा चमत्कारिक प्रगति गरेको छ। चीनलाई संकुचन गर्नको लागि पनि यो क्षेत्र अमेरिकाको लागि अत्यन्तै उपयुक्त क्षेत्र रहन सक्छ। त्यसैगरी मुगुको रारा ताल नजिकै हतियार भण्डारण गर्ने योजना बनाएको छ। उसको नक्सामा देखाए अनुसार चितवनबाट लाइन सिधै भारतको गोरखपुर जोड्ने त्यसपछि पाल्पा जोड्ने छ। एमसीसीले तयार गरेको अवधारणा अनुरुपका भुभाग, स्रोत, विद्युत, ट्रान्समिसन लाइन र सडक सञ्जाल सम्बन्धि नेपालले केही बोल्न पाउने छैन। यसले ४ वटा कुरालाई जोडदिएको छ जुन नेपालको संविधानको २७९ धाराको उपधारा २अनुसार शान्ति मैत्री, सुरक्षा एवम् सामरिक सम्बन्धमा, नेपाल राज्यको सिमाना सम्बन्धमा र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धमा रहेको छ।

एमसीसी २००४ मा अमेरिकी संसदले ठूला पूर्वाधार आयोजना निर्माण गर्न साझेदारी गर्ने लक्ष्य लिई स्थापना गरिएको परियोजना हो। मिलिनियम च्यालेन्ज कर्पोरेशन एक स्वतन्त्र वैदेशिक सहायता निकाय हो। जसले विश्वमा गरिबी विरुद्धको लडाइमा सघाउनेछ भनि एमसीसीको वेवसाइटमा उल्लेख गरिएको छ।

एमसीसी परियोजना लागु भएपछि नेपालको कानुनभन्दा माथि रहेर छुट्टै खाता हुने तथा बैकिङ कारोबार एवम् त्यसबाट आउने ब्याज र नेपाल सरकारले लगानी गर्ने १३ अर्ब रुपैया पनि उसैको खातामा जाने तथा परियोजना सम्पन्न गर्न आवश्यक जनशक्ति, बस्तुहरु पनि उसैले नै लिने जसको लागि कुनै कर नलाग्ने शर्त छ। यदी नेपालीले त्यसबारेमा बुझ्न चाहेमा अमेरिकी दुतावासबाट स्वीकृत लिनु पर्ने छ।

नेपाली नागरिक आफैमा गरीब छैनन्। दरिद्र सोंच भएका नेताहरुको कारण नेपाल गरीब भएको हो । नेपालमा अथाह सम्भावनाहरु छन्। सम्पूर्ण उठ्नुपर्ने कर मात्र उठाएर भ्रष्टाचार रोकियो भने नेपालीले नै विकास गर्न सकिन्छ। नेपालमा अमेरिकामा जस्ता भिखारीहरु छैनन्। अहिले गरिबी र भोकमरीले छट्पटाइरहेका देशहरु सिरिया, रुवाण्डा, सोमालिया, इरान जस्ता देशहरुमा एमसीसीले काम गरिरहेको छ। जहाँ रणभूमि बनाएको छ। त्यहाँका नागरिक आफ्नो मैलिक हक अधिकार नपाएपछि बाध्य भएर आतंककारी बनेका उदाहरणहरु छन्। त्यसैले नेपालीलाई सधैभरी आतंककारी बनाउने र नेपाललाई विकासको नाममा रणभूमि बनाउने खेल रोकिनु पर्छ। सबै राजनैतिक दलका नेताहरु अझ अध्ययन विश्लेषण गरी सही निर्णय गर्न हाम्रो गोरेटो आग्रहकोसाथ शुभकामना व्यक्त गर्दछ।



# पार्टी एकताको औचित्य किन सार्थक हुन सकेन ?



प्रकाश भट्टराई

**ईतिहासः**

नेपालमा जहाँनिया राणा शासनको अन्त्यपछि २००६ सालमा कम्युनिष्ट विचार धाराको सुत्रपातसंगै पार्टी स्थापना भयो । कम्युनिष्ट विचार धारा किन भयो ? के का लागी भयो ? र यस्को सिद्धान्त र आदर्श आज २०७६ सालसम्म आइपुग्दा कम्युनिष्ट आदर्श विपरीत धारामा व्यवहार किन भइरहेको छ ? भन्ने बहस हुन अति आवश्यक देखिन्छ । २००६मा कम्युनिष्ट पार्टी गठन भएदेखि आजसम्म विभिन्न घटनाक्रम हुँदै कहिले मार्क्सवाद , लेनिनवाद , माओवाद, मदन भण्डारीको नौलो जनवाद हुँदै (पाँचौ ,छैठौं) प्रचण्डपथसम्म आइपुग्दा कम्युनिष्ट पार्टी भित्र घात , प्रतिघात जुट र फूटहुँदै आइरहेको ईतिहास साक्षी बनेको छ। कम्युनिष्ट पार्टी भित्र सिद्धन्त र कार्य एकता किन हुनसकेन ? किन व्यक्तिवाद, स्वार्थ गुट, उपगुट हुँदै जिवनसैलिमा सौखीनता, सान, घमण्ड, मनोमानी किन चलीरहेछ ? यि विविध कुराको बीचमा एमाले र माओवादी मात्र ( अरु कम्युनिष्ट पार्टीलाई छोडेर ) एकताको सन्देश दिएर नेकपा भन्ने नाममा एकिकृत भएको कुरा त गरियो तर के का लागि र किन ? सिद्धान्त के हुने , कार्यनीति के हुने ? संगठन कसरी गर्ने ? जस्ता कुरा आजसम्म तयभएको छैँन। जनतालाई देखाउन मात्र पार्टी एकताको नाम दिइएको अवस्था इतिहासदेखि वर्तमानसम्म देखा परेको छ।

**नेपालमा कम्युनिष्ट पार्टी किन बने र जनतालाई किन झुक्याइदैछः**

कम्युनिष्ट विचारमा महान दार्शनिक कार्लमार्क्सले वर्गविहिन समाजको परिकल्पना गरे , सर्वहारा श्रमजिविको तत्कालीन समय १८ औं सताब्दी तिर युरोप जर्मनी, फ्रान्स , वेलायत लगायतका देशहरुमा अतिवादी पूँजिवादीहरुले श्रमिकलाई काममा मात्र लगाउने, नाफा कमाउने र श्रमिहरुको भलाइको जनजिविकामा वेवास्ता गर्ने मजदुर वर्ग सधै काममा मात्र खटीनु पर्ने अवस्था देखापरेको स्थीतीका आधारमा मार्क्सले परिकल्पना के गरे भने-जबसम्म श्रमजिवि सर्वहारावर्ग को राज्य सञ्चालनमा भागीदार हुँदैनन् तवसम्म श्रमजिवीको उत्थानहुँदैन र पूँजिवादीको

अन्त्य गरेर वर्ग संघर्ष गर्दै भौतिकवादको विकास गर्ने र सम्पत्ती राष्ट्रियकरण गरी जग्गा जमीन राज्यको अधिनमा लिने , उद्योग धन्दा खोल्ने, कृषि उत्पादन गरेर गाँस ,बाँस , कपासको ग्यारेन्टी गर्नुपर्छ अनी संसार भरका मजदुर एक हुनुपर्छ अनी कम्युनिष्ट विचारका आधारमा राज्य सञ्चालन गरे मात्र श्रमजिवीको समान व्यवस्थापन हुन सक्छ भन्ने कुरा परीकल्पना गरेकै आधारमा नेपालमा पनि मार्क्सवादीको पार्टी स्थापन भएको हो । भने उता रुसमा पनि लेनिन र चीनमा माओवाद चल्दै गर्दा नेपालमा पनि कम्युनिष्टहरु विभिन्न पक्ष , विपक्ष र विभिन्न चिरामा समर्थन गर्दा गर्दै नेपालका कम्युनिष्ट समर्थक बिचमा कैले घात ,प्रतिघात गर्ने र एक अर्कालाई गद्दार भन्नेसम्म चलीरहको र त्यस्को प्रभाव आज ०७६ सालसम्म पनि चलीरहको छ।

**नागरिक कम्युनिष्ट विचारतिर किन रनभुल्लमाः**

नेपालमा केही हुने खाने वाहेक अधिकांस जनता हुदाखाने , २ छाक टार्न धौ –धौ हुने गरेको जिविका निर्वाह गर्न गाह्रो हुँदैगर्दा कम्युनिष्ट पार्टीले जनतामा यस्ता नारा प्रचार गरे ताकी तिर्खा लागेको मान्छे पानी खान पाउने लालचमा पछि लागे झै जनता पनि केही हुन्छ की भन्ने आशामा कम्युनिष्ट पार्टीमा रनभूल्लमा परे ताकी कम्युनिष्ट सिद्धान्त अनुरुप वर्ग संघर्ष गरेर, सामन्तहरुको अन्त्य गर्दै धनि गरीब बराबर हुनेछ , प्रकृतिको सम्पत्ती जग्गा जमीन राष्ट्रियकरण गर्ने, शोषक सामन्तको अन्त्य गर्ने , अनी उत्पादनका साधन श्रोतमा सबैको बराबर हुनेछ , कत्तिपनि जातपातमा विभेद सहनुपर्दैन अनी कम्युनिष्ट सरकार आएपछि गाँस,वाँस ,कपासको ग्यारेन्टी हुनेछ। शिक्षा, स्वास्थ्यमा राज्यले हेर्ने छ लगायतका नारा जनतालाई प्रचार गरेर , आश्वासन दिएर त्यसै अनुसार प्रशिक्षण दिने अनी संगठनको नाममा लेविलिने र पदीय जिम्मेवार दिदै कार्य विभाजन गर्ने , एकोहोरो स्कूलीङ दिने र स्कूल क्याम्पसमा विद्यार्थीलाई प्रलोभनमा पार्ने । उता गरीव जनतालाई कम्युनिष्ट आएपछि वा कम्युनिष्ट बनेकाहरुलाई सरकारले सबै व्यावस्था गर्ने छ भनेपछि गरीबीले छट्पटीयको नागरिकको जनजिविका आधारभूत आवश्यकता पुराहोला, २ छाक खान र बस्न सहजहोला रोजगार मिल्ला , छोराछोरी पढाउन आफूले खर्च गर्न नपर्ने गाँस ,बाँस कपासको ग्यारेन्टी हुने , धनि गरीब बराबर हुने जस्ता कुराहरु भनेकै भरमा जनता कम्युनिष्ट पार्टीमा लागेको हुनू। नेपालमा कम्युनिष्ट बन्ने बनाउने मूल आधार नै त्यही थियो।

यसैगरी माओवादी ले १० वर्ष जनयुद्ध पनि यस्तै मूल मान्यता लिई जनतालाई गाउँ-गाउँमा प्रशिक्षण दिदै आन्दोलनमा आवद्ध हुन बाध्यता परेका थिए। तर विडम्बना आज कम्युनिष्टहरु नाममा मात्र भएकोले जन अपेक्षा अनुरुप काम हुननसकेको, कम्युनिष्टको सरकार हुँदा पनि विचार सिद्धान्त र हिजो जनतालाई बाँडेको आश्वासन पुरा गर्नतर्फ नलागेको बरु हिजो चप्पल नहुनेहरु आज रातारात महल र पजेरोमा सयल गरेका छन्। जनता जस्ताको तस्तै तर नेता र कार्यकर्ताको जीवनसैलीमा परिवर्तन कहाँबाट आयो ? सम्पत्ती जग्गा जमीन कहाँबाट र कुन श्रोतबाट आयो , छोराछेरीलाई बोर्डीङ स्कूल र विदेश पढाउने । गरीबका छोराछोरीलाई पढ्ने स्कूल पनि व्यवस्थित नहुने जस्ता अर्थिक असमानता र आर्थिक अनियमितता कहाँबाट आयो ? यो अब कम्युनिष्ट नेता र कार्यकर्ताको सम्पत्ती छानबिनहुनुपर्छ र अनुशासनको नैतिक कारवाही हुनुपर्छ भनी पार्टीका जनताले विरोध गरेको कुरा सर्व विदितै छ। के यही हो त कम्युनिष्ट सिद्धान्त ? हिजो जनतालाई के भनेर कम्युनिष्ट बन्न लगाइयो आज के भैरहेछ यसवारे बहस र चर्चा गर्ने बेला आएको छ।

**कम्युनिष्ट पार्टी आज किन स्खलित हुँदैछ। नेकपा एकिकरणको औचित्य किन सार्थक हुन सकेको छैनः**

माथि चर्चा गरे झै कम्युनिष्ट पार्टीले जनतालाई एकोहोरो रुपमा यो वा त्यो हो कम्युनिष्ट सिद्धान्त यस्तो हुन्छ अरु पार्टी भन्नाले प्रजातन्त्रको खिलापमा लाग्नुपर्छ विपक्षको विचार सिद्धान्त जनतालाई सिकाउनु हुँदैन कार्यकर्ताले पढ्नु हुँदैन घोडालाई लगाम लगाए झै एकोहोरो रुपमा कम्युनिष्ट विचारमा मात्र लगाउनुपर्छ भन्दै कम्युनिष्ट बारे स्कूलीङ गर्दै आए। विगत २,३ वर्षदेखि एमाले र माओवादी (नेकपा) एकिकरण वा पार्टी एकता गरेर चुनाव लड्ने र कम्युनिष्ट सरकार गठन गर्ने ,शासन गर्ने ,जुनसुकै हतकण्डा अपनाएर भएपनि बहुमत ल्याउने अनी संसदीय व्यवस्थालाई भऱ्याङ बनाएर शासन गर्ने मनसायबाट पार्टी एकताको गठन गरीएकै आधारमा आज नेपालमा दुईतिहाइको सरकार बनेको छ, केन्द्र, प्रदेश र स्थानीय रुपमा नेकपा कै सरकार गठन भएको छ।

तर बिडम्वना के भैरहेछ भने कम्युनिष्ट सिद्धान्त अनुसार व्यावहारमा उत्रने पर्छ अनि पार्टी एकीकरणमा राजनीतिक कार्यदिशा, कार्यनीति , संगठन गठन, सिद्धान्त, आदर्श, नीति, नियम पालन गर्दै एकतावद्ध भएर राज्य र पार्टी सञ्चालन गर्नुपर्नेमा उल्टोदिशा तिर गइरहेको, व्यक्तिवादी हावी हुँदै गएको आ आफ्नो गुट, उपगुटमा लागेर पार्टी एकताको नाममा विग्रह, असहमती अव्यावस्थीत बन्दै आएको अवस्था स्वयंम पार्टी भित्रका नेता, कार्यकर्ताबाट विरोध भइरहेको स्थिति छ। यस्तो अवस्था किन सिर्जना भईरहेछ ? पार्टी एकता भनेको त पार्टी भित्र नीति, विचार सिद्धान्त कार्यगत एकता हुनुपर्ने हो । हरेक निर्णय पार्टीको नीति नियम अनुसार चल्नु पर्ने र जन अपेक्षा अनुसार हुनुपर्ने हो तर यसो हुन सकेको छैन,

किन पार्टी एकताको सार्थकता हुनसकेन भन्ने चर्चा गर्दा पार्टी भित्र देखीएको चरम गुटवन्दी व्यक्तिवादी प्रवृत्ति, पूर्व एमाले र पूर्व माओवादीको सरकार देखि हरेक संगठनिक निकायमा भागवण्डा हुने, भागवण्डा नमिल्दा

आज देश र सरकार नै बन्धकमा परिहेको छ। यस्को ज्वलन्त उदाहरण सभामुख चयनमा देखापरेको छ, पूर्व सभामुख महरा यौनकाण्डमा मुछीएपछी सभामुख खाली भएको २-२ महिला भई सक्दा पनि देशको नीति निर्माण र दैनिक सांसद चलाउनुपर्ने अवस्थामा के पी ओली पक्ष र प्रचण्ड पक्ष बिचको खिचातानीले आजसम्म देश बन्धकमा परेको छ। के यही हो पार्टी एकता ?

पार्टी एकता न त सैद्धान्तिक रुपमा भएको छ, न त कार्यगत एकतामा, न त राज्य सञ्चालन प्रकृयामा यसरी हेर्दालाग्छ पार्टी एकता जसरी हुन्छ सत्ता कब्जा गर्ने, जनतालाई फोम्रा आश्वासन बाड्ने, झुक्याउने र नेता कार्यकर्ता लाभको पदमा रहँदै रमाइरहने बाहेक ऐलेसम्म केही हुनसकेको छैन भनी पार्टी भित्रैबाट चर्को विरोध भइरहेको छ। आखीर पार्टि एकताको औचित्यता के हो ? पार्टी एकताको नाममा नेताहरुले के.पी ओली विरुद्ध मोर्चावन्दी गरेको भनी सञ्चार माध्यममा किन आइरहेको आखीर के हो त पार्टी एकिकरण ?

देश झन-झन भ्रष्टाचारमा डुविरहेको, महङ्गी बढीरहेको र विदेशीले देशको भू –भाग कब्जा गरी रहेको अवस्था किन बन्दैछः

पार्टी एकता र दुई तिहाइको सरकारले देशमा जनजिविकाका आधारभूत काम गर्न भन्दा पनि पार्टी भित्र गुट,उपगुटलाई प्रसय दिएको, ठेक्कका पट्टामा भएको अनियमितता र भ्रष्टाचार बारे कारवाही नगरेको, कर्मचारी समायोजन गर्न नसकेको, गाउँमा सिंहदरवार गएपनि अनियमित खर्च गरेर राज्यकोषको दोहन गरेको र गाउँमा आर्थिक अनियमिता बढ्यो भनेर अर्थमन्त्रीले भनिरहेको अनि सरकार आफैले अनियामिताको अनुगमन गर्ने भनी निर्णय गरेर पनि नत अनुगमन भएको छ नत कारवाही नै भएको छ, बेरोजगारी बढीरहेकोछ। युवा झन् झन् विदेश पलायन हुन वाध्य भएको छ, उद्योगधन्दा, कृषिमा कुनै ठोस कार्य नहुनु, विकासको नाममा प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा उत्पादन दिन फजुल खर्च गरेर कार्यकर्ता पोषण गर्ने गरेको उता गरीब जनता २ छाक खान र सिटामोल नपाएर संकटमा परेको अवस्था छ। भ्रष्टाचार कहाँ छैन भनि अग्नी सपकोटा भनी रहेछन् उता महङ्गी बढेर सर्वहारा श्रमजिवीको जिवनस्तर खस्की रहेको छ भने नेता र यिनका आसेपासेहरु महल र महङ्गो गाडीमा सयल गरी रहेका छन्। यस्ता थुप्रै क्षेत्रमा व्यवस्थित र न्यायोचित काम हुन सकेन भनी पार्टीका शिर्ष नेताले भनिरहेको अवस्था छ।

कम्युनिष्ट पार्टीको पार्टी एकता र दुईतिहाइको सरकारले हिजो जनतालाई बाडेको आश्वासन के पुरा हुन्छ , के यसरी समृद्धि आउनसक्छ ? यस्ता यावत समस्या देशमा बढीरहेको छ। भने उता भारतले नेपाली भूमि मिचिरहँदा सरकार हामी कुटनीतिक रुपमा लागि रहेछौं भन्दै प्रधानमन्त्रीले सामान्य वक्तव्य निकालेर समाधंन हुनसक्छ ? केहो राष्ट्रियता ? यही हो राष्ट्रियता ? सरकारले सीमा सम्बन्धमा तड्कारो पहल गर्न समेत भने स्वयम् पार्टी भित्रैबाट आवाज आइरहेछ, यसरी दुइतिहाइको सरकार पार्टी भित्र एकताको नाममा अनेकता गरीरहेने हो भने पार्टी एकताको औचित्य के हो ? कम्युनिष्ट नेताको व्यक्तिगत सम्पत्ति हुँदैन भनी सिजिङ पिङ भनीरहेछन् तर नेपालमा कम्युनिष्ट पार्टीले पूँजिवादको विरोध गर्ने भनी सिद्धान्त अपनाउँछ तर आफै कम्युनिष्ट नेता कार्यकर्ता राज्यको जग्गा जमीन हडप्न तल्लीनछन्। अझै पनि गरीब श्रमजिविको पार्टी भनेर चिच्चाई रहन्छन्। यस्ता व्यवहारले गर्दा देशका वौद्धिक र विदेशीले समेत पत्याउन छोडी सकेका छन्। सिद्धान्तका चर्का कुरा गरेर व्यावहारमा उल्टो काम गर्ने ,हिजो चप्पल नहुने नेता कार्यकर्ताको बिना लगानी सम्पत्ती कहाँबाट आयो ? विपक्ष र अरुको विरोध गर्दा पूँजिपती,सामन्ती भनेर रेलीङ भाच्न लागी पर्ने अब आफ्नो पार्टी भित्र सम्पत्ती सुद्धिकरण गर्न पर्दैन ? के यही भनेको थिए मार्क्स लेनिन र माओले-कुरा के भने कम्युनिष्ट पार्टी नै नसच्चिने हो भने किन राजनीति गर्नुपर्यौ ? अर्कोतर्फ नागरीक आवाजलाई बन्द गर्न सरकार विधेयक बनाउँदै छ भन्ने चर्चा छ, कतिपय विधुतीय र सामाजिक सञ्जालमा हुने गैरकानुनी, असभ्य, अश्लील कुरा जुन समाजले पचाउन सक्दैन त्यस्को उचित नियन्त्रण हुनुपर्छ तर गणतन्त्रमा जनताका मौलिक हक र न्यायोचित आवाजलाई रोक लगाउने र कारवाही गर्ने हो भने सरकार आफैले खनेको खल्डोमा अफै फस्ने छ। लोकतन्त्रमा प्रतिपक्ष हुन्छ र सरकारको गलत कामको विरोध नागरिक समाजले गर्न पाउनुपर्छ। यस्तै शासन पद्धतीको लागि धेरै जनताले सहादात दिएका हुन्। यहाँ त सरकारको गलत कामको विरोध गर्नेलाई ठाडो कारवाही गर्ने भन्ने चर्चा हुनु मात्र पनी तानाशाहीको प्रतिरुप हो भनी कानुन विदहरुले भनी रहेछन्। के हो त आखीर पार्टी एकिकरण र कम्युनिष्ट शासन प्रणाली ? के यसरी देश चल्न सक्छ ? कम्युनिष्ट पार्टीले जनताको मुख थुन्ने नै हो भने अब कम्युनिष्ट नेता कार्यककर्ताको सम्पत्ती छानविन गरेर कारवाही गर्नुपर्ने र कम्युनिष्टहरु कम्युनिष्ट सिद्धान्त अनुरुप सम्पत्ती सार्वजनिक गर्दै राष्ट्रियकरण गर्ने जग्गा जमीन राष्ट्रियकरण गर्ने ,स्वस्थ्य,शिक्षामा समान गर्ने, धनि गरीब बराबर गर्दै गाँस, बाँस र कपासको ग्यारेन्टी प्राथमिक रुपमा गर्नुपर्छ र यि काम गरेर जनताको भावना अनुसार काम गर्नुको सत्ता आवश्यक काम गर्नु त कता हो कता उल्टै सरकार नीति ,नियम, आदर्श र सिद्धान्त अनुरुप नचल्ने जे मन लाग्यो त्यही गर्ने अनि सरकारको विरोध गर्न नपाइने नीति ल्याउनु भनेको देशमा अशान्ती, विद्रोह ल्याउने काम गर्नु हुँदैन के यस्तै मात्र हो त बहुमतको सरकारको काम। त्यसैले पार्टी एकता अफैमा धरापमा परी रहेको बेला बहुमतको सरकारले देश र जनताका पक्षमा नैतिक र इमान्दरी पूर्वक काम गरेमा मात्र ठिक हुनेछ।

# थारुहरुको खिचरी/माघी पर्व नयाँ वर्षको रुपमा



**इनर महतो**

नेपाल वहुजातीय ,वहुभाषिक ,वहुधार्मिक,वहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा एकता भएको स्वतन्त्र तथा अखण्ड राष्ट्र हो । अर्थात नेपाल विभिन्न जातजातिहरुको सङ्गम स्थल हो। यहाँका सबै जातिहरुको आफ्नै मौलिक भाषा,धर्म,संस्कृति परम्परा र चाडपर्व रहेका छन् । वर्तमान नेपालको संविधानले पनि मौलिक हक अन्तर्गत प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक ,सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक भाषा लिपि सांस्कृतिक सभ्यता र सम्पदा संवर्द्धन र संरक्षण गर्ने हक सुरक्षित गरेको छ।

नेपालका वर्तमान जातजातिहरु मध्ये थारु जाति पनि एक प्रमुख आदिवासी तथा मूलवासीको रुपमा रहको छ। थारु जातिको पनि अन्य आदिवासी जनजातिहरु जस्तै आफ्नो मौलिक जातीय पहिचान दिलाउने भाषा संस्कृति चाडपर्व र संस्कारहरु रहेको छन्। संविधान प्रदत्त मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै समुन्नत राष्ट्र बनाउने राज्यको दायित्व हो तर संविधानको उक्त मर्म अनुरुप राज्यको निर्देशक सिद्धान्तको अनुसरण कार्यान्वयन भएको पाइदैन। राज्यको उदासिनता थारुजातिको अचेतना र अन्य जातिप्रतिको मोह र पश्चिमी संस्कृतिको स्वतन्त्र प्रवेशले थारुहको मौलिक भाषा संस्कृति परम्परा चाडपर्व सुषुप्त हुँदै गइरहेको छन् । यही सुषुप्तता र लोपोन्मुखताको क्रम बढ्दै गएमा थारु जतिको अस्तित्व नै लोप हुने कुरा निर्विवाद छ।

थारु जातिको भाषा संस्कृतिको चाडपर्व संस्कारप्रति राज्यले उदासिनता देखाएता पनि संरक्षण संवर्द्धन विकास र सदुपयोग गर्नु हामी सबै थारु तथा नेपालीहरुको दायित्व र कर्तव्य हो । थारुहरुको विभिन्न चाड पर्वहरु मध्ये खिचरी (माघी) पनि एक प्रमुख तथा ऐतिहासिक जातीय पहिचान दिलाउने राष्ट्रिय चाड हो। यस प्रकारको जातिय तथा राष्ट्रिय महत्व बोकेको खिचरी (माघी) पर्वको संरक्षण, संवर्द्धन विकास किन नगर्ने ? यस चाडलाई नयाँ वर्षको रुपमा किन नमान्ने ? खिचरी माघीलाई ऐतिहासिक चाडको रुपमा सबै थारुहरुले परम्परा अनुरुप मान्दै आएकोमा अध्ययनबाट प्राप्त तथ्यले थारु पहिचान र प्रमुख राष्ट्रिय चाड तथा नयाँ वर्ष रुपमा थारु लगायत सम्पूर्ण नेपालीहरुले मनाउनु पर्ने आवश्यकताको वोध गराएको छ।

खिचरी, खिचरा र माघी शब्द एउटै अर्थ र चाड बुझाउने शब्द हुन् । भूगोल र ठाउँ अनुसार उही चाडलाई फरक फरक प्रयोग गरेको पाइन्छ जुन प्रत्येक वर्ष माघ १ गते पर्दछ।

**खिचरी शब्दको अर्थ र पर्वको नामकरण**

- थारु भाषाको शब्द ' खिचरी ' नवलपुरको भाषा नेपाली भाषा शब्द ' खिचडी ' को अर्थ विभिन्न खाद्यान्न वस्तुको मिसावाट तयार पारिएको पकवान वा खाना हो भन्ने बुझिन्छ ,खिचरी पर्वमा थारुहरुले दाल भात वा चिचर ध्यु , बेसार, लसुन मिसाएर बनाएको खानासँग माछा , मासु खाने भएकाले ' खिचरी ' पर्व नामकरण हुन गएको हो भन्ने भनाई छ।
- खिचरीमा पर्वमा थारुहरुले विशेष तथा अनिवार्य रुपले चिचर ( अनदी धानको चामलबाट पकाइने खाना) खाने भएकाले चिचर शब्द अपभ्रशं भई खिचर र खिचरबाट खिचरी पर्व नामाकरण हुन गएको अनुमान



गरिन्छ ।
● खिचरी पर्व माघ १ गतेले दुइ वटा महिना पुष र माघ तथा सूर्यको गति दंक्षिणायन र उतरायणलाई खिचेर एक ठाउँमा ल्याउने भएकाले दुई महिना र सालको सङ्गम समयको रुपमा खिचरी पर्व मान्न थालिएको हो ।

**खिचरी पर्व व्यवस्थित तरिकाले मनाउनु पर्ने आवश्यकता तथा महत्व**

खिचरी पर्व थारुहरुले कहिले देखि मान्दै आए भन्ने कुरा य किन गाह्रो र अध्ययनको विषय नै रहेको छ तर खिचरी पर्व थारुहरुले नयाँ वर्षको रुपमा माघ १ गतेलाई मान्ने भएको र सोही दिन देखि सूर्य दक्षिणायनबाट उतरायण तर्फ गमन हुने भएकाले खिचरी पर्व पनि थारुहरुको उत्पत्ति कालदेखि मनाउन थालिएको हो भन्ने कुरा अनुमान गर्न सकिन्छ । यसरी मान्दै आएको चाड पर्व व्यवस्थित तरिकाले मनाउनु पर्ने आवश्यकता र महत्व निम्नानसार प्रष्टयाउन सकिन्छ ।

१. खिचरी पर्व नयाँ वर्षको ऐतिहासिक पृष्ठ भूमि सूर्यको गतिको स्थान परिवर्तसँग जोडिएकोले थारुहरु प्रकृति पुजक हुन भन्ने कुरा वोध गराउन ।
२. खिचरी पर्वलाई नयाँ वर्षको रुपमा मनाउन ।
३. थारुहरुको चाडपर्व वैज्ञानिक प्रमाणिक छन् भन्ने कुरा आम जन समुदायलाई अवगत गराउन ।
४. यो पर्व सम्झौता ,सहमति ,सहिष्णुता स्वतन्त्रताप्रति प्रतिबद्ध हुने दिन हो भन्ने समुदायलाई अवगत गराउन ।
५. खिचरी पर्व नयाँ वर्षको गरिमा बढाउन ।
६. जातीय तथा राष्ट्रिय पहिचान उजागर गर्ने ।
७. खिचरी पर्वमा गरिने कर्म तथा पूजा पाठ ह्रास हुँदै गइरहेकोले सोको जगेर्ना गर्न ।
८. खिचरी पर्वमा खाइने खानाका परिकारहरुको महत्व फाइदा वारे जानकारी दिन तथा व्यवसायिकरण कार्यमा उपयोग गर्न ।
९. आम थारु समुदाय नेपालीलाई खिचरी माघी पर्वमा सक्रिय सहभागी गराउन ।
१०. खिचरी पर्वमा गाईने गीत नाच लोप हँदै गईरहेकाले सोको संरक्षण , अभ्यास तथा समयानुकूल विकास गर्न ।
११. खिचरी पर्व युवा तथा नयाँ युगलाई हस्तान्तरण गर्न र जीवन्तता प्रदान गर्न ।
१२. खिचरी पर्वमा खर्च कटौती गरी मितव्ययी ढंगबाट हर्षोल्हाससाथ मनाउन प्रेरित गर्न ।
१३. नयाँ वर्षको शुभकामना आदान प्रदान तथा थारु एवम् आम नेपालीहरुमा भ्रातृत्वको भावना विकास गर्न ।
१४. नेपालको प्रमुख चाडको रुपमा राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्न ।



**खिचरी पर्व नयाँ वर्षको रुपमा**

थारुका विभिन्न चाड पर्वहरु मध्ये खिचरी पर्वलाई नयाँ वर्षको रुपमा मनाउने भन्ने कुरा आफैमा खुशी र गर्वको कुरा हो । खिचरी पर्व नयाँ माघ १ गते मात्र होइन यो सहमति ,स्वतन्त्रमा , सहिष्णुता , प्रतिवद्धता पहिचान भातृत्व विकास गर्ने पर्व पनि हो । खिचरी पर्व नयाँ वर्ष पनि हो भन्ने कुरा निम्न तथ्यहरुबाट थाहा पाउन सकिन्छ ।

१. माघ १ बाट सूर्यले दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्ध अथात् दक्षिणायनबाट उत्तरायणतर्फ परिवर्तन गर्ने भएकाले उक्त दिनलाई नयाँ वर्ष खिचरी पर्वको रुपमा मनाउन थालिएको हो ।
१ . पूँजीवादी , सामन्तीदास युगमा किसानहरु उनीहरु कहाँ बधुँवा मजदुरको रुपामा काम गर्दथे । स्वतन्त्रताको लागि मजदुर किसान र पूँजीपति सामन्ती बीच द्धन्द्ध तथा सङ्घर्ष चल्दै जाँदा माघ १ गते सबै मजदुर किसानहरु पुजीपति सामन्तीबाट छुटकारा मुक्ति पाएकाले उक्त दिनलाई स्वतन्त्रताको दिन तथा खिचरी पर्व र नयाँ वर्षको रुपमा मनाउन थालिएको हो ।
३. जमिन्दारी प्रथाको समयमा हली ,हरुवा,चल्हुवा कमैयाहरुको जमिन्दार कहाँ काम गर्ने वार्षिक सम्झौता पौष मसान्तसम्म मात्र हुने र माघ १ गते खिचरीको दिन नयाँ जमिन्दार परिवर्तन गर्ने वा सम्झौता नविकरण गर्ने दिन भएकाले यस खिचरी पर्वको दिनलाई नयाँ वर्ष रुपमा मनाउन थालिएको हो ।
४. राजमणि मुकुन्द सेन तथा उनका वंशजहरुले शासन गर्ने तराईका जिल्लाहरुका थारुहरुलाई तत्कालीन समयमा स्वतन्त्रपूर्वक आफ्नो चाड पर्व धर्म संस्कृति मान्ने खेती किसानी गर्ने अधिकार थिएन । तत्कालीन समयमा थारुहरुले सङ्घर्ष गर्दागर्दै माघ १ बाट स्वतन्त्रपुर्वक चाड पर्व धर्म संस्कृति मान्ने तथा खेती किसानी गर्ने अधिकार पाएकाले यस दिनलाई स्वतन्त्रताको दिन तथा नयाँ वर्षको रुपमा मनाउन थालिएको हो ।
५. भूमिपुत्र थारुहरुको प्राचीनतम मुख्य पेसा कृषि हो । हलो ,कोदालो, हँसिया , खुपी, बन्चरो , गाडा , हेङ्गा, जातो आदी थारुहरुका प्रमुख कृषि औजार र साधनहरु



हुन । धान मुख्य खाद्यान्न बाली भित्र्याउनु अगावै पर्ने चाड सोहराई (तिहार)मा ती कृषि औजार र साधनहरुलाई पूजा पाठ गरि केही समय विश्राम दिने मान्यता अनुरुप थन्काउने गरिन्छ । ती कुषि मध्ये कुषि औजार हलो लाई माघ १ गते घरबाट निकाली ३ फेरो जोती खेतीपातीको नयाँ वर्षको सुरुवात गरिने भएकाले माघ १ गतेलाई नयाँ वर्षको रुपमा मनाइन्छ ।

६. पहेला चमक , आशा , खुशी , सकरात्मकता , आलोक ज्ञान ,शक्ति र सम्मानको रङ्ग हो । थारुहरुले खिचरी पर्व माघ १ गते पकाउने हरेक खानाका परिकारहरुमा सोको प्रतीक स्वरुप बेसार मिसाउने भएकोले नयाँ शक्ति सम्मान ज्ञान खुशी सकरात्मक आशा स्वरुप खिचरी पर्वलाई नयाँ वर्षको रुपमा मान्न थालिएको हो ।

७. पहिले पहिले थारु जातिहरुमा लौठा (नयाँ) चिचर ढकियामा राखी विवाहित छोरी र नयाँ बन्ने दुलहीलाई पहुरा पाहुर दिने चलन रहेको थियो । हाल पनि थारु जातिमा टिका टालो (इङगेजमेन्ट) गर्दा दिने चलन रहेको छ । खिचरी पछि दिएको चिचरलाई वर्षको नयाँ चिचर भन्ने गरिन्छ । त्यसैले नयाँ बन्ने जोडीको लागि पनि नयाँ वर्ष हो ।

८. तत्कालीन बडा महाराजधिराज पृथ्वी नारायण शाहले नेपाल एकिकरण गरिसकेपछि रैतीहरुलाई माघ १ गते बाइसे चौबीसे राजा रजौटाहरुको पन्जाबाट मुक्त गरिदिएकाले माघ १ गतेलाई नयाँ वर्षको रुपमा मनाउने थालिएको हो ।

९. थारु समुदायमा माघ १ गते पश्चात भाइहरुमध्येबाट घरमुली छान्ने , गाउँको प्रमुख व्यक्ति छान्ने तथा कृषि र अन्य कार्यहरुको लगि नयाँ योजनाहरु ब्नाउने परम्परा रहेकाले खिचरी पर्व माघ १ गते लाई नयाँ वर्षको रुपमा मनाउन थालिएको हो ।

**खिचरी पर्व र हाम्रो दायित्व**

नयाँ वर्ष माघ १ गते खिचरी पर्व शान्ति स्वतन्त्रता मुक्ति ,खुशी ,भविष्यको आशा भरोसा र आलोकको पर्व हो र थारु तथा हामी सबै नेपालीहरुको महान चाड तथा नयाँ वर्ष हो । यस नयाँ वर्ष र पर्वमा हाम्रो दायित्व र कर्तव्य यस प्रकार उल्लेख गर्न सकिन्छ ।

१. प्रत्येक घर घरमा हाम्रो परम्परा र प्रचलन अनुसार ईष्टमित्र नाता कुटुम्ब बोलाई मनाउने ।

२. खिचरी पर्वमा जातीय परम्परा अनुसार पूजापाठ गर्नु साथै सबै मिलि गीत नाच गर्ने ।

३. व्यक्तिहरु बीच शुभकामना आदान प्रदान गर्ने ।

४. मितव्ययी ढङ्गबाट चाड मान्ने ।

५. खिचरी पर्व नयाँ वर्षको औचित्यता स्पष्ट गर्ने ।

६. नयाँ कामको लागि नयाँ योजना तर्जुमा र कार्य शुभारम्भ गर्ने ।

७. यस पर्वको लागी राज्यको ध्यान आकर्षित गर्ने ।

८. थारु सङ्घ संस्थाहरुले संस्कृति झल्काउने कार्यक्रम आयोजना गरी शुभकामना आदान प्रदान गर्ने ।

९. स्थानीय , राष्ट्रिय र अन्तराष्ट्रिय संचार माध्यममार्फत खिचरी पर्व नयाँ वर्षको प्रचार प्रसार गराउने ।

१०. आफ्नो संस्कृति तथा चाड पर्वप्रति गर्व महसुस गर्ने ।

११. खिचरी पर्व हाम्रो सान र पहिचान हो भने कुरामा प्रतिवद्ध रहने ।

यस लेखमा खिचरी पर्व कति दिन कसरी कुन खाना परिकार विधि अनुसार मनाउने कुरा समेटिएको छैन । अन्त्यमा यस पर्वको आवश्यकता महत्व औचित्य बुझी आ आफ्नो क्षेत्रबाट दायित्व र कर्तव्य पुरा गर्नु हुनेछ भनी अपेक्षा गरिएको छ ।

लेखक आदिवासी तथा थारु सङ्ग्राहालयका अध्यक्ष हुन् ।

# समाजको उन्मुक्ता: आधुनिकता कि बिकृति ?



उदय राना मगर

जीवन र जगत सम्बन्धी सत्य तथा सामाजिक चेतनाको रूप वा सामाजिक उपयोगितामा आधारित मूल्यको खोज नै दर्शन हो । पूर्वीय दर्शनले आत्मिक सुख, आर्शिवाचन, अरूको भलो गर, आत्मानुशासन, आफैभित्र संसार खोज्ने अभ्यास गर्नु र न्याय र समानता जस्ता आधारभूत पक्षलाई समेटेको छ।

पूर्वीय दर्शन नेपाली संस्कार र संस्कृतिको द्योतकको रुपमा रही आएको छ। नेपालको संस्कृतिको विकासमा गोपालवंश, महिषपाल, किराँतकाल, लिच्छवि, मल्लकालदेखि आधुनिक कालसम्म आइपुग्दा विभिन्न उतारचढाव हुँदै आएको पाइन्छ । इसाको पहिलो इतिहासदेखि नवौं इतिहासमा लिच्छविकालीन शासनको उपज नै नेपाली समाजको आधारस्तम्भ हो ।

लिच्छविकालमा केन्द्रदेखि ग्रामसम्मको प्रशासनिक व्यवस्था गरेको र हिन्दु तथा बौद्ध धर्म तथा दर्शनमा आधारित सांस्कृतिक एवम् सामाजिक संरचना, लिच्छवि लिपि र संस्कृत भाषा, धार्मिक सहिष्णुताको साथै विभिन्न प्रथा, चाडपर्व जस्ता प्रमुख सांस्कृतिक मूल्य र मान्यताका आधारमा नै नेपाली समाज र सस्कृतिको विकास हुँदै आएको हो । नेपाली संस्कृति लोकजीवनमा पनि आधारित छ। त्यसैले साहित्य, संगीत, कला लोकसंस्कृतिको मूल स्रोतको रुपमा नेपाली संस्कृतिलाई लिइन्छ।

नेपाली जनजातिका मौलिक सांस्कृति र परम्परा यस मुलुकका सांस्कृतिक सम्पदा हुन् । वैदिक सनातनका मूल्य मान्यता र परम्परा नेपालमा मार्गदर्शक सिद्धान्त बन्दै आएका छन् । नेपालमा बसोबास गर्ने प्रत्येक जातजाति समुदायमा कुनै न कुनै रूपमा पूर्वीय दर्शनको प्रभाव छ। नेपाली संस्कार र संस्कृति हिन्दु धर्म सोही दर्शनका आधारमा प्रचलनमा रही आएको छ।

नेपाली समाज रुपमान्तरणको क्रममा अहिले चरमविन्दुमा पुगेको भान हुन्छ । हुन त रुपमान्तरित समाज कति उँचोमा पुगेपछि नुहिन्छ भनेर आकलन गर्न गाह्रो नै होला तर हाम्रो धार्मिक दर्शनको भनाई मान्ने हो भने अव कलियूगको प्रारम्भ भैसकेको छ।

समाजमा विकासको नाममा हुने गरेको विकृतिले विनासको आमन्त्रण गरिरहेको छ भन्न सजिलै सकिन्छ। ५० वर्ष पहिलेको नेपाली समाज र अहिलेको नेपाली समाजलाई हेर्दा यो बाटोतर्फ समाज जाँदैछ कि भनेर अनुमान गर्न कठिन छैन। विज्ञान र प्रविधि प्रयोगले समाजलाई त्यसतर्फ धकेल्न सहज बनाएको छ। परिवर्तनकारी समाजको दृष्टान्तलाई हेर्दा परिवर्तनको गन्तव्य सहि छ वा गलत भनेर छुट्याउन हम्मे नै परेको छ। यो कुरालाई हाम्रो समाजमा नै घटित केही दृष्टान्तले पुष्टि गर्दछ।

एकजना मित्र जो आफूलाई अमेरिकी संस्कारमा २० वर्षसम्म बसेर नेपाल फर्केर आएको बताउँछन् । पश्चिमी समाज र संस्कृतिलाई राम्रोसँग बुझेको मेरो मित्र त्यही संस्कृति नै नेपालको समृद्धिको लागि आवश्यक बताउँछन् ।

तर एक दिन मित्रसँगको छोटो बसाईको क्रममा उसले साटेको अनुभवले मेरो आङ नै सिरीङ्ग हुन्छ । नेपाली चेलीहरु पतिको सतित्वमा बस्नु धर्म हुने कुरामा संस्कारकै रुपमा लिने गरेका छन् । मित्रको श्रीमती पनि नेपाली नै भएकोले त्यो संस्कार भन्दा फरक संस्कारमा पक्कै हुर्केको होइन होला। तर दुई साथीबिचको सल्लाह बमोजिम श्रीमती साटेर




रम्ने योजना बुनेर यो कार्य गरेको अनुभव मसँग निसंकोचका साथ सुनाउँछन् ।

होला, यो संस्कार पश्चात्य मुलुकमा बस्नेको लागि सामान्य हुन सक्ला तर हाम्रो जस्तो पूर्वीय दर्शनबाट प्रशिक्षित समाजको लागि यो विषय सोंच्न सक्ने कुरै होइन । हाम्रो समाजले खोजेको संस्कृतिको विकास यहि हो त किमार्थ होइन । यसलाई विकसित समाजको दृष्टान्त मानेर यसको अवलम्वन गर्ने हो भने हाम्रो समाज भोलिका दिनमा कहा पुग्ला ?

अर्को दृष्टान्तको रुपमा एक जना मित्रको श्रीमतीसँग स्वास्थ्यको कारणले गर्दा सम्बन्ध राम्रो छैन । श्रीमती उनको स्वास्थ्यको कारण श्रीमानको यौन प्यास मेटाउन असक्षम छ । यहि कमजोरीको फाइदा उठाउँदै उसले श्रीमतीलाई बाध्य बनाएर केटी साथी राख्न पाउने अनुमति लिन्छ । त्यतिमात्र कहाँ हो र घरमा नै सबै छोरा छोरीको अगाडि केटीसाथी राख्ने गरेको कुरा सुनाउँछ । तिनको श्रीमती अनि छोराछोरी सबैले बाबाको खुशीको लागि उनको केटीसाथीलाई स्वीकारेको अवस्था रहेछ । श्रीमानको खुशीको लागि श्रीमतीले मुटु माथि ढुंगा राखेर यो बाध्यताको माखे साङ्लोमा बाँधिन बाध्य रहेछन् ।

समाजमा यो र यस्ता दृष्टान्त कैयौं छन् । तर हाम्रो बन्द समाज भित्र गुम्सिएका यस्ता घट्नाहरु प्रसस्त छन् भनेर आँकलन गर्न सकिन्छ । के हाम्रो समाजले पनि यो सस्कारलाई सही हो भनेर मान्ने हो भने हाम्रो समाजको समुन्नति होला त ? म त यो तर्कसँग सहमत छैन । हाम्रो विकासको बाधक हाम्रा धार्मिक संस्कार होइन । हामीमा विकास हुँदै गरेको कुसंस्कार नै हो भनि दावा गर्दछु । त्यसको अतिरिक्त आधुनिकताको नाममा फेरी पनि समाजमा महिला नै प्रताडित हुनुपर्ने हो भने हामीलाई त्यो सस्कार स्वीकार्य छैन ।

लिभिङ टुगेदर यानकी सँगै बस्ने यो प्रथा पनि पश्चिमी संस्कृतिको उपजको रुपमा नेपालको शहरी क्षेत्रमा भित्रिइ सकेको छ । अहिले शहरिया युवायुवती शहरमा सँगै एउटै कोठामा बस्ने गरेको पाइन्छ । यसरी विवाह नगरीकन सँगै बस्ने सस्कार हाम्रो होइन । यसरी बस्दा गैरकानूनी रुपमा बच्चा जन्मने र ती बच्चाहरु कि त मृत्यूको शिकार हुने कित उनीहरुको आमा बाबुको पहिचानमा कानुनी समस्या आउने गरेको छ । यो कार्य कानुनी आधारमा दण्डनीय पनि छ । तर शहरी जीवनशैलीले यो विकृतिलाई अपनत्व लिन थालेकोले यो थप जटिल बनेर आएको छ । नेपाली सस्कार र कानुनले समेत नमान्ने यो संस्कारकै कारण गर्दा शहरीया जीवन थप




जटिल बन्दै आएको छ । आगामी दिनमा यो प्रथा भयाभहको रुपमा नै आउने निश्चित प्रायः छ ।

नेपाली समाजको राम्रो पक्ष भनेको आत्मीयता र अपनत्व लिने संस्कार पनि हो तर आज यो सस्कार धारासायी हुँदै गएको छ । आफ्ना तथा पराई कोही नभई सबैमा आफ्नै परिवारभित्रको सदस्यझैं माया, सम्मान र आदार गर्ने संस्कारी स्वाभाव नेपाली समाजको हो । यो संस्कारमा पनि बादल लाग्न थालेको छ । एकांकी समाजको रुपमा नेपाली समाजको विकास र विस्तार हुँदै जान थालेको छ । बाबा आमाले कमाएको सम्पत्ति हड्प्ने र पछि उनीहरुलाई बुढेसकालमा घरबाट निकाल्ने गरेको धेरै उदाहरण पाइन्छ । उनीहरुलाई पाल्नै परे बृद्धाश्रममा लगेर राख्ने चलन नेपालमा पनि सुरु भइसकेको छ । बृद्धाअवस्थामा बढी स्याहार सुसार गर्नुपर्ने समयमा घरबाटै बाहिरीनु पर्ने नेपाली संस्कार होइन । यो पश्चिमी सस्कारको सिकाइको रुपमा नेपाली समाजमा भित्रिइसकेको छ । आज धेरै जेष्ठ नागरिकहरु सडकका पेटी र बृद्धाश्रममा देख्न सकिन्छ । आफ्ना बाबा आमा प्रतिको दायित्व समेत निर्भाह नगर्ने संस्कार विकास र बिस्तार हुँदैछ । यसलाई पनि नेपाली समाजमा स्खलित संस्कृतिको रुपमा लिन सकिन्छ ।

त्यसैगरी आत्मीयता र अनुभवको साटासाट गर्ने हाम्रा सस्कार नेपाली समाजको अर्को गहना हो । नचिनैकै जो कोही भएपनि एकआपसमा चिनजान गर्ने र अनुभवको साटासाट गर्ने हाम्रो सस्कार विश्वले नै नमुना मान्ने गर्दथ्ये । मानौं एउट छोटो दूरीको बसको यात्रा गर्दा पनि सँगै सीटमा बसेका सँग चिनजान गर्ने र अनुभवको साटासाट गर्ने र छोटो समयको चिनाइलाई दिगो बनाई राख्ने जस्ता आत्मीयता प्रदर्शन गर्ने संस्कार नेपालीमा थियो । यसवाट आत्मीयता बढ्नुको साथै एकअर्कालै जानेको ज्ञानको प्रसार छिटै हुने गर्दथ्यो तर आज नेपालीहरुको हरेक घरका सदस्यहरु बिच पनि बोलचाल कम हुन थालेको छ अनुभव साट्ने कुरा त हुँदै हुँदैन । मोबाइल लगायतको उपकारणलाई पश्चिमी समाजको विकास मान्ने हो भने यसले हाम्रो आत्मीयता साट्ने संस्कारलाई क्षयीकरण गर्दैछ ।

नेपाली समाजमा हुर्कँदै आएको पश्चिमी संस्कृतिको प्रभावले नेपाली समाजमा केही विकृति समेत भित्रिइ सकेको हुँदा यसवाट नेपाली समाजलाई बचाउन आवश्यक भैसकेको छ । नेपाली समाजको जग नै पूर्वीय दर्शन भएकोले नेपाली समाज र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नका लागि यसको प्रशिक्षण आवश्यक छ । यसको साथै नेपाली समाजमा पश्चिमी संस्कृतिको नाममा मौलाउँदै आएका विकृतिहरुलाई हटाउँदै राम्रा र अनुसरणयोग्य संस्कार र संस्कृतिलाई सँगै लिएर अगाडि बढ्नु पर्छ । यसो भएमा नेपाली संस्कारको पनि जगेर्ना हुन जाने र आधुनिकतालाई समेत सँगै लान सकिने हुँदा यस तर्फ सबैको ध्यान जान आवश्यक छ ।

(लेखक उदय रानामगर झापाका प्रमुख जिल्ला अधिकारी हुन् ।)

# इण्डोप्यासिफिक रणनीति र एमसीसी



मोहनविक्रम सिंह

एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेशन) इण्डोप्यासिफिक रणनीति (आईपीएस) को अङ्ग भएको कुरा स्वयं अमेरिकाले नै स्वीकार गरिसकेको छ। त्यस सन्दर्भमा काठमाडौँस्थित अमेरिकी राजनीतिक दुतावास र अमेरिकी असिस्टेन्ट सेक्रेटरी मिसेस एलाइस वेलका वक्तव्यहरू उल्लेखनीय छन्। त्यसरी कुरा आधिकारिक रूपमा नै प्रष्ट भइसकेपछि पनि नेपाल सरकारले त्यो आईपीएस रणनीतिको अङ्ग होइन भनेर प्रमाणित गर्ने जुन प्रयत्न गरिराखेको छ, त्यो हास्यास्पद छ र निराधार छ। त्यसप्रकारको व्याख्याका आधारमा सरकारले एमसीसीलाई संसदद्वारा पारित गराउने जुन प्रयत्न गर्दै छ, त्यसले, नेपाललाई स्पष्ट रूपले नै अमेरिकी साम्राज्यवादको क्याम्पमा लैजाने छ र नेपालको स्वतन्त्र र असंलग्न परराष्ट्र नीति समाप्त हुनेछ।

आईपीएस रणनीति वास्तवमा नर्थ एटलान्टिक ट्रिटी अर्गनाइजेशनको एउटा नयाँ रूप हो। पहिले अमेरिकाले सोभियत सङ्घलाई घेर्नको लागि त्यो सैनिक सङ्गठन बनाएको थियो। अहिले अमेरिकाले चीनलाई घेर्नको लागि आईपीएस रणनीति बनाएको छ। अमेरिका र चीन दुवै साम्राज्यवादी देश हुन् र अहिले अन्तर्राष्ट्रिय स्तरमा नै उनीहरूका बीचमा प्रतिस्पर्धा चलिरहेको छ। सामान्य रूपले हेर्दा त्यो प्रतिस्पर्धा आर्थिक रूपमा चलिरहेको जस्तो देखिन्छ। तर, त्यसका साथै त्यो प्रतिस्पर्धा राजनीतिक र सैनिक रूपमा पनि चलिरहेको छ। त्यो प्रतिस्पर्धा हुने बेला राजनीतिक वा सैनिक रूपमा विस्फोट भयो भने पनि त्यो आश्चर्यको कुरा हुने छैन। बताइरहनुपर्ने आवश्यकता छैन कि आजको युगमा कुनै दुईवटा देशका बीचमा चल्ने युद्धको असर खाली युद्ध र ती देशहरूमा मात्र होइन, त्यो असर विश्वव्यापी रूपमा पर्दछ। त्यसकारण संसारको कुनै पनि भागमा चल्ने युद्ध विश्व शान्तिका विरुद्ध हुने कुरा स्पष्ट छ।

चीन र अमेरिका बीचको प्रतिस्पर्धाले कुन रूपमा विकास गर्छ रु त्यो सामान्यतः ती दुई राष्ट्रहरू बीचको चासोको विषय हुन सक्दछ। तर, त्यो उद्देश्य पूरा गर्नको लागि अमेरिकाले आईपीएस क्षेत्रका सबै देशहरूलाई आफ्नो राजनीतिक प्रभावअन्तर्गत ल्याउने वा चीनको घेराबन्दीका विरुद्ध उनीहरूलाई उपयोग गर्ने प्रयत्न गरिरहेको छ। आईपीएस रणनीतिको मुख्य उद्देश्य पनि त्यही हो। त्यही क्रममा त्यसले नेपालमा एमसीसीलाई अगाडि बढाएको छ। सामान्य रूपले हेर्दा त्यो एउटा विकास कार्यक्रम मात्र हो। अहिले सरकारले पनि त्यसलाई समर्थन गर्न खोज्ने बेलामा त्यही कुरामा जोड दिइरहेको छ। तर त्यसको वास्तविक उद्देश्य आईपीएस रणनीतिको सेवा गर्ने नै हो। त्यसको अर्थ दुईवटा हुन्छन् : प्रथम, चीनका विरुद्धको घेराबन्दीमा यो क्षेत्रका सबै देशहरूलाई उपयोग गर्नु। द्वितीय, त्यो उद्देश्य पूर्तिका सिलसिलामा यो क्षेत्रका सबै देशहरूलाई आफ्नो क्याम्पमा सामेल गराउनु। त्यसरी एमसीसीको उद्देश्य पनि अमेरिकी साम्राज्यवादको सेवा गर्नु नै हो। त्यससित जोडिएको विकास कार्यक्रम उपरी, वाह्य र गौण मात्र हो।

अमेरिका र चीन दुवै साम्राज्यवादी देश हुन्। तर त्यसको अर्थ ती दुवै देशलाई समान कक्षमा राखेर विरोध गर्नु सही हुन्छ भन्ने होइन। इतिहासका बेग्लाबेग्लै कालखण्डमा संसारका बेग्लाबेग्लै भागमा बेग्लाबेग्लै देशहरूको विशेष प्रकारको भ-राजनीतिक स्थितिमा बेग्लाबेग्लै साम्राज्यवादी देशहरूसितको अन्तर्विरोधहरू कम वा वेशी मात्रामा देखापर्ने गर्दछन्। त्यही कुरा अमेरिकी र चिनियाँ साम्राज्यवादी देशहरूबारे पनि लागू हुन्छ। अमेरिका आजको संसारको सबैभन्दा शक्तिशाली तथा सम्पूर्ण मानवजातिको नै एक नम्बरको दुश्मन हो। खास गरेर अहिले ट्रम्पको नेतृत्वमा त्यो अरू खतरनाक रूपमा देखापरेको छ। तर त्यही कुरा चीनको सन्दर्भमा लागू हुँदैन। त्यस अर्थमा हामीले जति जोड अमेरिकी साम्राज्यवादको विरुद्धको सङ्घर्षमा दिन्छौँ, त्यही प्रकारको जोड चीनको विरुद्ध दिनुपर्ने स्थिति उत्पन्न भएको छैन। त्यस अर्थमा अमेरिकी साम्राज्यवादको तुलनामा चिनियाँ साम्राज्यवादसितको सङ्घर्षको पक्ष कम हुन जान्छ। त्यसलाई अर्को कोणबाट पनि हेर्नुपर्ने आवश्यकता छ। अब भारत पहिले जस्तो खाली विस्तारवादी देश मात्र रहेको छैन र त्यो साम्राज्यवादी देश बनिसकेको छ। तर नेपालप्रति भारतले जति धेरै हस्तक्षेप र अतिक्रमण वा नाकाबन्दी समेत गर्दै आएको छ, नेपालको भूराजनीतिक स्थितिमाथि विचार गर्दा भारतीय साम्राज्यवादको तुलनामा

चिनियाँ साम्राज्यवादसितको हाम्रो अन्तर्विरोध धेरै नै कम हुन जान्छ ।

त्यति मात्र होइन, भारतीय साम्राज्यवादको बढ्दो हस्तक्षेप वा अतिक्रमणको सन्दर्भमा वा गतकालमा नेपालका विरुद्ध त्यसले बारम्बार लगाउने गरेको नाकाबन्दीको सन्दर्भमा चीनसितको मैत्री-सम्बन्धले नेपालका लागि सकारात्मक महत्व राख्दछ। त्यसैले गतकालमा नेपालमा चीनसित जेजति पनि मैत्री सन्धिहरू भएका छन्, जसमध्ये राजा महेन्द्रले कोदारी र पूर्वपश्चिम राजमार्ग समेतको निर्माणको लागि चीनसित गरेको सन्धि पनि आउँछ,लाई पनि सकारात्मक रूपमा लिने गरेको छ । त्यसको पूर्ण अर्थ यो हुन जान्छ कि अमेरिका र भारत दुवै साम्राज्यवादी देशहरूको तुलनामा चीनसितको हाम्रो देशको अन्तर्विरोध गौण पक्ष बन्न जान्छ । अर्को शब्दमा, अमेरिकी र भारतीय साम्राज्यवादका विरुद्ध सङ्घर्षको पक्षमा हामीले बढी जोड दिनुपर्ने आवश्यकता छ भने चीनसित मैत्री सम्बन्धको विस्तारमा बढी जोड दिनुपर्ने आवश्यकता छ । यसरी विचार गर्दा नेपाल सरकारले चीनसित सडक, यातायात समेतको विस्तारको लागि जुन पहल गरिरहेको छ, त्यसलाई हामीले सकारात्मक रूपमा लिन्छौँ ।

माथि जे भनियो, त्यसको अर्थ चीनसित हाम्रो कुनै पनि अन्तर्विरोध छैन भन्ने होइन । लिपुलेकसम्बन्धी चीन र भारतका बीचमा भएको सन्धिको उदाहरण हाम्रा अगाडि छ । त्यहाँ ती दुवै देशहरूले नेपालको सार्वभौमिकताको हनन गरेर सन्धि गरेका छन् । त्यही प्रकारले आउने दिनमा चीनले अरू विभिन्न प्रकारले हस्तक्षेप गर्ने सम्भावनालाई पनि पूरै अस्वीकार गर्न सकिन्न । जब त्यसप्रकारको कुनै स्थिति उत्पन्न हुन्छ, हामीले दृढतापूर्वक त्यसको विरोध गर्नुपर्नेछ र गर्नुपर्दछ। तर, भारतले सात दशकदेखि सिलसिलेवार रूपमा नेपालमाथि जसरी हस्तक्षेप वा अतिक्रमण गर्ने तथा नाकाबन्दी लगाउने काम गर्दै आएको छ, त्यसको चीनसित तुलना हुन सक्दैन । त्यसैले समग्र रूपमा चीनसित मैत्री सम्बन्धले नै बढी महत्व राख्दछ भन्ने कुरामा हामीले बारम्बार जोड दिँदै आएका छौँ ।

यस्तो देखिन्छ कि सरकारले एमसीसीलाई समर्थन गर्ने कार्यलाई अत्यन्त हल्का, अपरिपक्व र अदूरदर्शीतापूर्ण रूपमा लिएको छ । सर्वप्रथम त त्यसले यो कुरामा ध्यान दिएको पाइन्न कि त्यसको परिणामस्वरूप, अर्थात् एमसीसीलाई समर्थन गर्नुको परिणामस्वरूप नेपालको स्वतन्त्र र असंलग्न परराष्ट्र नीति समाप्त हुनेछ । त्यो अवस्थामा नेपाल, जस्तो कि माथि पनि भनियो, नेपाल अमेरिकी साम्राज्यवादको क्याम्पमा मिल्न जानेछ, त्यसको परिणामस्वरूप चीनसितको नेपालको मैत्री सम्बन्धमा नकारात्मक वा प्रतिकूल असर पर्नेछ । विश्वका अन्य देशहरूका आँखाका अगाडि पनि नेपाल अमेरिकाको पिछलग्गू देशको रूपमा देखापर्नेछ।

एमसीसीको साम्राज्यवादी र सैनिक स्वरूप बाहेक त्यसलाई जुन रूपमा अगाडि ल्याइएको छ । त्यसको कार्यान्वयनको सन्दर्भमा जुन शर्तहरू समावेश गरिएको छ, ती पनि असमान र गम्भीर प्रकारले आपत्तिजनक छन् । उदाहरणका लागि त्यसमा यो बताइएको छ कि त्यो सन्धिका धारणाहरूसित मेल नखाने नेपालका सबै कानुनहरू निष्क्रिय हुनेछन् । त्यसै गरेर त्यसको अडिटिङको अधिकार पनि अमेरिकालाई मात्र हुने बताइएको छ। त्यसप्रकारका शर्तहरू नेपालको सार्वभौमिकताका विरुद्ध भएको कुरा प्रष्ट छ।

एमसीसी आईपीएस रणनीतिको अङ्ग होइन भनेर प्रमाणित गर्नको लागि सरकारले जुन तर्कको सबैभन्दा बढी सहायता दिएको छ, त्यो यो हो : नेपाल र अमेरिकाको बीचमा एमसीसीसम्बन्धी सम्झौताको हस्ताक्षर सेप्टेम्बर, २०१७ मा भएको थियो भने आईपीएस रणनीति नोभेम्बर, २०१७ मा अस्तित्वमा आएको थियो । त्यसको आधारमा सरकारले, एमसीसी आईपीएसको रणनीतिको अङ्ग नभएको कुरा प्रमाणित गर्नेछ, त्यसलाई संसदद्वारा पारित गराउन जोड दिइरहेको छ । तर, नेपाल र अमेरिकाका बीचमा एमसीसीबारे हस्ताक्षर गर्दा आईपीएस रणनीति अस्तित्वमा नआइसकेको भनिए पनि त्यो कारणले एमसीसी इण्डोप्यासिफिसक रणनीतिको अङ्ग नभएको प्रमाणित हुँदैन । त्यसलाई (एमसीसीलाई) आइपीएसको रणनीतिक अङ्ग बनाउने वा नबनाउने रु अघिपछि कहिले बनाउने रु त्यो निर्णय गर्ने काम अमेरिकाको हो । स्वयं अमेरिकाले आधिकारिक रूपमा नै (एमसीसीलाई) आईपीएस रणनीतिको अङ्ग बताइसकेपछि त्यसलाई अस्वीकार गर्ने नेपाल सरकारको प्रयत्नले उनीहरूले जसरी पनि त्यसलाई पारित गराउन गरेको प्रयत्नलाई नै बताउँछ । सरकारले जुन प्रकारको प्रयत्न गरिरहेको छ वा जुन तर्कको सहायता लिएर त्यसलाई पारित गराउने प्रयत्न गरिरहेको छ, त्यो वास्तवमा सरकारले अमेरिकापरस्त चरित्रमाथि पर्दा हाल्ने प्रयत्न हो । अर्को शब्दमा त्यो नेपाली जनतासितको धोका पनि हो ।

अमेरिकी राजदुतावासले एमसीसी आईपीएस रणनीतिको नै अङ्ग भएको कुरा बताउनको लागि जुन समय छानेको छ, त्यो पनि कम महत्वपूर्ण छैन । नेकपाको नेतृत्व पंक्तिमा एमसीसी आईपीएसबारे चर्को बहस भइरहेको थियो । उनीहरूले एमसीसी आईपीएस रणनीतिक अङ्ग हो वा होइन रु त्यो बुझेपछि नै त्यसबारे अन्तिम निर्णय गर्ने समझदारी गरेका थिए । त्यही बेला नै अमेरिकी दुतावासले त्यो आईपीएस रणनीतिको अङ्ग भएको कुरा बाहिर ल्यायो । यो वास्तवमा नेकपालाई अमेरिकाले दिएको एउटा झापड नै थियो । त्यसले नेकपालाई यो चुनौती दिएको थियो : त्यो अमेरिकाको आईपीएस रणनीतिको अङ्ग भए पनि नेपाल वा नेपालको संसदले त्यसलाई स्वीकार गर्नुपर्दछ । सायद

उनीहरू (अमेरिका)यो कुरामा पूरा विस्वस्त थिए कि त्यो कुरा प्रष्ट भइसकेपछि पनि नेकपाले त्यसलाई स्वीकार नै गर्नेछ। तर, सही कुरा यो हुन्थ्यो कि अमेरिकाले त्यो कुरा स्पष्ट गरिसकेपछि, एमसीसी आईपीएस रणनीतिको नै अङ्ग हो भन्ने कुरा स्पष्ट गरिसकेपछि, नेकपा वा त्यसको सरकारले त्यसलाई दृढतापूर्वक अस्वीकार गर्नुपर्दथ्यो । तर, उनीहरूले त्यसो गर्ने नैतिक आँट गर्न सकेनन्। त्यो उनीहरूको गम्भीर प्रकारको राजनीतिक गल्ती हो । त्यसले उनीहरूलाई कहाँ पुँयाउने छ रु आउने दिनहरूले त्यो कुरा स्पष्ट गर्दै जानेछन्। सायद उनीहरूले यो सोचेर एमसीसीलाई समर्थन गर्ने नीति अपनाउँदै छन् कि अमेरिकाले अगाडि सारेको त्यो प्रस्तावलाई स्वीकार नगर्ने हो भने उनीहरूको सरकारको अस्तित्वलाई नै खतरा पैदा हुनेछ। तर जस्तै कि उनीहरूले अमेरिकी साम्राज्यवादको अगाडि आत्मसमर्पणको नीति अपनाउँदै गइरहेकका छन्, त्यसले पनि उनीहरूलाई लामो समयसम्म बचाइराख्ने छैन। कुनै पनि साम्राज्यवादी देशको अगाडि आत्मसमर्पण गरेर होइन, देश, जनता वा राष्ट्रियताका पक्षमा दृढतापूर्वक उभिएर नै कसैले आफ्नो रक्षा गर्न सक्दछ र गर्नु पनि पर्दछ। आज उनीहरूले त्यो कुरा नबुझे सायद इतिहासले त्यो कुराको उनीहरूलाई शिक्षा दिनेछ।

साभारः इमिसन खबरबाट






## बुटवल उप-महानगरपालिका, बुटवल रूपन्देहीको अनुरोध

१. व्यक्तिगत घटना जन्म, मृत्यु,विवाह, वसाईसराई र सम्वन्ध बिच्छेद समयमै दर्ता गरी आफनो कानूनी अधिकारको उपयोग गरौं।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनु भएका जेष्ठ नागरिक,एकल महिला अपाङ्गगता भएका व्यक्ति, लोपन्मुख लगायत अन्य सबै प्रकारका लाभग्रहीहरुले प्रत्येक वर्षको श्रावण १ देखि पैाष मसान्तसम्म आ-आफ्नो वडा कार्यालयहरुमा गई दर्ता नवीकरण गराऔं।

३. बेसहारा अभिभावक विहिन,सडक आश्रित मानवहरुको उद्धार एवं मानवोचित व्यवस्थामा सहयोग पुऱ्याऔं ।

४. जाति, धर्म, भाषा र लिङ्गको आधारमा कसैमाथि भेदभाव नगरैं सद्भाव र सहयोगको भावना कायम गरैां।

५. बालविवाह रोकौं, २० वर्ष भन्दा कम उमेरमा विवाह नगरौं, नगराऔं, पछि यसबाट पर्नसक्ने विभिन्न परिस्थिति एवं समस्याहरुबाट जोगिऔं।

६. लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, शोषण कसै माथि नगरौं।

७. बाल अधिकारको संरक्षण र प्रवर्धनमा सहयोग पुऱ्याऔं, बालबालिकालाई कुनै पनि जोखिम हुन बाट बचाऔं।

**बुटवल उप-महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बुटवल रुपन्देही ५ नं.प्रदेश नेपाल

स्वास्थ्य

# लजाउँदा घातक हुने तथा महिलामा लुकेको पीडा



ग्लोबोकानका अनुसार क्यान्सरबाट वार्षिक ७६ लाख ब्यक्तिको मृत्यृ हुन्छ, जस्मा ६३ प्रतिशत विकासोन्मुख राष्ट्रका हुन्छन। यो क्रम जारी रहे सन २०३० सम्ममा १ करोड ३३ लाखको मृत्यु क्यान्सरबाट हुने अनुमान गरिएको छ। नेपालमा प्रत्येक २ घर विरायर अर्थात हरेक १० जनामा १ जना क्यान्सर रोगी हुनसक्ने अनुमान छ। अस्पतालको तथ्याकं हेर्दा भने प्रत्येक १ लाख जनसंख्यामध्ये १२० जनामा क्यान्सर हुनसक्ने देखिन्छ। हरेक बर्ष ३६ हजार नयाँ क्यान्सरका बिरामी थपिन्छन। ७० हजार भन्दा बढी क्यान्सरका रोगी हर समयमा नेपालमा भएको अनुमान छ तर क्यान्सर अस्पतालसम्म ४५ सयसम्म मात्र पुग्छन। अधिकांशलाई क्यान्सर लागेको थाहै हुँदैन। विकसित मुलुकमा प्रोष्टेट र कोलोरेक्ट्ल क्यान्सर प्रमुख छ भने विकासोन्मुखमा पाठेघरको मुख र कलेजोको क्यान्सर देखिएको छ।

बेलैमा सचेत हुँदा रोग लाग्न बाटै बचिने र रोग लागेपनि शुरुमै उपचार गर्दा निको पार्न सकिने भएता पनि चेतनाको कमी र रोग लुकाउने प्रवृत्तिका कारण थुप्रै महिलाहरु विभिन्न रोगहरुबाट पीडित हुँदै गम्भीर बनी क्यान्सरबाट पीडित भइरहेका छन्। खासगरी अशिक्षित समाज, चेतनाको अभाव, शुरुमै जचाउन नजाने प्रवृत्ति, रोग लुकाएर बस्ने, लोकलाजका कारण अरुलाई आफ्नो समस्या नभन्ने प्रवृत्तिले गर्दा गाउँका महिलामा समस्या अझै डरलाग्दो अवस्थामा रहेको छ। उपचारको निर्णय अधिकांश पुरुष सदस्यमा निर्भर रहनाले निको नहुने अवस्थामा मात्र स्वास्थ्य संस्था आइपुग्छन्।

**पाठेघरको मुखको क्यान्सर**

पाठेघर अर्थात गर्भाशयको मुखमा असामान्य परिवर्तन हुन गई त्यहाँका कोष- कोषिकाहरुमा अनावश्यक तथा अनियन्त्रित रुपले वृद्धि भएर गिर्खा वा घाउ बन्दछ। शरीरको अन्य भागमा समेत फैलिन सक्ने गर्भाशयको मुखमा बनेको यस्ता गिर्खा वा घाउलाई पाठेघरको मुखको क्यान्सर भनिन्छ।



**डा. प्रकाश बुढाथोकी**

जुनसुकै उमेरमा लाग्न सक्ने यो रोग, कम उमेरमा लागेमा बढी खतरा हुन्छ। नेपाल जस्तो राष्ट्रमा स्क्रीनिङ कार्यक्रमको अभाव तथा ढिलो एवं फैलिइसकेको अवस्थामा मात्र उपचारको लागि आउने बिरामीको व्यवहार, रुग्ण आर्थिक अवस्था र अशिक्षा मुल रुपमा जिम्मेवार रही मृत्युको मुख्य कारण बनेको छ। व्यवस्थित पूर्व परीक्षण स्क्रीनीङ कार्यक्रमलाई स्त्री रोग परीक्षणको एक भागका रुपमा स्थापित गराइएर पनि यसबाट हुने मृत्युदरमा कमी ल्याउन सकिन्छ।

**प्रमुख कारणहरु**

विशेषगरी यौन सम्पर्क तथा भाइरसको संक्रमण यसको प्रमुख कारण मानिएको छ। क्यान्सर हुने बढी खतरा भएकामा

- कलिलै अर्थात १८ वर्षभन्दा कम उमेरमा विवाह भएका
- कलिलै उमेरमा यौन सम्पर्क राख्ने
- कम उमेरमा बच्चा जन्माउने
- दुवै वा दुईभन्दा बढी पुरुषहरुसँग यौन सम्पर्क भएका, वेश्यावृत्तिमा लागेका तथा बहु विवाह भएका
- छिटो– छिटो समयमा र बढी सन्तान जन्माएका
- खानपिनमा ध्यान नदिने तथा कुपोषण भएका
- ४० बर्ष उमेर काटेका
- रोगसँग लड्ने क्षमता कम भएका
- पहिलेको प्यापस्मेयर खराब भएका,कहिल्यै प्यापस्मेयर नगराएकाहरु

- कम आय भएका, अशिक्षित तथा आफ्नो शारीरिक र गुप्ताङ्गको सरसफाईमा ध्यान नदिने
- यौन रोग तथा गुप्ताङ्गका दीर्घरोगहरुको उपचार नगर्ने
- एच.पी.भी. अर्थात् हरपिस भाइरसको र अन्य यौन संक्रमण भएका
- एच.पी.भी.संक्रमीत भै धेरैपटक गर्भवती भए,५ बर्षभन्दा लामो समयसम्म गर्भनिरोधक चक्की प्रयोग गरिरहे र धुम्रपानी भए संभावना बढेर आउछ।

**लक्षणहरु**

शुरुको अवस्थामा यस रोगको कुनै पनि लक्षण हुँदैन, चिकित्सकहरुले परीक्षणको क्रममा मात्र फेला पार्दछन् । यसैले यस रोगको रोकथाममा नियमित परीक्षणको महत्व छ। यो रोग बढ्दै गएपछि निम्न लक्षणहरु देखा पर्न सक्दछन्

- गुप्ताङ्गबाट गन्हाउने तथा रगत मिसिएको अस्वभाविक तरल पदार्थ बग्छ
- यौन संसर्ग पछि वा लगत्तै रगत देखिन सक्छ,
- महिनावारीको बीच- बीचमा, महिनावारी नभएको समयमा पनि योनीबाट रगत देखिन सक्छ,
- महिनाबारी हुँदा धेरै दिनसम्म वा बढी मात्रामा रगत बग्छ।
- रक्तश्रावका कारण रक्तअल्पता हुन्छ । महिनावारी सुकिसकेका महिलाहरुमा योनीबाट रगत देखिनु क्यान्सरको लक्षण हुन सक्छ।
- रोग ज्यादै फैलिएको अवस्थामा पानी बग्ने, कम्मर दुख्ने, तल्लो पेट दुख्ने, खुट्टा सुन्निने, दिशापिसावमा रगत देखा पर्ने र दिशा पिसावमा अप्ठ्यारो लक्षण हुन सक्छ।

यो क्यान्सर पनि अरु क्यान्सर जस्तै पाठेघरमा शुरु भएर शरीरको अन्य भागमा फैलिन सक्दछ। पाठेघरको मुखको क्यान्सर नजिकको भागमा फैलने क्रममा पाठेघरको माथिल्लो भागमा, मुत्र थैलीमा, दिसा गर्ने नलीमा जान सक्छ। त्यस्तै लसिका नली तथा रक्त नलीहरुबाट फैलिने क्रममा फोक्सो, हड्डी, कलेजो इत्यादिमा फैलिन सक्दछ। क्यान्सर अन्य अंगमा फैलिएको भएमा अन्य विभिन्न लक्षणहरु देखा पर्दछन्।

**निदान (पत्ता लगाउने तरिका)**

पाठेघरको मुखको क्यान्सरको निदान शुरुको अवस्थामा गर्न सकियो भने उपचार पनि प्रभावकारी हुन्छ। रोग फैलिसकेको वा रोगको निदान ढिलो हुने गरेको हालको अवस्थालाई परिवर्तन गर्न यौन जीवनमा आवद्ध महिलाहरुले माथि उल्लेखित लक्षणहरु देखा नपरे पनि स्त्री रोग विशेषज्ञहरुबाट नियमित रुपले आफ्नो पाठेघर तथा प्रजनन अंगको परीक्षण गराउनु पर्दछ र प्याप स्मेर गराउनु जरुरी ठहर्दछ। यसले गर्दा पाठेघरको मुखमा हुने शुरुको अवस्थाको क्यान्सर पत्ता लाग्न सक्दछ र उपचार गरी क्यान्सर निर्मूल गर्न सकिन्छ। आवश्यकता परेमा गर्भाशयको स्राव परीक्षण प्याप स्मेर तथा रोग निदानका लागि प्रभावित भागबाट मासुको सानो टुक्रा निकाली वायोप्सी जाँच्न पठाइन्छ र क्यान्सर लागेको टुंगो लाग्छ। कोन वायोप्सी तथा कल्पोस्कपीक वायोप्सी इत्यादि उपाय पनि छन्।

**उपचार**

शुरुकै अवस्थामा यो रोग पत्ता लगाई समुचित उपचार गरेमा पाठेघरको मुखको क्यान्सर पूर्णतया निको पार्न सकिन्छ। तर रोगको प्रकृति, अरु अंगमा फैलिएको वा नफैलिएको अवस्था आदिमा उपचारको प्रभावकारिता र परिणाम निर्भर गर्दछ। तसर्थ, पाठेघरको मुखको क्यान्सर शुरुकै अवस्थामा पत्ता लगाई उपचार गर्न आवश्यक छ। यसका उपचार विधि निम्न प्रकारका छन्ः

रोगको प्रथम चरणमा उपचार गर्दा ९८ प्रतिशतसम्म निको हुन्छ भने दोस्रो चरणमा रोग प्रवेश गरिसकेको अवस्थामा ४५ प्रतिशत तेस्रो अवस्थामा २५ प्रतिशत र चौथो चरणमा प्रवेश गरेको अवस्थामा निको हुने संभावना ५ प्रतिशत भन्दा पनि कम हुन्छ।

विभिन्न पद्धतिहरु बिरामीको स्थिति र रोगको प्रकृतिको आधारमा चिकित्सकहरुले एक वा एक आपसमा संयुक्त रुपमा प्रयोग गर्नुपर्ने हुनसक्छ। पौष्टिक आहार, बिरामीको स्याहार-शुसार तथा पारिवारिक स्नेहको पनि यस रोगको उपचारमा महत्व रहेको छ। कम उमेरका बिरामीलाई हर्मोन, प्रतिस्थापना गर्नुपर्ने हुन सक्छ। रेडियोथेरापी पाएका बिरामीले उपचारको केही महिनाभित्रमै यौन सम्पर्क गर्नुपर्छ। अन्यथा योनी साँघुरिने वा खुम्चने डर हुन्छ।यो सरुवा रोग नभएकोले संभोगबाट लोग्नेलाई सर्दैन।

**रोकथाम**

पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सम्भव भएकाले निम्नलिखित दुई तहका कुराहरु गर्नु आवश्यक छ ः

**व्यक्तिगत तह**

- सानो उमेरमा विवाह गर्नु हुँदैन।
- महिलाहरुले नियमित स्त्रीरोग परीक्षण र हरेक २ वर्ष प्याप स्मेयर (गर्भाशयको स्राव) परीक्षण गराउनु पर्दछ।
- धेरै जनासँग यौन सम्पर्क गर्नु क्यान्सरको जोखिम बढाउने अवस्था भएको हुनाले सोबाट जोगिनु पर्दछ।
- गुप्ताङ्गसम्बन्धी रोगहरुको समयमै उपचार गराउनु पर्दछ।
- गुप्ताङ्ग सधै सफा राख्नु पर्दछ।
- धेरै बच्चा जन्माउनु हुँदैन।
- केही वर्षको फरक गरी कम सन्तान जन्माउनु पर्छ।
- चुरोट, बिंडी, खैनी, तमाखुजस्ता सूर्तिजन्य पदार्थहरुको सेवन गर्नु हुँदैन।

**सामाजिक तह**

- विद्यालयका पाठ्यपुस्तक विभिन्न सञ्चार माध्यमबाट जानकारी दिने
- महिलालाई शिक्षा र रोजगार प्रदान गर्ने।
- महिला हिंसा र देह व्यापार बन्द गर्ने गराउने।

- छोरा र छोरीबीचको भेदभाव तथा बढी सन्तान जन्माउनमा कानुनी मात्र नभई व्यवहारत रोक लगाउने ।
- सबै तहका स्वास्थ्यकर्मीलाई निदान गर्न सक्ने गरी तालीम दिने ।
- नीतिनिर्माणमा महिला सहभागिता बढाउने ।

अन्तमा, नेपालका ९० प्रतिशत क्यान्सरका बिरामीलाई चेतनाको कमीले आफू रोगी भएको थाहा हुदैन र उपचारका लागि अस्पतालमा आईपुग्दैनन । थाहा पाउने १० प्रतिशत वा आईपुगेकामा पनि ८० प्रतिशत ढिलो अवस्थामा आईपुग्छन । कुनै पनि क्यान्सरको उपचार कति सफल रहन्छ भन्ने कुरा क्यान्सरको अवस्था, स्थान, प्रकार तथा किसिमले साथै बिरामीको स्वास्थ्य अवस्था र उमेरले पनि निर्धारण गर्दछ । यदि शुरुकै अवस्थामा नै क्यान्सरको निदान हुन सक्यो र उपचार शुरु गरियो भने उमेर ढल्किसकेका र रोगको अवस्था जटिल तथा ढिलो भइसकेकोमा भन्दा सफल रहन्छ र क्यान्सर निको भई धनजनको क्षति न्यूनिकरण गर्न सकिन्छ।

(न्याम्स वीर अस्पताल काठमाण्डौका सह प्राध्यापक,स्वास्थ्य सेवा बिभागको आँखा,नाक,कान,घाँटी तथा मुख स्वास्थ्य शाखाका प्रमुख डा. बुढाथोकी नेपाल चिकित्सक संघ,केन्द्रिय सहकोषाध्यष हुनुहुन्छ।)





# एकल महिला एक विवेचना

• तारा पुन मगर

विभिन्न प्राकृतिबाट श्रीमानको साथ भएको महिला एकल महिला हुन्छ। द्वण्द्व, प्राकृतिक प्रकोप, भतिव्य र अन्य कुनै पनि दुर्घटनाका कारण श्रीमानको मृत्यु हुने, श्रीमानबाट छोडिएका, श्रीमान वेपत्ता भएका, श्रीमानसंग सम्बन्ध विच्छेद भएका, श्रीमानबाट अलग भएर बसेका, विवाह नगरी बसेका र वादी महिलाहरुलाई एकल महिलाको रुपमा बुझ्न सकिन्छ।

जस्तै :

१) श्रीमानको मृत्यु भएको महिला,

२) श्रीमानबाट छोडिएको वा वेपत्ता भएको महिला,

३) श्रीमानसंग सम्बन्ध बिच्छेद भएको वा छुट्टिएर बसेको महिला,

४) विवाह नगरी बसेको महिला,

५) वादी महिला

यसरी एकल महिलालाई पाँच मागमा विभाजन गरिएको छ।

**समाजमा एकल महिलाको अवस्था:**

**श्रीमानको मृत्यु भएको महिला:**

एउटा सुखी जीवनयापन गर्ने सपना बोकेर सन्तानलाई जन्म दिई वा नदिदैको अवस्थामा कुनै कारणले श्रीमानको मृत्यु भएर ती महिलालाई हाम्रो समाजले एकल महिलाको रुपमा हेरिन्छ र हाम्रो समाजले ति महिलालाई नकरात्मक दृष्टिकोणले हेर्ने चलन छ। अहिले समयको परिवर्तनसँगै पहिलाको भन्दा एकल महिलालाई हर्ने दृष्टिकोण केही सुधार आएको देखिन्छ।

**श्रीमानबाट छोडिएको वा वेपत्ता भएको महिला:**

लामो समयसम्म खबर नगरी श्रीमान वेपत्ता हुँदा एउटी महिलाले मानसिक रुपमा धेरै समस्या भेल्नुपर्छ। न मरेको खबर छ, न त जिउँदो, न उनी विधुवा, न त सधुवा। यो अवस्थामा विशेष गरी घर पट्टिका परिवार र आफन्तले पनि श्रीमान हराउनुमा उनैलाई लक्षित गरी पीडा दिइरहेको हुन्छ।



**श्रीमानसँग सम्बन्ध विच्छेद वा छुट्टिएर बसेको महिला:**

श्रीमानसँग बाचुञ्जेल जीवन बिताउँला भनी गाँसिएको सम्बन्ध जिउँदो हुँदाहुदैँ सम्बन्ध विच्छेद भएको अवस्थामा महिला , परिवार र समाजमा एक्लिन पुग्छिन। न उनका श्रीमानको परिवारसँग नाता रहन्छ, न त माइती सँग नै। विवाह गरी गएको छोरीलाई पराई देख्ने हाम्रो समाजले फेरि उनीहरुलाई आफ्नो परिवारमा समावेश गर्न सक्दैनन्। एकपटक डोली चढेर गएकी छोरीको उक्त घरबाट लास निस्कनु पर्छ भन्ने मान्यता राख्ने हाम्रो रुढिवादी संस्कारमा एउटी छोरीले विभिन्न कारणवंश आफ्नो श्रीमान्लाई कानुनी रुपमा त्यागनुपरेको अवस्थामा उनलाई आफ्नो परिवारको अंशको रुपमा माइती पक्षले स्वीकार गर्न सक्दैनन्। श्रीमान्को घर पट्टीका कानुनी सम्बन्ध बिच्छेदका कारण कुनै नाता सम्बन्ध रहँदैन। गोत्र परिवर्तन गरी गएकी चेलीको सम्बन्ध विच्छेद भएपछि गोत्र कुन हो ? भनी अन्योलमा परि सहयोग गर्न चाहेदैनन्। श्रीमानसंग सम्बन्ध विच्छेद नभएको तर वैचारिक वा अन्य विविध कारणवंश छुट्टाभिन्न भएर बस्ने महिलाहरु कुनै पनि व्यवहारमा न स्वतन्त्र हुन सक्छन् न परिवारबाट सहयोग पाँउछन। दुबै खालको एकल महिलाको आफ्नो कुनै पहिचान रहँदैन। उनीहरु साँच्चिकै सामाज र परिवारबाट सम्पूर्ण रुपमा एकल हुन पुग्छन्।

**विवाह नगरी बसेको :**

शारीरिक तथा आकृतिगत हिसाबले कसैले विवाह नगरेको कारण विवाह हुन नसक्दा महिलालाई परिवारिक तथा सामाजिक रुपमा महिलालाई दाजुभाई, भाउजु, बुहारी

एवम् बुवाआमाको पनि दुर्व्यवहार गरेको पाइन्छ । विविध कारणले विवाह नभएको अवस्थामा समाज अनि परिवारले लाल्छना लगाउँदा हुने पीडा जो कोहीले अनुमान गर्न सक्छन् ।

**वादी महिला**

कुसंस्कारको फलस्वरुप जातीय हिसाबमा पिल्सिएका पीडित महिलालाई कतिपय मनिसले आफ्नो यौन प्यास मेटाउने वस्तुका रुपमा उपयोग गरी मिल्काउने गरेको करण वादी महिलाको पहिचान नै अलग किसिमले बनेको छ, कलङकित बनेको छ । उनीहरु आर्थिक रुपमा पनि सहजै पिछडिएका वर्ग हुन् किनभने बाबुको जिम्मेवारी पालनपोषण गरी हुर्काउने बढाउने र पढाउने काम समेत जबर्जस्ती ती महिलाको काँधमा परेको हुन्छ । उनीहरुलाई त्यो बालबच्चाहरुको लालन पालनका निम्ति उनीहरु अझ थिचोमिचोमा परेका छन् ।

**एकल महिलाको सम्पत्ति माथिको अधिकारः**

**श्रीमानको मृत्युका कारण एकल भएको महिलाः**

श्रीमानको मृत्युपछि श्रीमान हकवाला भएको सम्पुर्ण सम्पत्ति एकल महिलाको अधिकारमा रहन्छ । श्रीमान जागिर भए उनको नामको क्षतिपूर्ति सबै ति एकल महिलाले पाउने व्यवस्था छ । तर ती सबै प्रक्रियाका निम्ति एकल मलिलाई कानुनी अधिकारको जानकारी हुँदैन ।

**श्रीमान्‌बाट छोडिएका वा बेपत्ता भएका महिलाः**

यदि श्रीमान् कुनै कारणवंश बेपत्ता भए श्रीमानको रहेको अंश ती एकल महिलाले पाउन सक्छिन् तर श्रीमान्‌को घरपरिवारले समस्या खडा गर्न सक्छन् ।

**श्रीमान्‌संग सम्बन्ध विच्छेद वा छुट्टिएर बसेको महिलाः**

विगत केही वर्ष देखि महिलाले सम्बन्ध विच्छेद गर्न चाहेको खण्डमा श्रीमानूबाट आधा अंश लिई अलग हुन सक्छिन् तर श्रीमान् जीवित हुँदाहुँदै उनको नामको अंश प्राप्त गर्न ती एकल महिलाले अनेकौं बाँधा ब्यवधान, धम्की र त्रास व्यर्होनु पर्छ । सोही क्रममा प्रायः उनले कसैको पनि साथ पाउँदिनन् । केही वर्ष अघिसम्म महिलाले सम्बन्ध विच्छेद गर्न चाहे कुनै पनि अंश लिन नपाउने व्यवस्था थियो तर अहिले तेस्तो छैन महिलाले सम्बन्ध विच्छेद गर्न चाहेमा जीमानको आधा अंश लिई अलग हुन सक्छिन् ।

**विवाह नगरी बसेको :**

अन्तरिम संविधान २०६३ अनुरुप छोराछोरी जन्मजात नै पैतृक अंशको हकवाला ठहरिन्छन् । पैतृक अंश लिएको छ भने पनि विवाह गर्न पाउने र विवाह पछि दाजुभाइलाई अंश फिर्ता गर्न नपर्ने अवस्था छ । अंश लिएपछि आफूलाई चाहिएको अवस्थामा उक्त सम्पति बेचबिखन गर्न पाउँने अवस्था छ । तर दाजुभाईसंग सम्बन्ध बिग्रिएला भन्ने मानसिकता र आफू एक्लो भएको कुराले सो सम्पति आफू खुसी प्रयोग गर्न सकिरहेको अवस्था छैन ।

**वादी महिलाः**

बाबाको पहिचान र स्वीकार नहुने कारणले पैतृक अंश पाउन कठिनाई देखिन्छ ।

**एकल महिला प्रतिको हिंसाहरुः**

एकल महिलाहरु कुनै न कुनै हिंसाबाट पीडित छन् । मानसिक, शारीरिक, सांस्कृतिक ,धार्मिक, पारिवारिक, आर्थिक, राजनीतिक ,कानुनी रुपमा कही न कही हिंसामा परेको छन् । यि सबै हिंसाहरु शिक्षा, परिवार, समाज र उसको आफ्नो चेतनाको स्तर अनुसार फरक छ ।

एकपटक श्रीमान्‌संग बसेर एक्लिएका एकल महिलाहरु विशेष गरी श्रीमान्‌को मृत्यु भएका र सम्बन्ध विच्छेद भएका महिलालाई सामाजिक रुपमा फरक नजरले हेरिएको पाइन्छ । एक्लिएपछि पनि उ कसैसँग लागिकी होलि भन्ने संका उपसंकाले त्यस्ता एकल महिलाको जीवन नरकीय बन्न पुग्छ । उसको समाज र परिवारमा आफ्नो अस्तित्वसँग शिर उभ्याएर बाँच्न पाउने अधिकारलाई बञ्चित पार्ने अनेकौं जाल रचिन्छ । कुनै एक महिलाले आफ्नो मेहनत, सीप, क्षमता र बलबुत्ताले कुनै राम्रो स्थान, पद वा सम्पति आर्जन गरेता पनि कुनै न कुनै पुरुषको काँध चढेर हो भन्ने नकरात्मक सोंच पाइन्छ ।

समाजमा खुट्टा तान्ने प्रवृत्तिले गर्दा आफू जस्तो साथी एकल भएर अघि बढ्दै गएको देखिए तिनै शिक्षित साथीभाईबाट पनि टिका टिप्पणी गरिन्छ ।

**एकल महिलाका लागि सरकारी निकायबाट पहलः**

सरकारी निकायबाट पनि कुनै एक पक्षका एकल महिलालाई तोकेर राहत दिनुको साटो एकल महिलाको परिभाषामा पर्ने एकल महिलाहरुको आर्थिक एवम् परिवारिक अवस्था, अध्यय गरेर सोही अनुरुप राहत रकम, शिक्षा र सीप अनि रोजगारका निमित्त पाइदैनन् । उनीहरुका निम्ति गहकिला राहत स्वरुप केही रकम दिनुको कुनै औचित्व छैन बरु गरिन र अशिक्षाको केही एउटा स्तर तय गरेर त्यसभित्र पार्न सोंचिनु पर्छ ।

महिला अधिकारका निमित्त निरन्तर संघर्षशील व्यक्तित्व, समूहले पनि सम्पूर्ण एकल महिलाहरुलाई एउटै मालामा उन्न प्रयास गर्ने र उनीहरुको हक अधिकारका निम्ति वकालत गर्नु पर्ने जरुरी देखिन्छ ।

त्यसै गरी स्थानीय निकाय, प्रदेश निकाय र केन्द्रिय निकायबाट एकल महिलाका लागि बजेट छुट्याई उनीहरुको क्षमता अनुसारको रोजगार र सीप मुलक तालिम दिइ उनीहरुको आर्थिक विकासमा सहयोग गर्नुपर्दछ । बिडम्बना यो छ कि स्थानीय तहमा आएका बजेटहरु एकल महिलाको नाम पारी विभिन्न कार्यक्रमहरु गरी आफ्नो थैली भर्ने काम भएको देख्न र सुन्न सकिन्छ । यस विषयमा पनि निकायले राम्रोसँग छानबिन गरी वास्तविक एकल महिला हो या होइन भनि छानबिन गरी कार्यक्रम चलाउन दिनु पर्दछ । यसरी हरेक निकायबाट एकल महिलालाई सहयोग गरे एकल महिला भएको अनुभवलाई हटाई उनीहरु पनि अन्य नागरिक सरह बाँच्न पाउने अधिकारबाट वञ्चित हुने थिएनन् ।

# गौ संरक्षण गरी नेपालमै स्वरोजगार बनाउने योजनामा दुर्गादेवी


नेपालकाको तराई भागका पूर्व पश्चिम राजमार्गमा छाडा गाईले सवारी चालकहरुलाई गाडी चलाउन सास्ती नै पुऱ्याएका छन् । कति त सडकमा गाईकै कारणले दुर्घटना समेत पुऱ्याएको खबरहरु आईरहेका छन् । सडकमा गाईवस्तु छरपस्त भए भनेर नेपालगंज उपमहानगरपालिकाले छाडा गाईवस्तुलाई ट्रकमा हालेर सुर्खेत पुऱ्याई भिरबाट लडाएको थियो ।

तराई क्षेत्रका शहर बजारदेखि ग्रामिण क्षेत्रमा छाडा गाईले कृषकले लगाएका अन्नबाली खाईदिने समस्या पनि उत्तिकै छ । पछिल्लो समयमा कपिलवस्तुको बुद्धभुमि नगरपालिका, वडा नं. २ गोरुसिंगे स्थित गौसंरक्षण सेवा समिति २०७५ साल मंसिरमा स्थापना गरी गाई संरक्षण गर्ने अभियानकै रुपमा दुर्गा देवी थापा क्षेत्री लागिरहेका छन् । स्याङजा अर्जुन चौपारीबाट कपिलवस्तु बुद्धभुमि नगरपालिका गोरुसिंगे बदहरामा बसाई सरी स्थायी रुपमा बसोबास गर्दै आएकी दुर्गादेवी गौ सेवाको लागि अहोरात्र खटेको देख्दा छिमेकीहरुले उनलाई खिल्ली समेत उडाएका थिए । उता उनी भने गाई संरक्षण गरी नेपालमै रोजगार खुलाउनेसम्म सपना बनाएकी छिन् । ११ सदस्यीय सञ्चालक समिति तथा २ आजीवन सदस्य र ३४ जना साधरण सदस्य गौ सेवा संक्षरण समितिमा रहेका छन् ।



दुर्गादेवी थापा क्षेत्री

एकातिर गाईवस्तुले गाँउ शहरमा हानी नोक्सानी पुऱ्याएको छ भने अर्कोतिर गाईको संरक्षण गरी उत्पादन मुलक काममा सदुपयोग गर्न सकियको छैन । यदि सदुपयोग गर्न सके ठूलो उद्योग खोली मनग्गे आय आर्जन गर्न सक्ने सम्भावना देखेकी छिन् दुर्गादेवी । आयुर्वेदमा स्थानीय जातको गाईबाट प्राप्त दुध, दहि, घ्यू, गोबर एवम् गौमुत्र अमृततुल्य मानिएको र साग सब्जी, फलफुलको लागि किटनाशक मात्र होईन मानव शरिरमा स्थानीय जातको गौमुत्रले क्यानसरका कोशिकालाई मार्ने काम, मृगौला, मुत्र रोग तथा कलेजोजन्य समस्याहरु, मधुमेह, उच्च रक्तचाप, युरिक एसिड, घुँडा जोर्नी, ढाड कम्मर एवम् शरिर दुखाई, दम, छाला रोग, स्त्री रोग, थाईराइड, मुटु रोग, ग्याष्ट्रिक एवम् पेटको समस्या, टाउको दुखाई, मष्तिष्कको क्षमता बढाउने लगायतका काम गर्नुको साथै रोग प्रतिरोधात्मक क्षमता बढाउने काम गर्ने दुर्गादेवि आफ्नो अनुभवबाट बताउँछिन् ।



अहिले छाडा गाईवस्तुको व्यवस्थापन गर्नु पऱ्यो भनेर सरकारलाई नागरिक समाज आवाज उठाई रहेको अवस्थामा दुर्गादेवीले २०७१ सालदेखि गौ संरक्षण सेवा समिति

गठन गरी गाई संरक्षण गर्ने अभियान लिएकी छिन् । यद्यपि उनीसँग गाईलाई राख्ने ठाँउछैन र सम्बन्धित निकायहरुसँग माग गर्दै आएकी छिन् ।

औपचारिक शिक्षा कति पनि नलीएकी दुर्गादेवी निश्वार्थ रुपले गौ सेवा संरक्षणमा अभियानकै रुपमा हिडेकी छिन् । आफुले जडिबुटी, औषधि बनाउने गरेकी दुर्गादेवी बाटो घाटोमा बिरामी गाई, दुर्घटना परेका गाई देखेपछि आफ्नै खर्चमा उपचार गर्दै पनि आएकी छिन् । बाटोमा गाई छोड्नेलाई कारबाही हुनुपर्छ भन्ने सरकारसँग उनको माग छ । सरकारले गाई संरक्षण गर्नको लागि कुनै पनि स्थानमा गाई गोरु संरक्षण गर्ने ठाँउ उपलब्ध गराईदिएमा ठूलो उद्योगको रुपमा छाडा गाई गोरु पालन गर्ने गौ सेवा संरक्षणको उद्देश्य रहेको उनी बताउछिन् । गौसेवा संरक्षणबाट तराईमा ठूलो उद्योग नै स्थापना गरी कृषकलाई निःशुल्क रुपमा गाई गोरु उपलब्ध गराई दिने, उन्नत बिँउ बिजन उत्पादन गर्ने र गाई गोरुको मलबाट व्यावसायिक रुपमा खेती गरी अन्न बाली उत्पादन गर्दा विदेश गइरहेका युवा युवतीहरुलाई समेत रोजगारको राम्रो सम्भावना देखेकी दुर्गादेवीले नेपाली युवाहरुमा राम्रो आय आर्जनको ठूलो सम्भावना बन्ने उनको ठम्याई छ ।

त्यसो त अधिवक्ता पदम बहादुर श्रेष्ठले जथाभावी गाईगोरुको हत्या भएको र कतिपय अवस्थामा बूढा भएपछि छाडा छाडिएको भन्दै तिनीहरुको संरक्षणका आदेश जारी हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए ।

काठमाण्डौं सर्वोच्च अदालतले राष्ट्रिय जनावर गाईका बाच्छाबाच्छीको संरक्षणका ध्यान दिन सरकारका नाममा परमादेश जारी गरेको छ । गाईगोरु र बाच्छाबाच्छीको संरक्षण हुनुपर्ने माग राखी दायर गरिको रित निवेदनको सुनुवाईपछि सर्वोच्चले प्रदेश र स्थानीय तहको सहकार्यमा पशु संरक्षणको व्यवस्था मिलाउन निर्देशनात्मक आदेश जारी गरेको हो । तर पनि गाई गोरु छाडा रूपमा बाटो घाटोमा बस्ने र कृषकका बालि नालि खाइ दिइ खेति नै नगर्ने अवस्थामा पुगेको छ ।

यही माघ ३ गते गौ सेवा संरक्षण समिति कपिलवस्तुको प्रथम अधिवेशन तथा साधरण सभा कपिलवस्तु, बुद्धभुमि २ गोरुसिंगे क्याम्पस जाने बाटो पशुपती मन्दिरमा हुने भएकोले समस्त सरोकारवाला तथा अतिथि एवम् पत्रकार सबैमा उपस्थितिको लागि दुर्गादेवी अपिल गर्दछिन् ।




हार्दिक बधाई



रुपन्देही ग्रील तथा स्टील व्यवसायी संघको
**आठौं साधारण सभा तथा चौथो अधिवेशन** मा
एम.जि. क्लबका अध्यक्ष **तुलजी सारु मगर अध्यक्ष** जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा हार्दिक **बधाई** तथा सिर्जनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**हाम्रो गोरेटो राष्ट्रिय मासिक परिवार**

# शुभकामना

फो-ल्हो च्यू-ल्हो

तमू जातिको महान पर्व ल्होसार फो-ल्हो (मृग)
वर्गको विदाई तथा च्यू-ल्हो (मुसा) वर्ग आगमनको पावन
अवसरमा सुख, शान्ति र समृद्धिको मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**बिल गुरुङ्ग (प्ह्च्यु)**
प्रबन्धक निर्देशक

## सिद्धार्थ ग्यालेक्सी पब्लिक हाई स्कूल

तिलोत्तमा न.पा., कोटिहवा, रूपन्देही
सम्पर्क नं: ०७१-५६१२०७, ९८५७०२१६१७



HUAWEI

## राज टी.भी. सेन्टर
## वर्ल्ड भ्यू नेटवर्क प्रा. लि.



# शुभकामना

फो-ल्हो च्यू-ल्हो

तमू जातिको महान पर्व ल्होसार फो-ल्हो (मृग)
वर्गको विदाई तथा च्यू-ल्हो (मुसा) वर्ग आगमनको पावन
अवसरमा सुख, शान्ति र समृद्धिको मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**ओम प्रकाश गुङ्ङ्ग**
सचिव

## तमू ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्

**जिल्ला कार्यसमिति, रुपन्देही**

# शुभकामना

फो-ल्हो च्यू-ल्हो

तमू जातिको महान पर्व ल्होसार फो-ल्हो (मृग)
वर्गको विदाई तथा च्यू-ल्हो (मुसा) वर्ग आगमनको पावन
अवसरमा सुख, शान्ति र समृद्धिको मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**भिम शम्सेर गुरुङ**
अध्यक्ष

## तमू ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्

इकाई समिति, तिलोत्तमा न.पा.-१४, टिकुलीगढ
रुपन्देही

# उत्पीडित वर्गले अधिकारको लागि आफै संघर्ष गर्नु पर्छ–मन्त्री बराल

*प्रदेश नं. ५को नाम र राजधानीको लागि प्रदेशको नाम र सदरमुकाम सिफारिस समितिले करिब१६ महिना लगाएर समितिका संयोजक दिपेन्द्र कुमार पुन (सिजल) ले समितिले तयार गरेको प्रतिवेदन प्रदेश सभा सचिवालयलाई बुभाई सकेका छन्। प्रदेशको नामको विषयमा आदिवासी जनजाति महासंघ, नेपाल मगर संघ, समाजवादी पार्टी लगायतले र नेकपा तथा नेपाली कांग्रेसका केही सांसदहरुलेसमेत नामको सबालमा (मगरातथारुहट) राखिनु पर्ने अडान लिएका छन् । यसै विषयमा रहेर प्रदेश नं. ५ का सामाजिक विकास मन्त्री माननीय सुर्दशन बरालसँग हाम्रो गोरेटोका अरुण दर्लामी मगरले गरेका कुराकानीका केही अंशहरुः*



**माननीय सुर्दशन बराल**
मन्त्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५

**प्रदेश नं. ५ को नाम र राजधानी तोक्ने विशेष सिफारिस समितिले १६ महिनाको लामो समय पछि धेरै रकम खर्च गरेर प्रदेश सभा सचिवालयमा प्रतिवेदन बुभाएको छ । यहाँको विचारमा राजधानी कुन ठाँउमा र प्रदेश नामकरण के राख्दा उपयुक्त हुन सक्छ ?**

प्रदेशको नामकरण र राजधानी सिफारीस गर्नका लागि एउटा विशेष प्रदेश समिति नै खडा भएको छ। यस विषयमा निर्णय गर्ने अधिकार प्रदेश सभाले राख्छ। त्यसैले गर्दा हामी मन्त्रीले वा कार्यकारी निकायले त्यसको बारेमा कुनै निर्देशन र निर्णय गर्दैन, त्यस सम्बन्धि खास हस्तक्षेप नै रहँदैन। प्रदेश सभाका प्रदेश सदस्यहरुले जसरी आफ्नो अधिकार प्रयोग गर्नु हुन्छ हाम्रो पनि त्यही नै हुन्छ।

त्यसमा हाम्रो सैद्धान्तिक धारणा के हो भने प्रदेशका १२ वटै जिल्ला, १ सय ९ वटै स्थानीय तहलाई पायक पर्ने र आगामी दिनमा राजधानीको प्रयाप्त भौतिक पुर्वाधार लगायत विकास गर्न सक्ने र प्रशासनिक सुगमता हुनेगरी राजधानी तोकिनु पर्दछ। त्यसको लागि नै प्रदेश सभाले लामो समय लिई रहेको छ। त्यसैगरी नाम पनि प्रदेशको समग्र जनसामुदाय, यहाँका आदिवासी मगर सामुदाय, थारु समुदाय, आर्यन सामुदाय, मधेशी समुदाय, दलित समुदाय लगायतक सबै सामुदायको मनोविज्ञान, मनोभावना, सबैको ईतिहास, सबैको पहिचानलाई जोड्ने, जोगाउने र त्यसलाई अगाडी बढाउने गरी त्यसको नामाकरण हुनु पर्छ। सबै जनसमुदायलाई आफ्नो अपनत्व हुन सक्ने गरि मोटामोटी सोचाई बनाएका छौं। तर यसको बारेमा अभै ठोस सुभाव अध्ययन गरेको छैन । प्रदेश समितिले मोटामोटी सबैको मनोभावना भल्किने र सबैले प्रदेश ५ को नाम अपनत्व गर्न सक्ने खालको बनाउनु पर्छ भन्ने मेरो उद्देश्य हो।

**सिफारिस समितिले लुम्बिनी, बुद्ध भुमि, मगरातथारुहट, १,२,३ गरेर राखेको भन्ने कुराहरु आएको छ, यहाँ त पहिल्यै पनि मगर राष्ट्रिय मुक्ति मोर्चाको पूर्व केन्द्रिय अध्यक्ष पनि हनुहुन्थ्यो । यहाँको विचारमा के हुन सक्छ ?**

हामीले सिफारीस समितिको प्रतिवेदन हेर्न पाएका छैनौ र दोस्रो कुरा हामीलाई फलानो नाम भनेर प्रदेश सरकारको तर्फबाट छुट्टै नाम, छुट्टै सिफारीस केही पनि छैन । तर मैले अगाडी भने जस्तै एउटा प्रदेशको सांसदको हैसियतले, यहाँको नागरीकको हैसियतले, हिजोको एउटा अधिकारको लागि संघर्ष गरिरहेको व्यक्तिको हैसियतले र सरकारको प्रतिनिधि भएकोले सिंगो प्रदेशले अपनत्व गर्न सक्ने खालको हुनु पर्छ। र पहिचान कहिनकहि व्यक्त भएको हुनुपर्छ भन्ने हिसाबले चाहे गौतम बुद्धको नाममा वा मगर, थारु आर्यन, मधेशी लगायतका समुदायको पहिचान, इतिहास, संस्कृति र मनोविज्ञानलाई संकेत गर्न सक्ने, उनिहरुले अपनत्व गर्न सक्ने प्रकारको आउनु पर्दछ । जस्तै अहिले प्रदेशले किसान, मजदुरलाई बाँड्ने पदक हामीले अहिले दङ्गीशरण

तथा बलिहाङ्ग पदक बनाएका छौ । जसबाट मगर समुदाय र थारु समुदायको पहिचानलाई समेतेको छ। यहि फाल्गुन ३ गतेका दिन पदक वितरण हुँदै छ। त्यसैगरी समुदायको मनोभावनालाई सम्बोधन गरी प्रति समुदायमुलक पदकहरु राखिएको छ। र नामाकरण पनि त्यसरी नै गराउनु पर्छ भन्ने हाम्रो सोचाई छ तर अहिले यो नै हो भन्ने मूर्तरुपमा कुनै नाम सिफारीस छैन।

**लखन थापा मगरलाई प्रथम शहीद घोषणा गरियो, सरकारको तर्फबाट यसलाई प्रचारमा ल्याउनु पर्दथ्यो तर ल्याउन सकिरहेको छैन, सामाजिक विकास मन्त्रालयको तर्फबाट उहाँको लागि कस्तो योगदान दिन सकिन्छ ?**

यहाँको प्रश्न सहि हो । पहिलो कुरा माघ १ र २ गते प्रदेश सरकारले दुई दिनको नै बिदा दिएको छ।

मगर समुदाय र थारु समुदायले मनाउने चाड मुलतः यहाँका सबै जातिले मनाउँछन् । माघे सकरातीलाई अहिले निश्चित समुदायलाई मात्र नभई सबै समुदायले अपनत्व गरेका छन् । वास्तवमा यो प्रदेशमा मगर तथा थारु समुदाय बढी भएकाले २ दिन बिदा दिईएको छ। जहाँसम्म लखन थापा मगर प्रथम शहीदको प्रचार प्रसार गर्नु पर्छ भन्ने कुरा छ हामीले एउटा पाठ्यक्रम निर्माणसंग सम्बन्धित एउटा कार्यविधी हालै मात्र केन्द्रिय समितिबाट पारित भएको छ। त्यसको लागि हामी विज्ञहरुको टिम बनाउँदैछौं । हाम्रा विभूतिहरु, हाम्रा परम्परागत ज्ञानहरु आदि ईत्यादिहरुलाई पाठ्यपुस्तकमा राख्नको लागि अध्ययन गर्ने छौ त्यसबाट यी समग्र विषयहरुलाई कार्यदलले अगाडी बढाउने प्रयत्न गर्ने छौ।

**प्रदेश नं. ५ ले माघे सकरातीको लागि २ दिन बिदा दिएको छ । अन्य प्रदेशमा भने दिइएको छैन माघे सकराती ऐतिहासिक पर्व भएकोले राष्ट्रिय पर्वको रुपमा बिदा गर्नु पर्ने होईन र ?**

हामीले केन्द्रलाई सिफारिस गरेका छौ । त्यसको बारेमा केन्द्रले पनि अध्ययन गर्ला तर हामीले गर्न सक्ने प्रदेशहरुबाट दुई दिन बिदा दिएका छौ ।

**नामाकरणको कुरामा प्रदेश नं. ५ लाई मगरात थारुहटको आवाज आउँदा केहि सभासदहरुले जातीयताको संज्ञा दिएको अवस्था छ । यहाँको धारणा के छ ?**

अझै पनि कतिपय नेपालको टपलेबलका मानिसहरुमा नै संघीयताको बुझाईमा समस्या छ । यहाँ एक जाति नश्लबादी चेतनाका एउटा पंङ्ती छ। जसले निश्चित जातिको मात्र बुद्धि हुन्छ, निश्चित जातिले मात्र देशमा योगदान गरेको छ, निश्चित जातिले मात्र सबै जानेको छ, देश चलाएको छ, त्यो जाति मात्र योग्य हो, त्यो जाति मात्र शासक हो । अरु सबै शासित हुन् बन्दुक बोक्ने, बुट बजार्ने, भारी बोक्ने, मजदुरी गर्ने मात्र जन्मेको हुन भन्ने एउटा संस्कार संस्कृति, मनोविज्ञान, धर्मबाट गुज्रिएर आएको एउटा पंक्ती छ । त्यही ठूलो बुद्धिजिवी हो भन्नेहरु राजनीतिमा पनि एउटा तप्का छ। जनजाति आन्दोलन , महिला अधिकार भन्दा खेरी नमान्ने, छोरीहरुलाई स्कूल पठाउनु पर्छ भन्दा लव लेटर लेखेर पोइला जान्छ भन्ने, छोरीहरुलाई पढाउनु हुन्न, स्कूल पठाउनु हुन्न भन्ने समूहहरुको विकासित रुप जनजातिको पहिचान नामाकरण भयो भने जातीय राज्य हुन्छ, अरु जातिलाई लखेट्छ, रक्तपात हुन्छ भनि रहेका छन् । तीनै मान्छे हुन् जो दलितले छोएको खायो भने नर्क गईन्छ, छोरो नभए नर्क गईन्छ, स्वर्ग जादैन भन्ने मान्छेहरु नै अहिले संघीयतालाई कुनै न कुनै तरिकाले कुरुप रुपमा चित्रण गरेकाछन् । ती मान्छेहरुको कुनै औषधि नै छैन । संघीयता बुझेका नागरिक अधिकार, उतपीडित सामुदायका अधिकार बुझेका र त्यसका पक्षमा लागेका मान्छेहरु निरन्तर संघर्ष गर्ने बाहेका अरु विकल्प छैन।

**उहाँहरुको यस्तो विचारले संघीयता धरापमा पर्न सक्ने देखिन्छ त ?**

धरापमा पर्छ, कैयौं देशमा संघीयता आएता पनि कोल्याप्स भएको उदाहरण छ। संघीयता खोज्नेले, संघीयता विरोधिलाई पैसा खाएर भोट हाल्छन् रक्सी खाएर भोट हाल्छन्, कुरा चाहि संघीयताका गर्छन्, जातीय अधिकारका कुरा गर्छन् । तर समय आउदा अधिकार प्रप्त हुने काम गर्दैनन् भने त्यस्तो मान्छेले दुःख भोग्नै पर्छ । संघीयता जान पनि सक्छ। जनताको हातमा आएको अधिकार खोसिन पनि सक्छ । नेपालमा २०१५ सालमा बहुदल आएर पनि २०१७ सालमा राजाले खोसेका थिए । त्यसैले गणतन्त्रवादी तथा संघीयता पक्षधरहरु पनि जागरुक हुन जरुरी छ।

**त्यसो भए, उत्पीडित वर्ग फेरी पनि उत्पीडनमा पर्ने सम्भावना देखिन्छ त ?**

हो, उत्पीडितहरु फेरी पनि उत्पीडनमा पर्न सक्ने सम्भावना हुन सक्छ । संसारभर यस्तै भएको छ । यसको लागि उत्पीडित वर्गले जागा रहनु पर्छ । संघर्ष गर्नु पर्छ । फ्रन्ट लाइनमा आउनु पर्छ। आफैले मेहनत र अध्ययन गर्नु पर्छ। दोस्रो विश्व युद्ध यता कैयौ देश नै लोप भए हाम्रौ आँखा अगाडी भारतमा सिक्किम चीनमा तिब्बत लोप भए। त्यसैले जसलाई अधिकार चाहिएको हो उहि नै आफ्नो अधिकारको लागि चलाख हुनु पर्छ।

**अन्त्यमा, प्रदेश नं. ५ को राजधानी र नामाकरणको लागि यहाँले १,२,३ मा भन्नु पर्दा कुन कुन राख्न सकिन्छ यहाको विचारमा ?**

मैले त्यस्तो भन्न सक्दैन, मैले प्रदेश सरकारमा भन्ने हो र प्रदेशको निर्णय मान्ने हो । सबै सार्वजनिक रुपमा बोल्न मिल्दैन मेरो धारणा सबैलाई स्वीकार्य नाम र उपयुक्त स्थानमा राजधानी हुनु पर्छ।

# प्रितम देउरालीका जीवित देउता



**तिलक प्रसाद पुन (पुर्जा)**

अचेल गाँउ घरमा ढुंगे घर रित्तिदै छन् । शहर बजारमा सबै चिजको सुविधा हुनाले यसरी गाँउबासीहरु सहरतिर ओइरिन थालेका छन् । परन्तु, लुम्ले-७ प्रितम देउरालीका हरिमान गुरुङ चाहि पोखरामा रहेको आफ्नो करोडौँको घर बेचेर त्यता हानिएका छन् । भन्छन् पोखरामा टिक्नलाई हातमा इलम र सीप हुनुपर्छ त्यस्तै धेरै लगानी गरेर उत्तिकै प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । यसरी उनी गाँउ बाटो पुगेका छन् । यसको अलवा उनी नेपाली काँग्रेसका स्थानीय नेता र समाजसेवी समेत भएकाले साना पिर-मर्का पर्दा पनि यिनै हरिमानको खोजी हुने गर्छ । यसरी समाजसेवा र हरिमान एक अर्काका पर्याय नै बनेका छन् । आज देशमा हरिमान जस्ताहरु हजारौंका संख्यामा भएको खण्डमा पनि काँचुली फेरिने थियो, जनताकाले ढुंगाको देउता हैनकि साँच्चिकै देउता फेला पार्ने थिए । प्रितम देउराली र पोखराको ओहरदोहर गर्छन् । उकाली ओराली गर्दै उनी कहिले खानेपानीको समस्या, कहिले बाटोघाटो र अन्य स्थानीय समस्या, कहिले काही विद्यालय र क्लबको समस्या पनि, अझ पार्टीका गतिविधिमा समेत उत्तिकै खटनपटन, ठूला भ्रष्टाचारको दलदलमा जाकिएर दुर्गन्धित हुनु छैन उनलाई, नि-स्वार्थभावले एकोहोरिएका छन् । उनी लुम्ले-७, भिच्चुकका कारसिं गुरुङ र लिलकुमारीका कोखबाट त्रिपन्न वर्ष अघि उनी जेठो सन्तानको रुपमा जन्मिएका हुन् । उनका बुबा मलायाका लाहुरे हुनाले खेतीपाती प्रशस्त नै थियो । गोठैभरि टन्न दुहुना भैसीपालन गरेकाले हरिमानको जीवन घाँसदाउरा गर्दैमा बित्यो । तैपनि पढ्नु पर्छ भन्ने चेतनाको ढकन राम्रैसँग खुलेकाले उनलाई गाँउकै विद्यालयमा उनलाई १ क्लासमा भर्ना गरियो । ८-१० क्लाससम्म भने घान्द्रुकस्थित मेश्रम बराह मा.वि. मा पढे । २०३६ सालको विद्यार्थी आन्दोलनमा सकृयतापूर्वक लागिपरेकाले उनले एसएलसी कटाउन सकेनन् । ढिकुरपोखरीको १० क्लासको पढाई पनि बिग्रियो । अचेल फनक्क फर्केर अतीततिर घोत्लिदा पढ्न मन लागेको सुनाए । घान्दकमा डेरा लिएर पढ्दै देखि नै पञ्चहरुका आँखामा उनी कसिङ्गर सरी बनिसकेका थिए ।



**हरिमान गुरुङ**
सञ्चालकः प्रितम देउराली

यस्ता मानिस यहाँ राख्नुहुन्न भनि पञ्चहरुले षड्यन्त्र पूर्वक सेन्टअफ मै उनलाई गुल्टाउने आरोप लगाउछन् । उनी उतिबेला मेश्रम बराह माविमा अनेरास्ववियुका अध्यक्ष थिए । जसको श्रेय हाल युकेमा रहेका डा. अनिलमान गुरुङलाई दिन चाहन्छन् ।

पढाई विग्रिएपछि अलिकति यिनमा खिन्नता छायो । सो खिन्नतालाई आशाको किरण छर्दै जीवनलाई सुनिश्चिततातर्फ डोऱ्याउने कार्य गरे । २०४० सालदेखि ०४५ सालसम्म प्रितम देउरालीमा आएर चियामा गिलास फिटन थाले । ०४६ पछि भने दुईतले

पक्की भवन खडा गरी जस्ता पाताको छानो लगाए। जसको नामाकरण गरेका छन् नाइस भ्यू लज एण्ड रेष्टुरेण्ट भनेर।

हाल यहाँ अर्को एउटा लज र रेष्टुरेण्ट पनि सञ्चालनमा छन्। यो स्थान अन्नपूर्ण र मर्दी हिमाल आधार शिविर जाने पदमार्गमा अवस्थित छ। २०३१ सालबाट यो स्थान हुँदै पदमार्ग शुरु भएको हो। हाल यो अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत पर्दछ। स्थानीय स्रोत र साधनको संरक्षण र उपयोग गर्नमा वञ्चित गरिएकोमा स्थानीयवासीको एक्यापप्रती गुनासो छ। परम्परागत रुपबाटै आफूहरुको अग्राधिकार रहेकोमा एक्यापले निषेध गरेको उनीहरुले आरोप छन्।

हरिमाने कटेरो खडा गरेपछि पाहुना राख्न थालेका हुन्। सुरुवातीमा १० जना तर हाल २५ जनासम्म पाहुना राख्ने क्षेमता छ। फलेकका १२ कोठा छन्। नन एट्याचड बाथरुमका डबल वेडका तीनसय कायम गरेका छन्। खानपिन सुपथ नै लाग्छ सादाको नेपालीलाई दुईसय र विदेशीलाई चारसय मात्र।

यहाँबाट मौसम सफा भएको खण्डमा धौलागिरी, माछापुच्छे, अन्पूर्ण दक्षिण, गंगापूर्ण, हिमचुली आँखै सम्मुख देखा पर्छ। यतिमात्र हैन घान्द्रुक, लान्द्रुकलाई समेत चियाउन सकिन्छ। त्यस्तै पोखरा उपत्यका, पर्वत, धम्पुस, सराङकोट समेत देखिने हुनाले भ्यू टावरको योजना पर्यटन मन्त्रालयमा दर्ता गरेका छन्।

यो स्थान विगतमा भिच्चुक देउराली भनेर चिन्ने गरिन्थ्यो। भालुको पित्तजस्तो सानो टापु थियो यो। २१०० मिटर उचाईमा भएकोले औधी चिसो हुन्थ्यो। पानीको समेत अभाव थियो। ट्रेकिङ रुट हाल्दा भने रमणीय यो स्थललाई धम्पुसेहरुले प्रितम देउराली नामाकरण गरिदिएका हरिमानले जानकारी गराउँछन्।

२०४९-५० सम्म लुम्ले-७ टोल्काको वडाध्यक्षको भूमिका निर्वाह गर्दा विकास निर्माणका धेरै नै कार्यहरु गरे। विदेशी पर्यटकबाट आर्थिक संकलन गरी गोरेटो निमार्ण गरे। मोदी खोलादेखि प्रितम देउरालीसम्म ढुङ्गाका सिँढी बनाए। मोदी खोलामाथि झोलुङ्गे पुल हाले। टोल्का-८ मा खानेपानी योजना सम्पन्न गरे।

२०४४ सालमा पर्वत, लाङदीका ब्रिटिश लाहुरेकी छोरी भीमकुमारी गुरुङलाई जीवनसाथी बनाएपछि तीन सन्तानका अभिभावक बनेका छन्। ०५१ सालतिर हङकङमा आइडी किनेर तीन वर्ष बसे। अमेरिका १ वर्ष र युकेमा नौ वर्ष। त्यसपछि ६ वर्ष अघि स्वदेश फर्केर उर्जाशील जीवन व्यतीत गर्दैछन्। २० मुलुक भ्रमण गरेकाले विहंगम अनुभुति छ, उनको। कसरी समाज सेवा र आर्थिक स्वालम्वन बन्ने पूरापूरा ज्ञानको भण्डार छ। फररर इग्लिश बोलेर होटेलमा पाल्ने विदेशी पर्यटकलाई मक्खै पार्छन्।

कसले भन्छ उनलाई उच्च शिक्षा लिनबाट बञ्चित भएको भनेर ? हाल उनी हिमालयन मा.वि., टोल्का व्यवस्थापन समितिका अध्यक्ष, लुम्ले घान्द्रुक बाटो निर्माण समितिका सल्लाहकार हुन्। यिनै संस्थागत संलग्नताले नै उनको व्यस्तता कति हुँदो हो ? सहजै अनुमान लगाउन सकिन्छ।

उनी कुनै बेला कम्युनिष्टका निकट थिए। नेताहरुका स्वार्थीपनले उनलाई टाढा पुऱ्यायो। त्यसपछि राजनीतिबाट सन्यासको घोषण गरे। समाजसेवामा सकृय हुनासाथ राननीतिक दल निकट भएको खण्डमा मात्र मनसुन चल्दोरैछ भन्ने अनुभुत गरे। यो क्षेत्र एकालेको हो। काँग्रेसको चाहि वीउ नै खोज्नुपर्थ्यो। त्यसैले यिनी जस्ता निःस्वार्थी, कृयाशील व्यक्तित्वलाई नेपाली काँग्रेसले टपक्क टिप्यो। क्रियाशिल सदस्यता नै प्रदान गऱ्यो। सामन्ती शोषकको विरोध बामपन्थी पार्टीले गरे पनि काँग्रेस चाँहि मौन रहेको ठम्याई छ।

यिनको राशीको नाम भने धनबहादुर हो। बच्चामा ७ वर्षसम्म यिनको वाक्य फुटेन। टाठो चाही थिए। एउटी बुढीले कि राम्रो हुन्छ कि नराम्रो भन्दै हरिमान नाम राखिन्। १० वर्षको उमेर पुग्दा वाक्य फुटेर बल्ल स्कुल गएका थिए, उनी।

यिनको अभिरुची समाजसेवा र खेलकुदमा समेत छ। फुटवल, भलिवलका राम्रा खेलाडी भएकाले खेल प्रतियोगिताहरुमा स्थानीय रुपमा आर्थिक सहयोग गर्दै आएका छन्। नाचगान भनेपछि हुरुक्कै हुन्छन्। विद्यार्थी युनियनको अध्यक्ष र जननिर्वाचित अध्यक्ष बन्दा औधी खुसी भएको बताउछन्। समाजसेवा गरेवापत प्रशस्त प्रशंसा-पत्र ग्रहण गर्दा हर्षले पुलकित भएका छन्। परन्तु, पढाइमा पूर्णविराम लागेको सम्झदा भने खिन्न हुन्छन्।

यो उमेरसम्म सकारात्मक प्रवृत्ति र प्राकृतिक जीवनशैलीले गर्दा नियमित औषधि सेवन गर्नुपरेको छैन। राती नौ बजे नै सुतेर ५ बजे बिस्तारा छाडिसक्छन्। पदयात्रा र विदेश भ्रमण उनको निजी शौख हो।

विकासप्रेमी यी नेता जीवनपर्यन्त हरिमानको कीर्ति राख्न चाहन्छन्। कहीकतैबाट खासै सहयोग नपाए पनि बकु ध्यानम् गरेका छन्। जनजाति समुदायमा राजनीति गर्नेलाई छोरी दिन चाहन्नन्। यिनले भने चौतर्फ हात हालेर पनि सफलताको शिखर चुम्दैछन्। गेष्टहाउसलाई स्तरोन्नती गरी १२ कोठे सहितको दुईतले भवन करोडौंको लगानीमा निर्माण गर्दैछन्। मुत्युपर्यन्तमात्र गुणगान गाउने नेपाली समाजमा यस्ता व्यक्तित्वको जिवित छदै समाज र राष्ट्रले उच्च मूल्याङ्कन गरेको खण्डमा अझ प्रोत्साहन मिल्नेथियो नै।

# क्रिसमस–महाभारत–जेसीज निर्वाचन–२०१९



मथुरा पिया

क्रिसमसमा बाहिर कतै खाना खान जाने कार्यक्रम बन्यो । २५ डिसम्बर २०१९ क्रीस्ट जन्मेको दिन । यस दिनलाई क्रीसचियनहरुले पर्वको रुपमा मनाउने गर्दछ । यसैले यो दिनलाई क्रीसमस भनेको होलान् । अब त यो पर्व सरावरी भएको छ । साँझपख बुटवल बेकरिज भित्र छिरे । भित्र बत्तीको झिलीमिली छ । कताकतै फुलको तोरन पनि झुण्डयाइएको छ । नवजोडीहरुले धेरै टेबलरहरु ओगटेके छ । एउटा टेबलमा जेसी मित्रहरु गफिदै गरेको अवस्थामा पाए । टेवलभरी विभिन्न खानाको परिकारहरु पस्किएका छन् । संगै बसौ भन्न थाले साथीहरुले । श्रीमतिले भेजीटेबल सुप, चीज पिजा, लिक्यूड भिजिटेबल मम खान्छु भन्न थाली । मासुको आइटम त केहि पनि परेन नी । मैले भने । मंगलबार रहेछ । वर्तको दिन । श्रीमति फेसबुक चलाउन थाली । म चाहि साथीहरुसंग गफिन थाले । जेसीजको निर्वाचन बारे हो । हप्तादिन पछि इलेक्सन छ । अहिलेसम्म चारजना अध्यक्षको उम्मेदवार देखिएका छन् । निकैबेरसम्म यसै बिषयमा गज्याङगुजुङ बहस चल्यो । श्रीमतिले घर जौ भन्न थाली । निस्कने बेलामा मैले पोमीग्रेनेट जुस र श्रीमतिले भेनिला आईसक्रिमले मुख रसिलो बनायौं । साथीहरुले पछि निर्वाचन स्टलमै भेट्ने भन्दै हेप्पी क्रिसमस मेरीक्रीसमसले शुभकामना दिए ।

बाहिर चिसो छ । शितलहर छ । स्ट्रीटलेम्पको प्रकाश मधुरो छ । हावा चलीरहेको छ । धुलोले बाटो क्रस गर्न गाह्रो भएको छ हामीलाई । बल्ल बल्ल घर भित्र छिर्यौं । हिटर अन गर्नुपर्ने नै भयो । क्रीसमस मेरी क्रीसमस भन्दै श्रीमति सिरियलमा ध्यान लगाउन पुगिन । आफुलाई पुस्तक पढौ भन्ने भयो । पढ्नलाई कुन पुस्तक छानौं, दोधारमा पुगे । टेबुलमा महाभारत सम्बन्धी चारवटा पुस्तकहरु छन् । ती हुन डा.प्रतिभा रायको द्रौपदी, चक्रपाणी चालिसेको नेपाली संक्षिप्त महाभारत, दुण्डीराज कोहिरालाको महाभारत र नीलम कार्की निहारीकाको चीरहरण । सुरुमा चक्रपाणी चालिसेको पुस्तक नेपाली संक्षिप्त महाभारत पढ्न शुरु गरे । पढ्दैगर्दा रातको १० बजीसकेछ ।श्रीमति कराउन थाली । अबेला भयो । सुत्न आउने होइन । तर आफुलाई पुस्तक पढ्न छोड्न मन लागेको होइन । साह्रै रमाइलो घटनामा अलमलिरहेको छु । पाठक माझ उक्त घटना यहाँ उद्धृत छ । एकदिन महाराजा शन्तनु यमुनाको तटवर्ती सुमधुर स्वच्छ वायुको सेवन गर्ना निमित्त टहलिरहेका थिए । अकस्मात उनलाई एक अद्‌भूत सुगन्धको संचार भएको अनुभव हुन थाल्यो । त्यस्तो सुगन्ध उनले त्यहाभन्दा अघि कहिल्यै अनुभव गरेका थिएनन् । यसैले उनी यो अपूर्व सुगन्ध कहाँबाट आयो भनी यताउती अनुसन्धान गर्न थाले । केहिबेरपछि उनलाई यो सुगन्ध समीप वर्तिनी कुनै देवाङ्गनासदृश रुपलावण्यवसालिनी-धीवरकन्याको मुखार विन्दबाट प्रवादित भएको रहेछ भन्ने ज्ञान भयो । उनी सहसा आश्चर्ययुक्त हुँदै धिवरकन्याको समीपमा गएर भन्न थाले सुन्दरी । तिमी को होउ ? किन यहाँ आएर बसेकी छौं ? यस यमुनाको तटमा निम्रो नियत कार्य के छ ? राजाको प्रश्नसुनेर धीवरकन्याले भनिन्, महाराज । म एक माझीको छोरी हु । मेरो नाम सत्यवती हो । यहाँ पिताजीको आज्ञाले नाउ चलाउने काम गरी बसेको छु ।

धीवरकन्याको यस्तो सुमधुर वचन सुन्दा उनको अलौकिक रुप सौन्दर्य देख्दा र उनको शरीरको आश्चर्यकारी सुगन्ध अनुभव गर्दा महाराज शन्तनुको हृदय मुग्ध भयो । उनले ती अलौकिक सुन्दरीलाई आफ्नो पत्नी बनाउने इच्छा उनको मनमा प्रवल भएर जाग्यो । र उनले सत्यवतीसंग प्रेम भीक्षा (विवाह) मागे । सत्यवतीले भनिन् मेरो पिता माझीहरुको सरदार हुनुहुन्छ । उहाँको अनुमति लिनुहोस् अनि मात्र म तपाईको पत्नी हुन तयार हुनेछु । रातको ११:३० बजीसकेछ ।

पुस्तक छोड्न मन लागेको होइन । उक्त घटनाले म अचम्मित भए । राजा भएर पनि बिछट्टै राम्री भएकीले माझीको छोरीलाई पनि विवाह गर्न तयार भएको देख्दा । (राजा) आफु कुमार भए एउटा कुरा । घरमा देवब्रत नामको लाठे छोरा छ । बिचरा देवव्रतले बाबाको विवाहको लागि जिन्दगीभर ब्रह्मचारी बस्नुपर्ने बाध्यता सृजना भयो । यसैले देवब्रतलाई भिष्म पितामह भन्ने गरिन्छ ।

२७ डिसेम्बर २०१९ को दिन अर्को पुस्तक चिरहरण पल्टाए । यो पनि महाभारत कथामा केन्द्रित फरक कोणबाट लेखिएको उपन्यास हो । सत्यवती देखि द्रौपदीसम्म पुग्दा नारीले भोग्नुपरेका सामाजिक विवशता र हिंसामात्र होइन, धृतराष्ट्रको सिंहासनमोह, सकुनी षडयन्त्र अनि महायुद्ध जस्ता घटना वर्तमान समयमा पनि परिघटित छन् । कुन्तीको पुत्र त्याग या द्रौपदीको चिरहरण अहिलेको समाज पनि यस्ता बिडम्बनाबाट मुक्त हुन सकेको छैन । लेखनलाई नारी चेतना र अस्तित्वलाई केन्द्रमा राख्ने निलम कार्की निहारिकाको यो उपन्यास द्धापरयुगको यस्तो ऐना हो, जसमा हामीले भोगिरहेको समाज प्रतिबिम्बित छ । तर यहाँ कर्मको बिषयमा मात्र छुस्स छोएको छ ।

पुस्तक एक चित्तले पढ्दै थिए । भित्रको एउटा सानो घटनाले मेरो मन चिसिक्क भयो । घटना यसप्रकार छ । स्वयम्बर मण्डपमा एउटा ठूलो फलामे धनुष राखिएको थियो । त्यसको डोरी पनि फलामकै थियो । माथितिर धेरै अग्लो स्थानमा एउटा सुनको माछा झुण्ड्याइएको थियो । ठिकै त्यसैमुनी एउटा चमकदार यन्त्र फनफनी निकै बेगले घुमिरहेको थियो । राजा द्रुपदले घोषणा गरे- जुन राजकुमारले यसै गऱ्हौ धनुषलाई तानेर ताँदो चढाई माथितिर घुमिरहेको गोलयन्त्रको माध्यमबाट वाण छिराई निसानलाई झार्छ उसैलाई द्रौपदीले माला लगाई दिनेछिन् । सूर्यास्तको समय नजिकिदै थियो । बीर भन्नेहरु कोही कसैलाई सफलता प्राप्त हुन सकेन । यसैबिच एक पुरुष अतिनै आत्म विश्वासका साथ उठे । उनको कानमा झुण्डिएको ठूलो कुण्डलीले बेग्लै चमक थियो । बाहिरी स्वरुप हेर्दा उनी नराम्रा थिएनन् । उनको हाउभाउमा उच्च आत्मविश्वास झल्कन्थ्यो, पूर्ण आत्मविश्वासका पाइला लक्ष्य भेट्न तर्फ अघि बढे । हेर्दाहेर्दै उनको त्यस हिंडाई एकप्रकारको अहम देखे । उनी धनुष निकट पुगे । अनि छायामा हेरेर म (द्रौपदी) तर्फ एक दृष्टी दिए । मैले उनको (कर्ण) हेराइमा क्रोध देखे । मैले (द्रौपदी) हतारिएर भने, ठूलो स्वरमा भने महाशय, यहाँले यो लक्ष्यभेदनमा भाग लिन सक्नुहुन्न । यी पाञ्चाल राजपुत्री द्रौपदी यहासंग विवाह गर्न मंजुर हुनेछैन । भागलिन म बाट अस्वीकत भएका ती पुरुष झन क्रोधित भई मलाई हेरे । जहाबाट धनुष उठाएका थिए त्यही राखेर एकपल नसोची नरोकिई त्यहाबाट बाहिरिए ।

अर्का एक प्रतिस्पर्धी भयंकर स्वरमा बोले । सारा जगत जान्दछ, मेरो मित्र कर्ण दुनियामा सवोच्च धनुधारी हो । मलाई पूर्ण विश्वास छ मेरो मित्र कर्णले अवसर पाउछन् भने दुवै आँखा बन्द गरेर नै लक्ष्य भेदन गर्न सफल हुनेछ । उनलाई सहभागी हुन नदिनु महा अन्याय हो, अपमानित हो ।

पुस्तक पढ्दै गएपछि कर्णबारे अरु थप कुरा थाहा भयो । विवाह अघि नै सूर्यबाट गर्भवती भएर कुन्तीले कर्णलाई जन्म दिएकी थिइन् । लोकलाजका कारण उनले शिशुलाई बाकसमा हालेर गंगामा बहाईदिइन् । बग्दैबग्दै पर पुगेपछि गंगा किनारमा बस्ने सारथी अधिरथले उनलाई उद्धार गरे । पत्नी राधाले शिशुलाई पुत्रको रुपमा प्रेमपूर्वक लालनपोषण गरिन् । ठूलो हुंदै जांदा कर्ण सारथी हुनुभन्दा धनु बिद्यामा रुची देखाउन थाले । यसैले उनी परशुरामजी संग ब्रहमशास्त्रको मन्त्र सिक्ने इच्छा भयो । उनलाई परशुरामजीले ब्राहमण बाहेक कसैलाई पनि उक्त विद्या सिकाउँदैन भन्ने थाहा थियो । त्यसैले उनी ब्राह्मण भेष गरेर परशुरामजी कहां गएर मलाई शिष्य स्वीकार गर्नुहोस् भन्दै प्राथना गरे । परशुरामजीले उनलाई ब्राम्हण सम्झिएर शिष्य बनाए । यसरी कर्णले ब्रम्हास्त्र चलाउन जाने । यस्ता पराक्रमी धनुधारी सूर्यपुत्र कर्णलाई द्रौपदीले रुचाएनन् । सायद कर्ण माझीकहाँ हुर्केकोले पनि यो नौवट आएको हुन सक्छ । त्यो बेला फेमिली डिष्क्रिमिनेशनको पनि ठुलो गनीमत हुन्थ्यो ।

२०७६ पौष १८ गते शुक्रबारको दिन बुटवलमा सिमसिम पानी पर्न थाल्यो । मौसम साह्रै चिसो हुन पुग्यो । यसैबिच जेसीजको बार्षिक साधारण सभाको कार्यक्रम छ । १७ जना त चुनावी मैदानमा छन् । चारजना त अध्यक्षमा लड्दै छन् । निर्वाचन कार्यक्रम फुडलैण्डको सभाकक्ष मिलनचोकमा प्रारम्भ छ । उम्मेदवारहरु ट्रेनिङ कोर्षमा बस्नुपर्ने बाध्यता रहन्छ । जेसीज एउटा युवा लिडर र इण्टरप्रेनरहरुको फेडेरेसन हो । हरेक संस्थाको आफ्नो टाग लाइन हुन्छन् । जेसीजको टागलाइन भन्नाले प्रगतिशिल नेताहरुले संसारलाई परिवर्तन गर्नु हो । सकारात्मक पक्षमा जोड दिने गर्दछ । जेसीज एउटा ग्लोबल

सिटिजन हो। यूयोनडिपीले सन् २०१५ देखि नव अवधारणा ल्याएको छ। यस्को परिपूर्तिको लागि जेसीज जस्तो नेतृत्वदायी संस्थासंग हातेमालो कार्यक्रम अगाडि बढाएको छ। स्वास्थ्य, शिक्षा, वातावरण, करपसन न्यूनीकरण, जेण्डर इक्वालिटी आदि क्षेत्रमा छन्। समृद्धि र विकासको लागि लैङ्गिक समानता अनिवार्य र अपरिहार्य छ। यसको लागि विश्वको धेरै मुलुकहरुमा विभिन्न तवरले काम गर्दै आएका छन्। तर कुनै पनि मुलुकले पूर्ण समानता हासिल गर्न सकेको छैन। तैपनि समय समयमा लैङ्गिक समानताको अवस्था बारे पहल चाही भैरहेकै छ। विश्व आर्थिक मञ्चले विश्वव्यापी लैङ्गिक समानता अन्तराल सम्बन्धि प्रतिवेदन २०२० प्रकाशित गरेको छ। त्यसमा सन् २०१८ को तथ्याय प्रस्तुत गरेको छ। प्रतिवेदनमा लैङ्गिक समानता अन्तराल सुचाय गणनाका लागि महिला र पुरुष विचको चार वटा अवस्थालाई आधारमानी मापन गरिएको छ। १) स्वास्थ तथा जीविकाको स्तर २) शिक्षा प्राप्तीको अवस्था ३) आर्थिक सहभागिता तथा औषत ४) राजनैतिक सहभागिता। ननजेसीजको सकारात्मक परिवर्तनको लागियस्ले नेतृत्वदायी भूमिका अगाडि सारेको छ। यसभित्र प्रजातान्त्रिक एक्ससाइज बढि छ। निर्वाचन प्रक्रिया पनि खुल्ला हुने गर्दछ। ककस यस्को सशक्त माध्यम हो। प्रशिक्षक रविन पोखरेलले बताए। जेसीजले व्यक्ति विकासको लागि पहल गर्दछ। व्यक्तित्व विकास नेतृत्व विकाससंग जोडिएको छ। नेतृत्व विकासको लागि लिडरसिप एक्सन कोर्ष यस्को प्रथम कार्य हो। गैरसरकारी संस्थाहरु यूएन इण्टरनेशनल चेम्बर अफ कमर्श, पान अमेरिका हेल्थ अर्गनाइजेशनका अफिशरहरुसंग हातेमालो गर्ने चान्सेस यसमा बढि छ। ट्रेनिङ कोअर्डिनेटर राजु पौडेलले बताए।

सिनेटर (अमेरिका संसद सदस्यलाई सिनेटर भनिन्छ) सिप गठन गर्ने पहलमा छ। संस्थामा प्रजातान्त्रिककरण र एकरुपताको लागि यस्ले मद्दत गर्दछ। रुख रोप्नु छ। देश ग्रान्टले चल्ने नचल्ने विषयमा सेमिनार गर्ने कार्यक्रममा छ। अन्य अन्तर्राष्ट्रिय संस्थाहरु लायन्स, रोटरीसंग हातेमालो गर्ने कार्यक्रम छ। यस्ले वातावरणीय र स्वास्थ्य सम्बन्धी क्रियाकलाप गर्न टेवा मिल्नेछ। अध्यक्ष उम्मेदवार राजिव गौतमले बताए। समय बलवान छ। कुन बेला, कति बेला के हुन्छ केही थाहा हुँदैन। कसैले भन्न सकिने कुरा पनि होइन। समय परिबन्दभित्र पनि पर्न सक्दछ। अर्का अध्यक्षका उम्मेदवार गोपाल चापागाईले बताए। आफ्ना प्रतिद्वण्दी मित्र राजीवलाई टिका लगाई दिए। बधाई दिए। आफु २०२० को नेतृत्वलीनबाट पन्छिए। त्यस पश्चात हल भित्र बत्ती मलिन हुँदै गए। सदस्यहरु मौन रहे। अन्य दुई जना अध्यक्ष उम्मेदवारले चुनावी मैदानबाट बाहिरिसकेको छ। मत पत्र बिनाको चुनाव सम्पन्न भएको छ। जेसीज संगठनमा यस्तो बिरलै हुन्छ। निर्विरोध यस्को विशेषता होइन। कदापी होइन। सबैलाई चेतना भया।

विशेषज्ञद्वारा उपचार गरौं, दीर्घायु जीवन बिताऔं।
भन्ने महान उद्देश्यका साथ प्रदेश नं. ५ को पहिलो ट्रमा सेन्टरमा विशेषज्ञ सेवा प्रदान गर्ने गरी तपाईका सेवामा समर्पित

विशेषज्ञ सेवाहरु:
१ हाडजोर्नी तथा ट्रमा सेवा
२. नशा तथा स्पाइन सर्जरी सेवा
३. न्यूरो सर्जरी सेवा
४. जनरल फिजिशियन सेवा
५. स्त्री रोग तथा प्रसुति सेवा
६. जनरल सर्जरी तथा न्यूरो सर्जरी सेवा
७. नाक, कान तथा घाँटी रोग सेवा
८. म्याक्सीयोफेसीयल सर्जरी सेवा
९. बाल रोग विशेषज्ञ सेवा
१०. फिजियोथेरापी सेवा

विशेषज्ञ सेवाहरु:
१. २४ सै घण्टा इमर्जेन्सी सेवा
२. २४ सैं घण्टा आई.सी.यु. सेवा
३. २४ सैं घण्टा प्रसुति सेवा
४. २४ सैं घण्टा फार्मेसी सेवा
५. २४ सैं घण्टा अत्याधुनि कम्प्युटराइज्ड व्याथोलोजि र प्रयोगशाला सेवा
६. सुरक्षित गर्भपतन परामर्श सेवा
७. जनरल वार्ड सेवा
८. भन्टिलेटर सेवा
९. २४ सैं घण्टा एम्बुलेन्स सेवा




TINAU INTERNATIONAL HOSPITAL PVT. LTD.
(Neuro & Trauma Center)
Butwal-8, Rupandehi, NepaL
Tel. No.: +977-71-541909, 541910, 541577, Email: tinauinternationalhospital@gmail.com

# पहिलो मिस वालिङको ताज बिनालाई

भविष्यमा डान्सर बनी डान्सको कोरियोग्राफी गर्ने सोंच बनाएकी वालिङ ६ धुनबाँसकी बिना थापाले पहिलो मिस वालिङको उपाधि जित्न सफल भएकी छिन्। फ्यूजन नेपालको आयोजना र स्मार्ट ईभेन्टको व्यवस्थापनमा युवतीहरुको अन्तर्निहित प्रतिभालाई उजागर गर्दै पर्यटन भ्रमण वर्ष सन २०२० लाई समेत प्रर्वद्धन गर्ने उद्देश्यले आयोजना गरेको प्रतियोगितामा २२ वर्षीय बिनाले मिस वालिङको उपाधिसंगै नगद रु १ लाखसहित मिस गण्डकीमा प्रवेश गर्ने अवसर प्राप्त गरेकी छिन्।

मगर चलचित्र खुर्पेटोकी नायिका समेत रहेकी बिनालाई प्रतियोगिताका निर्णायकले सोधेको पर्यटन प्रवर्द्धन सम्बन्धी "नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न तपाईको भूमिका के रहन्छ ? भन्ने प्रश्नको जवाफमा "नेपाल भ्रमण वर्ष २०२० पर्यटन, विकास र समृद्धिको योजना हो । सरकारले २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ, पर्यटकलाई दीर्घकालीन पाहुनाको रुपमा राख्नलाई सबैले आ– आफ्नो तर्फबाट योगदान पुर्‍याउनु पर्छ। पर्यटन प्रबर्द्धनमा गैर सरकारी संस्था, नेपाल सरकारका तीनवटै तहबाट ठूलो प्रयास भईरहँदा हामी सचेत नागरीकका रुपमा ध्यान दिन आवश्यक छ, प्राकृतिक, धार्मिक, सांस्कृतिक र कृषिको सम्भावना हाम्रो वालिङमा छ त्यसैले यसको सुरुवात म आँफैबाट गर्छु " भन्ने भनाईले मिस वालिङको उपाधि जित्न सहयोग पुर्‍याएको थियो । बिनाले अन्तिम चरणका ६ जना युवतीहरुलाई पछाडि पार्दै मिस वालिङको पहिलो टाईटल जित्न सफल भएकी हुन्।

बुबा अरुण कुमार विरकट्टा थापा र आमा इन्दु विरकट्टा थापाका दुई बहिनी छोरी मध्ये जेठी छोरी बिना म्यानेजमेन्टमा स्नातक गरिसकेकी छिन् भने बहिनी ४ कक्षमा अध्यानरत छिन्। डान्सको निकै सोंख राख्ने बिना एसएलसी सकिन बित्तिकै बागेश्वरी र सगरमाथा डान्स सेन्टरमा २ वर्ष डान्स सिकेकी थिइन् । उनले हालसम्म विभिन्न लोक, तीज तथा कल्चर म्युजिक भिडियो अभिनय गरि सकेकी छिन्। शुरु शुरुमा घरबाट नहिड भनेता पनि पछि काम राम्रो भएपछि आमा बुबाले साथरसहयोग गर्दै आएको उनी बताउछिन् । बिनाले मगर संस्कृतिमा आधारित चलचित्र पाहुरमासमेत भूमिका निर्वाह गरेकीछिन् भने मगर संस्कृतिमै आधारित चलचित्र खुर्पेटोमा मुख्य भुमिकाको रुपमा अभिनय गरि २०७६ सालमा वेस्ट एक्टर अवार्ड समेत हाँसिल गरि सकेकी छिन् । बिना हाल भने बुटवलमा देवसिंद्ध बोर्डिङ स्कूलमा डान्स सिकाउने र चलचित्र तथा मोडलिङ क्षेत्रमा कार्य गर्दै आएकी छिन्।

उनले मिस वालिङमा आयोजक फ्यूजन नेपाल अध्ययन तथा अनुसन्धान तालिम केन्द्रबाट बोल्ने कला, नेतृत्व,व्यक्तित्व विकास, मनोसामाजिक परामर्श, महिला सशक्तिकरण जस्ता जीवनमा अति आवश्यक कुराहरु सिकेको बताउछिन् । फ्यूजन नेपालले युवा जागरण अभियान, क्याम्पस र विद्यालयमा शिक्षक, अभिभावक तथा विद्यार्थीको लागि शौक्षिक तालिम कार्यक्रम, वातावरणीय प्रदुर्षण, दिगो विकास, स्वास्थ्य परिवार तालिम , स्वस्थ समाज निर्माण तालिम,स्मार्ट सिटि अवारनेस जस्तो असल व्यवाहार व्यवस्थापन सम्बन्धी विभिन्न विधामा तालिम तथा प्रोजेक्ट सञ्चालन गर्दै आएको छ।



**बिना थापा मगर**
उपाधी विजेता

त्यस्तै मिस वालिङमा प्रतियोगिताबाट वालिङ क्याम्पस रोडकी दिपा पुन फष्ट रनरअप, वालिङ ६ मिर्दिकी लिजन गुरुङ सेकेण्ड रनरअप, हुन सफल भएकी छिन् । दिपाले फष्ट रनरअपसंगै मोस्ट ट्यालेन्टको अर्वाडसमेत जित्दा लिजनले समेत मोस्ट डिसिपिलिनको अर्वाड हात पोकी थिइन् । वेस्ट वार्क र बेष्ट फोटो जेनिथमा चाँदनी आले

, मोस्ट पपुलर अवार्ड सुनिता थापा र वेष्ट पफमेन्स विधामा माया दर्लामी मगरलाई अवार्ड दिईएको थियो।

विजेता तथा उपविजेतालाई पुरस्कार प्रदान गर्दै वालिङ उद्योग वाणिज्य संघका अध्यक्ष एवं समाजसेवी शोभाकान्त पौडेलले यस्ता प्रतियोगिताले स्थानीय प्रतिभा र क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउदै आयोजकको प्रशंसा गर्नुभयो। युवायुवतीहरुकै रुची अनुसार आफ्ना क्षमता र रुचीलाई स्थानीय स्तरदेखि नै प्रर्वद्धन गर्न आवश्यक रहेको भन्दै अध्यक्ष पौडेलले युवा युवतीलाई सही मार्गनिर्देशन् गर्न यस्ता प्रतियोगिताले सहयोग पुग्ने बताउनुभयो । कार्यक्रममा नमूना साना किसान सहकारीका अध्यक्ष पुण्यप्रसाद अर्यालले फरक प्रतियोगिताको आयोजना वालिङमा गरिएको भन्दै युवतीहरुको प्रतिभालाई निखार्न यो एउटा प्लेटफर्म भएको बताउनुभयो । उक्त प्रतियोगितामा फष्ट रनर अपले ५५ हजार, सेकेण्ड रनर अपले ३५ हजार नगद प्राप्त गरेका थिए । फिनालेका अवसरमा चर्चित गायक सुनिल गिरीले समेत आफ्नो प्रस्तुति राखेका थिए । प्रतियोगिताको निर्णायकमा रिवर्थ ईभेन्टका अध्यक्ष तथा हाम्रो गोरेटो




मासिक एवम् जकचयनयचभतय।अफ अनलाईनका प्रधान सम्पादक/प्रकाशक अरुण दर्लामी मगरसंगै टुरिजम ईन्टरनेस्नलका विजेता दुर्गा गुरुङ र मोडल नायिका जेनिता थापा मगर रहका थिए।

'प्रकृति, संस्कृति तथा पर्यटन विकास गण्डकी प्रदेशको पहिचान अन्तर्निहित प्रतिभाको प्रस्फुटन मिस वालिङको अभियान' भन्ने नाराका साथ स्याङ्जाको वालिङ मै पहिलो पल्ट सौन्दर्य प्रतियोगिताको आयोजना गरिएको फ्यूजन नेपालका अध्यक्ष उमेश दर्लामीले बताएका थिए । पहिलो सिजनले आगामी सिजनका लागी थप उत्प्रेरणा र हौसला मिलेको भन्दै सहभागी समेत निकै उत्साहका साथ मिस वालिङमा सहभागी भएको अध्यक्ष दर्लामी मगरले बताए।

मिस वालिङ सौन्दर्य प्रतियोगितासंगै लुकेका भित्री प्रतिभालाई प्रस्फुटन गर्न र उचाईका थप सिँढिहरु पार गर्न प्रतियोगिता कोशेढुङ्गा सावित भएको व्यवस्थापक स्मार्ट ईभेन्टका अध्यक्ष सगुन रानाले बताए । ईभेन्टका अध्यक्ष रानाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव स्वीकार कोईराला, उमेश दर्लामी र श्रेया महर्जनले गरेकी थिइन् । फिनालेका अवसरमा सांस्कृतिक नृत्यहरु समेत प्रस्तुत गरिएको थियो।

हार्दिक शुभकामना

मगर समुदायको प्राचीन मौलिक तथा सांस्कृतिक राष्ट्रिय पर्व **माघे सकराती**को अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण दाजुभाई, दिदीबहिनी तथा शुभ चिन्तकहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

न्यू कालिका मेटल उद्योग

बुटवल-११, देवीनगर, रुपन्देही



हामीकहाँ स्टील गेट, रेलिङ, फेन्सी गेट, ट्रष्ट तथा फलाम सम्बन्धी सम्पूर्ण कामहरु ग्यारेण्टीका साथ तयार गरिन्छ ।

# ल्होसारमा बिदा नभए वृहत आन्दोलनको चेतावनी

**स्याङ्जा जिल्ला वालिङ नगरपालिका ३ मा जन्म भए पनि हाल बुटवल उ.प.म नगरपालिका ७ मा स्थायी बसोबास गर्दै आएका ओम प्रकाश गरुङ २०५२ सालमा नेपाल विद्यार्थी तमु ह्युल छोंज धीं संगठन स्थापना भए पछि तमु ह्युल छोंज धींमा विद्यार्थीकाल देखि नै आवद्ध हुदै आएका छन् । २०५३ सालमा बुटवल बहुमुखी क्याम्पसमा तमु ह्युल छोंज धीं इकाई समितिको सचिवमा रहेर काम गर्दै आएका गरुङ त्यस लगत्तै तमु विद्यार्थीको रुपन्देही जिल्ला सचिवमा रहदै आएको केही वर्षपछि तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद रुपन्देहीको संयोजक समितिको सदस्य भएर ५ वर्ष काम गरेका थिए । तमु ह्युल छोंज धींको विधान अनुसार २०७० सालबाट जिल्ला समितिको सदस्य हुदै अहिले रुपन्देही जिल्ला सचिवमा रहेर सक्रियरुपमा काम गर्दै आएका ओम प्रकाश गुरुङसाग तमु ह्युल छोंज धीं ल्होसार सम्बन्धि हाम्रो गोरेटो राष्ट्रिय मासिकका लागि कार्यकारी सम्पादक चन्द्रा थापा र सह सम्पादक सीता गाहाले गरेको कुराकानीको सारसंक्षेपः**

**तपाई आवद्ध भएदेखि मनाउँदै आएको ल्होसार पर्व र अहिले मनाउँदै गरिएकोल्होसार पर्वमा के फरकपन पाउनुभएको छ ?**

ल्होसार हाम्रो गुरुङहरुको पहिले परम्परादेखि चलनचल्तीमा मनाउँदै आएको पर्व हो । हिजोका दिनमा पौष १५ लाई नयाँ वर्ष र एउटा वर्गलाई विदाइ र अर्को वर्गलाई स्वागत गर्ने रुपमा मात्र बुझिन्थ्यो भने अहिले त्यति मात्र नभएर यसलाई देश विदेशमा छरिएर रहेका सम्पूर्ण तमुहरुले वृहतरुपमा पर्व र नयाँ वर्षको रुपमा मनाउँदै आएका छन् ।



**ओम प्रकाश गुरुङ**
सचिव-तमू ह्यूल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्, रुपन्देही

**साप्ताहिक कार्यक्रम मनाउँदै गर्दा विदा कटौतीको विरुद्धमा पौष १५ लाई सार्वजनिक विदा दिनुपर्छ भन्ने माग सहित आन्दोलनमा आउनु भएको थियो त्यसबारे केही कुरा बताइदिनुस न ?**

२०५६ मा तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद स्थापना भएदेखि राष्ट्रिय विदा दिएको अवस्था थियो तर २०६२/६३ को जनआन्दोलन पछि गुरुङहरुको ल्होसार लगायत आदिवासी जनजातिहरुकोपर्वलाई सस्थागत गर्नुको सट्टा विदा कटौती भइरहेका अवस्थामा तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद केन्द्रिय समितिबाट आन्दोलनको रुपमा मनाउँने एउटा सरकुलर आएको थियो त्यसै सिलसिलामा हामीले प्रदेश ५को संयोजकत्वमा हजारौको उपस्थितिमा साङ्लो जुलुस प्रर्दशन कार्यक्रम सम्पन्न गरेका थियौ । नेपाल सरकारले तमु ह्युल छोंज धींको ल्होसार र आदिवासी जनजातिहरुको पर्वलाई जातिय पर्वको रुपमा सिमित राखेको हुनाले जसरी अरु पर्वहरु दशै तिहारमा राष्ट्रिय विदा हुन्छ त्यसरी नै हाम्रो आदिवासी जनजातिहरुको पर्वलाई पनि सार्वजनिक विदा घोषणा गर्नुपर्छ भन्ने माग सहित आन्दोलन गरेको हुँदा गण्डकी प्रदेश दुईले तमुहरुको ल्होसार पौष १५ लाई सार्वजनिका विदा गरेको थियो छ । त्यो एउटा आदिवासी जनजातिहरुको नजरमा छारो हाल्ने काम भएको बुझिन्छ । तर हामी गुरुङहरु गण्डकी प्रदेशमा मात्र सिमित छैनौ हाम्रो गुरुङहरु नेपाल अधिराज्यभरि छरिएर बसेका छन् त्यसकारण हाम्रो पर्वमा सातै प्रदेशमा सार्वजनिक विदाको माग सहित शान्तिपूर्ण आन्दोलन गरेका थियौं । रुपन्देहीको सम्पूर्ण स्थानीय तहलाई ल्होसारमा सार्वजनिक विदा घोषणा गर्नुपर्छ भन्ने माग सहित जिल्ला समिति मार्फत ज्ञापन पत्र पनि बुझाएका थियौ भने प्रदेश समितिले पनि प्रदेश सरकारलाई ज्ञापन पत्र बुझाएको थियो ।

**तर राज्यले त यहाँहरुको मागलाई सुनिश्चित गरेन नी अब राज्यप्रति यहाँहरुको भुमिका कस्तो रहन्छ ?**

हाम्रो शान्तिपूर्ण आन्दोलनबाट आदिवासी जनजातिहरुको पर्वमा आगामि दिनमा पनि सार्वजनिक विदाकोरुपमा घोषणा भएन र राज्यले हाम्रो माग सम्बोधन गरेन मने सम्पूर्ण आदिवासी जनजातिहरु एकजुट भई केन्द्रिय समितिबाट वृहतरुपमा आन्दोलन गर्दै जाने हाम्रो योजना रहेको छ।

**गत वर्षको ल्होसार भन्दा अहिलेको ल्होसार कार्यक्रममा तमु ह्युल छोंज धींलाई थप उर्जा दिने केही फरकपनको कार्यक्रम पनि राख्नु भएको छ कि ?**

अहिले तमु ह्युल छोंज धीं राष्ट्रिय जिल्ला समितिले सप्ताहव्यापी रुपमा जिल्लाभरि छरिएर बसेका गुरुङहरुलाई एकताबद्ध बनाउन विभिन्न सप्ताहव्यापी कार्यक्रम गरेका थियौ। जस्तै नगरको सम्पूर्ण इकाईहरुमा सरसफाई अभियान कार्यक्रम तथा विभिन्न आश्रम र हस्पितलहरुमा फलफुल वितरण कार्यक्रम पनि सम्पन्न गरेका थियौ तथा विभिन्न इकाईहरुमा युवाहरुलाई लक्षित गरी खेलकुद् प्रतियोगिता कार्यक्रमहरु पनि भएका थिए। पौष १४ गते रुपन्देही जिल्लाको ५ वटा नगरपालिका र २६ वटा इकाई लगायत ३ वटा भातृ संगठन संथाहरुको संयुक्त र्‍याली बुटवल ट्राफिक चोकबाट शुरु भएर विस्क्याम गुम्बामा आएका थियौ र ५ नम्बर प्रदेशका उद्योग तथा वातावरण मन्त्री लिला गिरीको प्रमुख आथित्यता रहेको थियो भने नगर र इकाईको सम्पूर्ण गुरुङहरु आफ्नो भेषभुषा र गुरुङ भाषाकै गीतमा विभिन्न कलाकार भाइ बहिनीहरुको नृत्य प्रतियोगिता सम्पन्न गरेका थियौ साथै त्यसै दिन राती बाह्र बजे पछि मृग वर्गलाई विदा गरी मुसा वर्गलाई स्वागत गर्दै केक काट्ने कार्यक्रम भएको थियो र १५ गते विहानै गुम्बामा पुजापाठको कार्यक्रम पछि दिउसो औपचारिक कार्यक्रममा बुटवल उपमहानगरपालिकाको शिवराज सुवेदीको प्रमुख आथित्यता लगायत विभिन्न राजनितिक दलका प्रतिनिधिहरुले कार्यक्रम सम्बोधन गरी ल्होसार कार्यक्रम सम्पन्न



भएको थियो।

**हजुर तमु ह्युल छोंज धीं रुपन्देही जिल्ला सचिवमा रहदै आउनु भएको छ आज सम्म तमु ह्युल छोंज धींको मन जित्ने कामहरु के के गर्नु भयो ?**

सर्वप्रथम त हामीले सम्पूर्ण गुरुङहरुलाई एकताबद्ध गर्ने काम गरेकाछौ अर्को कुरा २०५२ सालबाट विभिन्न समस्यामा आइरहेको खेमा लिपिलाई हाम्रो कार्यकालमा बुटवलमा पारषद भेला राख्यौ त्यही पारषद भेलाबाट खेमा लिपिलाई पारित गरी त्यसै माध्यमबाट नेपाल अधिराज्य भरि विभिन्न क्लास दिनुका साथै भारतको सिक्किम राज्यमा पनि ं२ सम्म क्लास भइरहेको छ यसलाई हामी एउटा उपलब्धिको रुपमा लिएका छौ।

**त्यसो भए हजुरको कार्यकाल अवधि भित्र तमु ह्युल छोंज धींलाई अझै सशक्त रुपमा अगाडि बढाउन के कस्तो भिजन तय गर्दै हुनुहुन्छ ?**

पहिलो कुरा हाम्रो अन्डर ग्राउण्ड पार्किङ सहित १७ करोड बजेटको सभाहल प्रोजेक्ट छ त्यसलाई जगमात्र भए पनि उठाउने हाम्रो योजना छ। बजेटका लागि एक घर एक हजार रकम संकलन अभियान लगायत नेपाल सरकारसँग पनि विभिन्न माध्यमबाट आर्थिक संकलन गर्ने योजना छ भने विदेशमा रहेका विभिन्न देशका प्रतिनिधिहरु मार्फत रकम संकलन गर्न अनुरोध गरेका छौं साथै रुपन्देही जिल्लाबाट खेमा लिपि पारित भएको कारण प्रत्येक इकाईमा खेमा लिपि क्लास संचालन गर्ने र युवा वर्गलाई लक्षित गरि आदिवासी जनजाति महासंघको कोटामा आएको बजेट बेरोजगार युवाहरुलाई रोजगार मुलक तालिम संचालन गरी रोजगार सृजना गर्ने योजना राखेका छौं।

**अन्य कुन-कुन संघसंस्थामा आबद्ध हुनुहुन्छ ?**

म रेयूकाइ १७ औ शाखाको उपप्रमुखमा रहेर थुप्रै वर्ष काम गरे, सुप्रिम सहकारी संस्था लि.को अध्यक्ष रहँदै आएको छु र हाम्रो स्याङ्जाली गढ भाइ समाजको अध्यक्ष, जिल्ला भलिबल संघको सदस्य लगायत तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् रुपन्देहीको सचिवमा रहदै आएको छु।

**अन्त्यमा मैले सोध्न भुलेका र तपाईलाई भन्न मन लागेका केही कुराहरु छन् की ?**

सर्वप्रथम त तमु ह्युल छोंज धीं को ल्होसार सम्बन्धि केही कुरा राख्ने मौका दिनुभएकोमा तपाईहरु लगायत हाम्रो गोरेटो अनलाइनलाई धन्यवाद दिन चाहान्छु साथै देशविदेशमा रहेका सम्पूर्ण नेपालीहरुलाई तमु ल्होसार २०७६ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

# लाहुरेले सञ्चालन गरेको कृषि व्यवसाय

• चन्द्रा थापा मगर

पाल्पा जिल्ला तानसेन न.पा.१३ बौघा गुम्हा नाई कुवामा २०१४ सालमा जन्म भएका देव बहादुर बगाले मगर २८ वर्ष भारतीय सेनामा कार्यरत अवकाश प्राप्त भू.पू. लाहुरे हुन्। भारतीय सेनामा गोर्खालीको शान जति उच्च हुन्छ उतिनै गर्विलो र उच्च शान रिटायर पछि नेपालमा लाहुरेहरुको पनि उत्तिकै हुन्छ। २०३१ सालमा भारतीय सेनामा भर्ती भएर २८ वर्ष पछि सु.मेजरमा अवकाश भएका देब बहादुर बगाले मगरलाई धन सम्पत्तिको कुनै खाँचो थिएन।

उनले २८ वर्षसम्म उर्जाशील जीवनका केही समयहरु पसिना बगाउदै दुस्मनको गोली र बन्दुकसँग लडेर आर्जन गरेका सम्पत्ति र अवकाश पछिका पेन्सनले आफु र आफ्ना घरपरिवारलाई जिविका चलाउन राम्रैसँग पुगेको थियो । यद्यपी अवकाश पछिको बाँकी समयलाई सदुपयोग गर्दै उनी अहिले कृषि व्यवसायतिर लागेका छन्। उनी लाहुरे परिवारमा जन्म भए पनि पहाडी परिवेशमा घाँस, दाउरा,पानी पँधेरो गरी औषत नेपाली बालबालिकाहरुको जस्तै उनको बालापन वितेको थियो।

बुवा लाहुरे भएका कारण उति बेलाको लाहुरे हुने प्रवृतिले उनलाई पनि छोएको हुँदा मनमा लाहुरे हुने चाहना भएकोले तानसेन पद्यम पव्लिक हाईस्कुलमा कक्षा ९ मा अध्ययन गर्दै गर्दा १७ वर्षको कलिलो उमेरमा भर्ती हुन पुगेका थिए। पहिलो छुट्टीमा पाल्पाकै टिकी सरा बगालेसँग लगनगाँठो कसेपछि देब बहादुर बगाले मगर पारिवारीक जिम्मेवारीमा बाधिए पनि आर्मीको नियममा रहेर विभिन्न दःख कष्ट गर्दै आफ्नो अध्ययनलाई अगाडि बढाउनेक्रम जारी नै रहेको थियो। त्यति बेला उनको बुवा आमा लगायत सपरिवार रुपन्देही जिल्ला ति.न.पा. १४ टिकुलीगढमा बसाईसराई गरी सकेका थिए। यसैक्रममा उनले २८ वर्षे लाहुरे जीवन पार गर्दै २०५९ सालमा सु.मेजरमा अबकाश भएर घरमा आउँदा देव बगाले मगरलाई यो समाजमा भिज्न केही समय लागे पनि उनले टिकुलीगढमा विभिन्न संघ सस्थासँग आबद्ध भएर सामाजिक काम गर्दै आएको कुरा बताएका छन्।

उनलाई शारीरिकरुपमा फिट रहन र स्पोर्टसमा पनि लगाव भएको कारण त्यहाँका भू.पू. लगायत युवाहरुका लागि नमदेश्वर युवाक्लव स्थापना गरी व्याटमिन्टन फुटबल लगायत विभिन्न खेलको शुरुवाट गर्दै सामाजिक काममा लागे पनि बाँकी समय यसै बिताएर बस्न पटक्कै मन लागेन उनलाई यद्यपी साथीहरुको सल्लाह अनुसार रुपन्देही तिलोत्तमा १४ टिकुलीगढ, खैरीयामा शशि कृषि फार्म सञ्चालन गर्दै आएका छन् । अहिले उनको फार्ममा विभिन्न प्रजातिका माछाहरु रहु, कमन, ग्रास, सिल्भर, नैनी, ब्रिगेट, माङ्गुर तथा कोइलर, बोइलर कुखुरा लगायत उन्नत जातका बंगुर पनि रहेका छन्।

३२/३३ लाखको लगानीमा सञ्चालन गरेको यो व्यवसाय जम्मा एक वर्ष मात्र पुगेको छ। मौसमी खेती धान गहुँ भन्दा माछा पालन व्यवसायबाट बढी आम्दानी हुने साथै माछा स्वास्थ्यको लागि पनि अति लाभदायक हुने हुँदा यो व्यवसायतिर आकर्षित भएको कुरा बताएका थिए। शुरुमा २०० माछाका भुराबाट शुरु गरेको यो व्यवसाय अहिले



**कृषि व्यवसायी**
**देव बहादुर बगाले मगर**

उनको पोखरीमा २५०० भन्दा बढी माछाहरु पौडीरहेका छन्। एउटा भुरालाई ३ देखि ५ रुपयाँ सम्मको मुल्यमा किनेर ल्याए पछि नर्सरीमा राखेको केही दिन पछि पोखरीमा छोडिदिएका हुन्छन्। ती माछाहरुलाई राम्रोसँग दाना पानीको व्यवस्थापन गर्न सकियो भने ५/६ महिनामा ग्रास ३ केजी र अन्य २ ढाई के.जी. तौल सम्मका माछा आफ्नो पोखरीमा भएको अनुभवको कुरा बताए। उनको यो व्यवसाय कुनै दक्ष र अनुभवीबाट तालिम प्राप्त गरेको अनुभवको व्यवसाय भने होइन। गर्दै जादा बुझ्दै जादा अनुभवी भइदोरहेछ भन्दै उनीसँग तालिम प्राप्त गरेको भन्दा कम अनुभव छैन त्यसैले आजभोलि उनको दैनिकी प्राय फर्ममै वितेको हुन्छ। विहान वेलुकी माछालाई दाना राख्दा प्राय एउटै ठाउँमा राखिदिने हुदा दाना खान आएका २/३ हजार माछाहरु एकै ठाउँमा जमघट भएको देख्दा उनलाई निकै आनन्द लाग्छ।

उनी माछासँग खेल्न थालेको धेरै समय नभए पनि पोखरी भित्र पानीको छाल तलमाथि गरी रहेको माछाको हाउभाउ र माछाले के खोजीरहेको छ भन्ने वास्तविक कुरा देव बगाले मगरले बुझ्न थालि सकेका छन्। माछा र बंगुर पालन व्यवसाय अनुभव विना गरे पनि कुखुरा पालन सम्बन्धि भने छोरा श्यामले तालिम लिएर शुरु गरेका हुन्। यो व्यवसाय गर्दा आइ पर्ने चुनौतीहरु माछा र बंगुरलाई राम्रोसँग रेखदेख गर्न सकियो भने खासै समस्या नदेखिए पनि कुखुरा पालनमा भने जाडो र गर्मीमा निकै समस्या भएको कुरा बताएका थिए।

उनले यो व्यवसायलाई पछिसम्म टिकाइराख्ने आधारहरु यो क्षेत्रमा प्रशस्तै देखेका छन्। रुपन्देही जिल्ला माछा पालन व्यवसायले देशकै नमुना क्षेत्र मानिने हुदा यसको पकेट एरिया छपियालाई मानिए पनि पछिल्लो समय भने रुपन्देही टिकुलीगढ आसपासका क्षेत्रमा पनि माछा पालन कृषकहरु ह्वात्तै बढेको देखिन्छ। यसै कारण यो क्षेत्रलाई पनि कृषिको पकेट एरिया बनाएर यहाँ उत्पादन गरिएका माछा, कुखुरा लगायत अन्य तरकारीहरु विभिन्न ठाउँमा निर्यात गर्न सकिन्छ भन्ने सोंचाई रहेको कुरा पनि बगाले मगरले जानकारी गराएका छन्। उनले आगामी दिनमा यो व्यवसायलाई अझै व्यवस्थित गर्दै लैजानुकासाथै पछिसम्म पनि निरन्तरता दिने सोँच बनाएका छन्।








# वर्ग फल (च्यु-ल्हो)



पच्चु, पोबिन्द्र प्हच्यु तमु

तमु जातिमा शुभ,असुभ,लगन,साईत,ग्रह दशा आदि इत्यादि जोखान हेर्ने परम्परागत शास्त्रीय आधार विधमान छ, जसलाई पार्ग इह्र्योंबा भनिन्छ। ल्हो हेरी कुन समय कसलाई के काम गर्न,कुन दिशातिर जान हुन्छ, हुदैन भन्ने कुरा पार्गले बताउँछ। पार्ग हेर्ने मुख्य आधार चाहिँ"ल्हो (वर्ग)" नै हो। ल्हो १२ वटा हुन्छन्। जस्तैः- च्यु (मुसा), लौं (गाई), तो (बाघ), हि (बिरालो), प्ह्रु (गिद्ध), प्ह्री (सर्प), त (घोडा), ल्हु (भेंडा), प्र (बाँदर), च्ह्या (चरा), खि (कुकुर), फो (मृग) हुन्। ल्हो के हो ? त्यसले के फल भोग गर्दैछ , त्यसको आधारमा पार्गले भविष्य वाणी गर्दछ। पार्ग आठवट हुन्छन्। यसलाई नेपाली भाषामा अष्टमार्ग र तमु (गुरुङ) भाषामा पार्ग-प्रे भनिन्छ। तिनीहरु १)ल्ही (दक्षिण), २) खौंएँ (नैऋत्य), ३) त (पश्चिम), ४) खैं (वायव्बे), खाँ (उत्तर), ६) क्ही (ईशान), ७) सीं (पूर्व) र ८) सौंएँ (आग्नेय) हुन्।

पार्गमा स्त्री जाति खाँमा जन्म भई घडीको विपरीत दिशा खें (वायव्बे) दीशा र पुरुष जाति ल्ही (दक्षिण) मा जन्म भई घडीको सुल्टो दिशा खोंए (नैऋत्य) हुदै हरेक कोठा एक/एक वर्ष भोग गर्दै जन्छ। यसरी आफ्नो ल्हो र पर्ग अनुसार आफैले पनि ल्हो फल पत्ता लगाउन सकिन्छ।

यहाँ च्यु-ल्हो ( २०७६/०७७) को ल्होफल प्रस्तुत गरिएको छ।



१) **पार्ग ल्ही (दक्षिण)**

मुसा वर्ग १,२५,४९,७३ वर्षको पुरुष र १३,३७,६१,८५ वर्षको महिला

गिद्ध वर्ग ९,३३,५७,८१ वर्षको पुरुष र २१,४५,६९,९३ वर्षको महिला

बाँदर वर्ग १७,४१,६५,८९ वर्षको पुरुष र ५,२९,५३,७७ वर्षको महिला

यस वर्षमा उल्लेखित वर्गका मानिसहरुको पार्ग ल्ही (दक्षिण) दिशामा पर्ने हुदा सो दिशा आगोको घर भएकोले उनीहरुलाई यस दिशा दक्षिण दिशा वर्जित हुन्छ र यस दिशाको आगोले खाएको, बाघले खाएको,बज्रले खाएको अगति दोषले पिर्ने सक्छ। यो दिशामा नजानु रातो वस्त्रसँग मिल्दैन , रातो वस्त्र नलिनु वर्जित हुन्छ। दुःख कष्ट हुन्छ। माछा मासुमा दोष अथवा बिगार पर्नेछ। सेतो कपडा नकिन्नु अशुभ हुन्छ। असोज महिनासँग मिल्दैन दुःख विमार हुने सम्भावना हुन्छ। ग्रह शान्ति गरि रोखबार गर्नु राम्रो हुनेछ। यहाँ बस्दा रीस ठुलो आउने, आँटे ताकेको कुरा नपुग्ने, सोंचे जस्तो नहुने सह नबस्ने, झैझगडा हुने आदि सम्भावना देखिन्छ। दैपाय चौपाय नलिनु फाप्दैन्।

२) **पार्ग खौंई (नैऋत्य)**

गाई वर्ग १२,३६,६०,८४ वर्षको महिला

बिरालो वर्ग १०,३४,५८,८२ वर्षको पुरुष

सर्प वर्ग २०,४४,६८,९२ वर्षको महिला

भेडा वर्ग १८,४२,६६,९० वर्षको पुरुष

चरा वर्ग ४,२८,५२,७६ वर्षको महिला

मृग वर्ग २,२६,५०,७४ वर्षको पुरुष

माथी उल्लेखित वर्षका मानिसहरुलाई यस वर्ष खोंएमा भएकोले नैऋत्य दिशा नजानु, पहेंलो वस्त्र नलिनु, दुःख विमार हुने सम्भावना हुन्छ। चैत्र महिनासँग मिल्दैन्। घरको बायोले पिर्नेछ। बिरामी भए व्यथा लामो हुनेछ। नयाँ घर नबानउनु, विवहा नगर्नु, झैझगडा पर्ने, मर्नु भाग्नु हुनेछ। घरको कुलले पिर्नेछ। दुःख कष्ट

होला। ग्रह शान्ति गर्नु राम्रो हुनेछ।

३) **पार्ग त** (**पश्चिम**)

बाघ वर्ग ११,३५,५९,८३ वर्षको पुरुष र ११,३५,५९,८३ वर्षको महिला

घोडा वर्ग १९,४३,६७,९१ वर्षको पुरुष र १९,४३,६७,९१ वर्षको महिला

कुकुर वर्ग ३,२७,५१,७५ वर्षको पुरुष र ३,२७,५१,७५ वर्षको महिला

यस ल्होमा निन्न लिखित वर्षका मानिसहरुले पश्चिम दिशा नजानु,कालो वस्त्र नलिनु, नयाँ हतियार नलिनु वर्जित हुन्छ। दुःख कष्ट होला। मरेको ठाउँमा नजानु, मलामी नजानु, असार महिनासँग मिल्दैन। भुतप्रेत पिचासले पिर्ने र शरीरको देब्रे हरमा व्यथा लाग्ने समभावना देखिन्छ। जन्तरमन्तर गर्नु राति नहिंड्नु, टाढा नजानु चोटपटक लाग्ने डर हुने, कष्ट हुने, खर्च हुने आदि समभावना देखिन्छ। उल्लेखित वर्गका पुरुषहरुले विवाह गर्नु, पाखा पखेरो जग्गा लिनु राम्रो हुनेछ।

४) **पार्ग खें** (**वायव्वे**)

गाई वर्ग १२,३६,६०,८४ वर्षको पुरुष

बिरालो वर्ग १०,३४,५८,८० वर्षको महिला

सर्प वर्ग २०,४४,६८,९२ वर्षको पुरुष

भेडा वर्ग १८,४२,६६,९० वर्षको महिला

चरा वर्ग ४,२८,५२,७६ वर्षको पुरुष

मृग वर्ग २,२६,५०,७४ वर्षको महिला

यस ल्होमा माथी उल्लेखित वर्गका मानिसहरुलाई बायव्वे दिशा नजानु, पहेंलो वस्त्र नलिनु, वर्जित हुन्छ। दुःख विमार हुने सम्भावना हुन्छ। कुकुर,भालु, भीर आदिबाट डर देखिन्छ। बाघले मारेको मासु नखानु, कोख दुख्ने, पेट दुख्ने हुन्छ। कुटुम घरको बायोले पिर्नेछ। रखबार गर्नु। खेत लिने, घर बनाउने आदि काम गर्नु शुभ देखिन्छ।

५) **पार्ग खाँ** (**उत्तर**)

मुसा वर्ग १३,३७,६१,८५ वर्षको पुरुष र १,२५,४९,७३ वर्षको महिला

गिद्ध वर्ग २१,४५,६९,९३ वर्षको पुरुष र ९,३३,५७,८१ वर्षको महिला

बाँदर वर्ग ५,२९,५३,७७ वर्षको पुरुष र १७,४१,६५ वर्षको महिला

यस वर्षमा उपयुक्त वर्गका मानिसहरु उत्तर दिशा नजानु, सेतो वस्त्र नलिनु, ठुलो खोला नाला नजानु वर्जित हुन्छ। श्रावण महिनासँग मिल्दैन्। दुःख कष्ट होला। मानिस मरेको ठाउँमा नजानु, मरेको ठाउँको काट्टो नखानु, सपना नराम्रो देख्छ। सपनामा मरेको मानिसहरुसँग हिडिरहेको हुन्छ। अर्कालाई ऋण नदिनु, फर्केर आउँदैन, आए पनि शत्रु लाएर आउनेछ। नयाँ घर नबानउनु सिमेभुमेको दोषले पिर्नेछ। भाई खलकको बायोले पिर्ने, घरको कुलले पिर्ने, जलमा बस्ने भुत, मसान, भाँक्रीको दोषले पिर्ने, पानीले बगाएर मरेकोले पिर्ने आँटे ताकेको कुरा नपुग्ने, सोंचे जस्तो नहुने सह नबस्ने आदि हुनेछ। रखबार गर्नु, जन्तरमन्तर गरे दोष मेटिन्छ। यो वर्ष विवाह नगर्नु खति होला।

६) **पार्ग क्ही/गीं** (**ईशन**)

गाई वर्ग २४,४८,७२,९६ वर्षको महिला

बिरालो वर्ग २२,४६,७०,९४ वर्षको पुरुष

सर्प वर्ग ८,३२,५६,८० वर्षको महिला

भेडा वर्ग ६,३०,५४,७८ वर्षको पुरुष

चरा वर्ग १६,४०,६४,८८ वर्षको महिला

मृग वर्ग १४,३८,६२,८६ वर्षको पुरुष

उपयुक्त वर्गका मानिसहरु यस वर्षमा इसान दिशा नजानु, पहेँलो वस्त्र नलिनु, मासुको पसल नजानु, जंगलमा बास नबस्नु, गाई गोरु नबेच्नु, नकिन्नु वर्जित हुन्छ। अपुताली भाँडो नलिनु पिर्छ। माघ माहिनासँग मिल्दैन। दुःख कष्ट हुन्छ। पूर्व र पश्चिम दिशाको दुसातले पिर्ने सम्भावना हुन्छ। घरको कुल देवताले पिर्छ। कार्तिक र चैत्रमा रखबार गर्नु छैंखु ह्योँखु गर्नु राम्रो हुन्छ। वन जङ्गल र खरभीर लेनदेन गर्नु राम्रो हुन्छ।

७) **पार्ग सीं** (**पुर्व**)

बाघ वर्ग २३,४७,७१,९५ वर्षको पुरुष र २३,४७,७१,९५ वर्षको महिला

घोडा वर्ग ७,३१,५५,७९ वर्षको पुरुष र ७,३१,५५,७९ वर्षको महिला

कुकुर वर्ग १५,३९,६३,८७ वर्षको पुरुष र १५,३९,६३,८७ वर्षको महिला

यस ल्होमा उपयुक्त वर्गका मानिसहरु यस वर्षमा पूर्व दिशा नजानु, हरियो वस्त्र नलिनु, काठसँग मिल्दैन, रुखमुनि नबस्नु, ठुलो रखमा नचढ्नु वर्जित हुन्छ। पौष महिनासँग मिल्दैन, दुःख कष्ट हुन्छ। फलफूल, दुध,दही र मासुमा कपट बेगार पर्ने सम्भावना हुन्छ ख्याल राख्नु। रुखबाट खसेको, भीरबाट खसेको बायो पिचासले पिर्नेछ। कुटुमको बायोले पिर्नेछ। पूर्व दिशाको दुसात र भुत पिचास मसानले पिर्ने सम्भावना हुन्छ। टाउको, ढाड,छाती दुख्छ। भ्याँक्री भएँर वनको वनसखण्डीले पिर्छ। जन्तरमन्तर र रखबार गर्नु राम्रो हुनेछ। हातमा सह छ। द्धिपाय चौपाया लेनदेन गर्नु राम्रो हुनेछ। फो-ल्हो (मृग-वर्ग) र ल्हु-ल्हो (बिरालो-वर्ग) ले विवाह गर्नु राम्रो हुन्छ।

८) **पार्ग सौँई** (**आग्नेय**)

गाई वर्ग २४,४८,७२,९६ वर्षको पुरुष

बिरालो वर्ग २२,४६,७०,९४ वर्षको महिला

सर्प वर्ग ८,३२,५६,८० वर्षको पुरुष
भेडा वर्ग ६,३०,५४,७८ वर्षको महिला
चरा वर्ग १६,४०,६४,८८ वर्षको पुरुष
मृग वर्ग १४,३८,६२,८६ वर्षको महिला

यो वर्षमा उपयुक्त ल्होका मानिसहरु आग्नेय दिशा नजानु पहेँलो वस्त्र नलिनु वर्जित हुन्छ। आग्नेय दिशाको दुसातले पिर्नेछ। शरीर आलस्य हुने, शुस्ती पाना आदि लक्षण देखा पर्ने देखिन्छ। फगुन महिनासँग मिल्दैन। दुःख कष्ट हुन्छ। कुटुमको धन आएमा पिर्नेछ। ग्रह काट्नु, रखबार (त्हैँ) याज्ञा गर्नु राम्रो हुन्छ। घर बनाउने काममा विशेष विचार पुऱ्याउनु पर्ने देखिन्छ। अरु सबै कुराहरु राम्रो हुनेछ।

**संक्षेपमा :-**

१) राम्रो :- अहिलेको यो वर्गमा सबैभन्दा राम्रो वर्ग बाघ, घोडा र कुकुर वर्ग (२३, ४७, ७१, ९५) (७, ३१, ५५, ७९) (१५, ३९, ६३, ८७) वर्षको पुरुष र सोही वर्ग (२३, ४७, ७१, ९५) (७, ३१, ५५, ७९) (१५, ३९, ६३, ८७) वर्षको महिला दुबैलाई राम्रो हुनेछ। सानोतिनो भुतप्रेतले दुःख दिए तापनि अन्य कुराहरु राम्रो नै देखिन्छ।

२) चियान घर (त्हुर्जा):- लो ल्हो वर्ग २४,४८,७२,९६ वर्षको पुरुष। ल्हु ल्हो वर्ग ६,३०,५४,७८ वर्षको महिला। फो ल्हो वर्ग १४,३८,६२,८६ वर्षको महिला। हि ल्हो वर्ग १०,३४,५८,८२ वर्षको पुरुष। प्हि ल्हो वर्ग २०,४४,६८,९२ वर्षको पुरुष। च्य्ह ल्हो वर्ग १६,४०,६४,८८ वर्षको महिला यिनीहरु सबै चियान घरमा रहेकाले आँटे ताकेका कुराहरु नपुग्ने, अपजस कुराहरु आईपर्ने दुःख बिमार हुने सपना नराम्रो देख्ने, सपनामा नचिनेका नचिनेका ठाउँहरुमा हिडिरहने मरेको मान्छेहरु देख्ने,मरेको मान्छेहरुसँग हिडिरहने हुन्छ। दुःख बिमार भएमा हेरविचार गरी त्हाँ र त्हें (यज्ञ) गर्नु राम्रो र सञ्चो हुनेछ।

३) खति घर (ङ्है तीँ) :- च्यू ल्हो वर्ग १,२५,४९,७३ वर्षको पुरुष। च्यू ल्हो वर्ग १३,३७,६१,८५ वर्षको महिला। प्ह्यु ल्हो वर्ग ९,३३,५७,८१ वर्षको पुरुष। प्र ल्हो वर्ग १७,४१,६५८९ वर्षको पुरुष। प्र ल्हो वर्ग ५,२९,५३,७७ वर्षको महिला। प्ह्यु ल्हो वर्ग २१,४५,६९,९३ वर्षको महिला र पुरुष दुबै यिनीहरु (ङ्है तीँ) खति घरमा बसेकाले खति बढी हुने,आँटे ताकेका कुराहरु नपुग्ने,दुःख पिर आदि हुने देखिन्छ। दुःख विमार भएमा हेरविचार गरी ङ्है सैँबै त्हें गर्नु राम्रो हुनेछ।

अन्त्यमा तमु ल्होसार २०७६ फो ल्हो (मृग बर्ग) विदाई तथा च्यु ल्हो (मुसा बर्ग) आगमनको पावन अवसरमा देश तथा बिदेशमा छरि रहनु भएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय (शुभकामना) आशिमाला व्यक्त गर्दछौं।



# नेपाल मै नमूना सामुदायिक अस्पताल बनाउने सोंचमा छौं



**निमानन्द न्यौपाने**
अध्यक्षः शहीद स्मृति सामुदायिक अस्पताल

स्वास्थ्य नागरिक नै राष्ट्रको सच्चा पहरेदार बन्न सक्दछ । स्वास्थ्य रहनु नागरिकको नैसर्गिक अधिकार हुदाँ हुदैं स्वास्थ्य सम्बन्धी नीति व्यावसायिक रुपमा स्थापित हुदै गइरहेकाले सर्वसाधारण नागरिकको पहुचभन्दा निकै बाहिर गएको र सामान्य नागरिकहरुले महङ्गो उपचारको कारण अस्पतालको मुखै नदेखी मृत्युवरण गर्नुपर्ने अवस्था आएको छ । यही तितो यथार्थलाई आत्मसात गरी महेन्द्र राजमार्ग देखि ५ कि.मी भित्र बर्दघाट त्रिवेणी खडकखण्ड बर्दघाट १४ चौपत्तामा तत्कालिन माकर दाउन्नेदेखि जहदा र जमुनियाको केन्द्रविन्दु पर्ने तथा त्रिवेणी सुस्ता देखि पाश्चिम सिमा वोर्डर देखि उत्तर १८ गा.वि .स लाई पायक पर्ने गरी नवलपरासीका केही सचेत व्यक्तिहरु मिलि सर्वसाधारणको स्वास्थ उपचारमा पहुँच पुऱ्याउने उद्देश्यले शहिद स्मृति सामुदायिक अस्पताल विकास केन्द्रको स्थापना गरेका छन् ।

करीव ४ विघामा रहेको यो अस्पताल २०६४ असार ६ गने एक बृहत्त भेला गरी श्री क्षेत्र बहादुर थापा क्षेत्रीको अध्यक्षतामा तदर्थ समिति गठन गरी जि.प्र.का. बाट २०६४ असोज १७ गने दर्ता प्रक्रिया भई २०६५/०१/२८ गते प्रथम अधिवेशन तथा वार्षिक साधारण सभा सपन्न गरी १५ शैयाको अस्पताल सञ्चाल स्वीकृति प्राप्त गरी सञ्चालनमा छ । २४ सय प्रस्तावित आजीवन सदस्य रहेको यस अस्पतालमा झण्डै १४ सय जनाले प्रक्रिया पुऱ्याई आजीवन सदस्यता प्राप्त गरिसकेको छ । यस अस्पतालको १२ औं वार्षिक साधारण सभाको संघारमा आइपुग्दा समितिका अध्यक्ष श्री निमानन्द न्यौपानेसँग हाम्रो गोरेटोले गरेका कुराकानीको सारसंक्षेपः

**यस अस्पताल कसरी स्थापना गर्नु भयो ?**

आज भन्दा झण्डै १२ वर्ष पहिले राजमार्गको भित्र सीमा वोर्डरसम्मको जनजीवन अत्यन्तै खास गरी स्वास्थ्य क्षेत्रको स्थिति अन्त्यन्तै गाम्भिर थियो । यसमा पनि दिनहुँ जसो विहान चिया पसलमा बहसको विषय बन्थ्यो कि सामान्य घर, परिवारमा झैझगडा, कुटपिट, विष सेवन, आत्महत्या र विशेष गरी गर्मी याममा सर्पको टोकाइले यस क्षेत्रका नागरिकहरु ५० कि.मी. टाढा बुटवल तथा १०० कि.मी टाढा भरतपुरसम्मको विकल्पको रुपमा यही राजमार्गको दुरदराजमा रहने गरी सामुदायिक अस्पतालको परिकल्पना गरी १८ गा.वि.स. को व्यापक जागरुक व्यक्तिहरुको बृहत भेलाबाट यस अस्पतालको स्थापना भयो ।

**यो अस्पताल कहिलेदेखि सञ्चालन गर्नु भएको हो ?**

कागजी प्रक्रिया बनाइसकेपछि आर्थिक स्रोतको खोजी गऱ्यौं खास गरी हामी समिति कै सदस्यहरुले अस्पताललाई सक्दो दान दिने त्यसको लागि २०६४ मंसिर ९ देखि १७ गते सम्म हालको माननीय दिपेन्द्र कुमार अधिकारीको संयोजकत्वमा पण्डित दिनबन्धु पोखेलबाट महायज्ञ लगाई झण्डै ५ करोड चन्दा कवोल गरी २०६८ बैशाख ११ गतेका दिनबाट केही कर्मचारी र १ जना डा. बाट सेवा शुरु गरेको हौं । २०६८/०४/२२ मा स्वास्थ्य विभागबाट २५ शैयाका अस्पतालको पूर्वाधार स्वीकृत तथा २०७०/०२/२७ मा १५ शैंयाका अस्पताल सञ्चालन स्वीकृति प्राप्त भई हाल ४ जना डा. लगायत प्रत्येक बुधावार विशेषज्ञ सेवा, फिजियोथेरापी सेवा, प्राविधिक र प्रशासनिक गरी ४७ जना मिलाएर ती सेक्टरमा २४ सैं घण्टा सेवा दिइरहेका छौं ।

**तलव भत्ताको लागि स्रोत कसरी व्यवस्था गर्नुभएको छ ।**

सामुदायिक अस्पताल भएको हुनाले यस अस्पतालको सेवाबाट केही फार्मेसीको औषधी विक्री, ल्याव र फिजियोथेरापी सेवाको आम्दानी नै यस अस्पतालको स्रोतहरु हुन भने बर्थिङ सेवाको निम्ति दुई जना कर्मचारी बरावरको सेवा सुविधा नगरपालिकाबाट हुँदै आएको छ साथै विभिन्न शिविरहरुमा




बर्दघाट नगरपालिका, प्रतापपुर गाँउपालिका र सुस्ता गाँउपालिकाबाट समेत सहयोग हुँदै आएको छ।

**यो अस्पतालमा कुन कुन रोगका लागि विशेषज्ञ डाक्टरहरुबाट सेवा उपलब्ध गराउनु भएको छ ?**

दुई जना जनरल फिजिसियनहरु स्थायी रुपमै यही अस्पतालमै बस्नु हुन्छ र १ जना फिजियोथेरापी र १ जना डेन्टल सर्जन गरी जम्मा ४ वटा विशेषज्ञ डाक्टरहरुबाट सेवा उपलब्ध गराएकाछौं । यहाँ नसा, हाड जोर्नी, स्त्री रोग, फिजिसियन छाला तथा यौन रोग बच्चाको विशेषज्ञ देवदह मेडिकलबाट प्रत्येक हप्ता विशेषज्ञ डाक्टरहरु हप्ताको प्रत्येक दिन १-१ जना एक-एक विशेषज्ञ आउने गर्नुहुन्छ। त्यसैगरी यो अस्पतालका डा., नर्स सहित कर्मचारीहरु ४७ जना हुनुहुन्छ भने अरु भोलेन्टरहरु सहित ५२/५५ जना हुनुहुन्छ।

**यो अस्पतालले सबभन्दा बढी कुन विरामीको उपचारलाई प्राथमिकता दिएको छ ?**

विशेष गरी हामीले पक्षघात भएका विरामीलाई बढी प्राथमिकता दिएका छौं। पक्षघातका कारणले अपाङ्ग अवस्थामा रहेकालाई पुनः सवल बनाई हिड्न सक्ने बनाउन सकेमा हाम्रो अस्पतालको लागि राम्रो र विरामीको लागि त झन पुनः जीवन नै पाए बराबर हो। प्रत्येक दिन फिजियोथेरापी गराइन्छ र प्रशुति गृहको पनि राम्रो तरिकाले व्यवस्थित गराएका छौं। हामीले नगरपालिकसँग समन्वय गरेर अस्पतालमा जन्मने प्रत्येक शिशुलाई ५,००० (पाँचहजार) उपहार स्वरुप दिने गरेका छौं । त्यसैले पनि हामीकहाँ सुत्केरी हुन आउनेको संख्या बढी छ।

**ग्रामीण क्षेत्रमा पनि सुविधायुक्त अस्पताल बनाउनु भएको रहेछ, भवन निर्माण र स्तरीय सेवा उपलब्ध गराउन स्रोत कहाँबाट जुटाउनु भएको छ ?**

स्थापनादेखि अस्पताल सञ्चालन गर्न प्राय गरी अस्पतालको आन्तरिक स्रोतबाट सञ्चालन गरी रहेका थियौं । हामीले जम्मा रू. २५० मात्र विरामीको बेड शुल्क लिने गरेका छौं बाँकी अस्पताल सञ्चालनका लागि चन्दा दान सहयोगबाट र आजीवन सदस्य बन(ाएका छौं त्यसैबाट व्यवस्थित गरी चलाएका छौं। समाजसेवाको लागि सेवा मुलक काम भएकोले सबैको साथ सहयोग मिलेका छ। सामुदायिक अस्पताललाई राम्रो सँग सञ्चालन गरेको मन्त्रालयले देखेपछि पुरस्कार स्वरुप २०७२ सालमा १ करोड ८२ लाख अनुदान दियो। त्यसपछि दोस्रो पटक १ करोड २८ लाख अनुदान पायौं र तेस्रो वर्ष ३३ लाख ७७ हजारको अनुदान पायौं। त्यसबाट हामीले भवन निर्माण गर्‍यौं। ३८ के.बि.को सोलार जडान गर्‍यौं । त्यसपछि सरकार संघीयतामा गएपछि केन्द्रबाट सम्बन्ध छुट्यो। अहिले स्थानीय तह, प्रदेशमा हामीले समन्वय गरिरहेका छौं। प्रदेशका माननीय सामाजिक विकास मन्त्री सुदर्शन बरालज्यूबाट समेत अनुदानको व्यवस्था गर्ने प्रतिबद्धता जनाउनु भएको छ।

**अवको योजना के-के बनाउनु भएको छ ?**

पहिलो उद्देश्य हाम्रो पूरा भयो अब अर्को मुख्य उद्देश्य यो ठाउँमा अशिक्षित छन् । आत्महत्या गर्ने, चोरीको गाडीहरु ल्याई दुर्घटना हुने गर्छन्। ति विरामीका लागि अपरेशन थिएटर, डाक्टर, प्रविधि मेसिन जुटाउनु परेको छ। भवन तयार गरिसक्यौं तर अर्थ अभावमा यी काम रोकिएको छ। यहाँ रु ५० लाखको स्टिमेट छ। त्यो व्यवस्था भयो भने त्यसपछि हामीले यो शहीद स्मृति सामुदायिक अस्पताललाई सर्वोत्कृष्ट नमूना अस्पताल बनाउने तैयारीमा छौं।

# पर्यटकीय स्थल दानापुरताल महोत्सव माघ १५ गतेदेखि




"सिमसारको संरक्षण उधमशिलता र पर्यटनको प्रबर्द्ध" भन्ने मुल नारा सहित कञ्चन गाँउपालिकामा रहेको गजेडी दानापुरतालको पर्यटन प्रबर्द्धन गर्न ११ औं संस्करणको रुपमा दानापुरताल महोत्सब २०७६ संचालन हुन लागेको छ। दानापुर तालको पर्यटन प्रबर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनलाई वृद्धि गर्ने उद्देश्यका साथ माघ १५ गते देखि माघ २६ गते सम्म संचालन हुने ११ औं कञ्चन गजेडी दानापुरताल महोत्सब २०७६ को प्रारम्भिक तयारीका बारेमा जानकारी गराउन रुपन्देहीको पर्यटकिय स्थल दानापुर तालमा पत्रकार सम्मेलन गरिएको छ।

प्रदेश नम्बर ५ कै नमुना पर्यटकिय स्थल दानापुर तालको विकास र प्रचार प्रसार गर्ने उदेश्यले दानापुरताल महोत्सबलाई भव्य र सभ्य रुपमा सफल बनाउन स्थानिय तथा राष्ट्रिय स्तरका संचार गृहहरुबाट प्रचार प्रसारलाई व्यापक बनाउनको लागि पत्रकार सम्मेलनको आयोजनामा गरिएको श्री समयमाई सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष मिन बहादुर थापाले बताउनुभयो। ११ औं संस्करणको महोत्सबलाई प्रभावकारी बनाउन मुल मेला ब्यबस्थापन समिति, सांस्कृतिक तथा खेलकुद उपसमिति, अनुगमन तथा अतिथि सत्कार उपसमिति, स्टल बुकिङ तथा स्थानिय कृषि उद्यमी उपसमिति, आर्थिक तथा स्वयमसेवक परिचालन उपसमिति र प्रचारप्रसार उपसमिति गठन गरि मेलाको रौनकतालाई वृद्धि गरिने अध्यक्ष थापाले बताउनुभएको छ।

नेपाल सरकारले लिएको भ्रमण बर्ष २०२०लाई सफल बनाउन रुपन्देही जिल्लाकै गरिमाको रुपमा परिचित दानापुर तालको सुन्दरतालाई प्रचार प्रसार गरी पर्यटन प्रवद्धन गर्न सहयोग पुग्ने अध्यक्ष थापाको ठम्याई छ।

महोत्सबमा बिभिन्न २०० स्टल हुने र त्यसमध्ये स्थानिय कृषि उद्यमीलाई बिशेष प्राथमिकता दिई कृषि उद्यमशिलतामा प्रोत्साहन गर्नको लागि कृषि उत्पादनलाई महोत्सवमा समावेश गरिने र राष्ट्रिय आविस्कार केन्द्रको संयोजनमा आविस्कार केन्द्रबाट आविस्कार गरिएका सामग्रीहरु प्रदर्शनीमा राखि स्थानिय प्रतिभाहरुलाई समेत आविस्कार केन्द्रमा समाहित गरिने समितिद्धारा नियुक्त मेला ब्यवस्थापक श्रीराज तिमिल्सिनाले बताउनु भयो। दर्शकहरुबाट लिइने टिकट मुल्यको ५ रुपैया आविस्कार केन्द्र, सामाजिक सुरक्षा, बन्यजन्तु संरक्षण कोष,स्थानिय संघसंस्था र पर्यटन बोर्डका लागि कोष छुट्टाइने ब्यवस्थापक तिमिल्सिनाले बताउनु भयो।

यसैगरी महोत्सवमा डुंगा शयर,राष्ट्रिय तथा अन्तराष्ट्रिय वस्तुको प्रदर्शनी,स्थानिय वस्तु तथा सेवाको प्रदर्शन, काष्ठकला प्रदर्शनी, आकर्षक सेल्फी जोन, राष्ट्रिय तथा स्थानिय कलाकारहरुको प्रस्तुति,बाल उद्यान, अन्तरविद्यालय नृत्य प्रतियोगिता, भलिबल प्रतियोगिता, कृषि व्यापार मेला,कन्चन डान्सिङ आइडल साथै खानाका परिकार सहित तालमा डुङ्गा सञ्चालनको ब्यवस्था लगायत तालमा पाईने माछाका परिकार सहित खाना पकाउने र खाना खाने प्रतिस्पधाको कार्यक्रम राखिएको र मेलाको रौनकतालाई वृद्धि गर्न बिद्यालय, संघसंस्था, क्लब र आमा समूह लगायतलाई प्रोत्साहन



गर्नलाई पुरस्कारकोसमेत ब्यवस्था गरिएको तिमिल्सिनाले बताउनु भयो।

मेलामा सामाजिक अभियान्ता महाविर पुन, सफल ब्यवसायी कर्ण शाक्य र खेलाडीको समेत सहभागिता रहने आयोजकले जनाएको छ। त्यसैगरी प्रमुख अतिथि कञ्चन गाँउपालिका बार्ड नं.१ का वडा अध्यक्ष हरिनारायण थारुले महोत्सवलाई सफल बनाउन सक्दो सहयोग गर्ने र गाँउपालिकाबाट तालको गुरुयोजनालाई कार्यान्वयन गर्न आवश्यक पहल गर्ने बताउनुभएको छ। सम्मेलनमा नेपाल पत्रकार महासंघ, रुपन्देहीका अध्यक्ष यानेन्द्र जिासीाले दानापुर ताल कञ्चनको मात्र गहना नभई यो ताल पर्यटनको दृष्टिले अती सुन्दर र देशकै पर्यटन गन्तब्यको रुपमा बिकास गर्न सकिने र दानापुरतालको पर्यटकिय दृष्टिले प्रचार प्रसार गर्नको लागि नेपाल पत्रकार महासंघले समन्वय गरि अगाडी बढ्न सकिने बताउनु भयो।

कञ्चन नेकपाका अध्यक्ष भरतमनी सापकोटा,राजमुका प्रतिनिधी दुर्गा बहादुर थापा, स्थानिय प्रतिनिधी देव बहादुर थापा, कृषक केजी कुमार पौंडेल, पत्रकार दिनेश घिमिरे लगायतले महोत्सवको विषयका मन्तव्य राखेका थिए। उक्त पत्रकार सम्मेलनमा समयमाई सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष मीनबहादुर थापाको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको सञ्चालन जगीलाल थापाले गर्नु भएको थियो।







समाचार

# एम.जि.को सम्मान सफल व्यवसायी श्रीधरलाई




बुटवल उपमहानगरपालिका ११ स्थित एम.जि.क्लबले प्रत्येक महिना गर्ने सदस्यहरुको भेटघाट तथा परिचयात्मक कार्यक्रममा एकजना समाजसेवी व्यक्तिलाई प्रमुख अतिथिको रुपमा निमन्त्रणा गरी ती व्यक्तिको बाल्यकालदेखि अहिलेसम्मको जिवनी बुझ्ने कायक्रम गर्दै आएको छ। यो महिनाको कार्यक्रममा क्लबका बरिष्ठ उपाध्यक्ष विगतका राष्ट्रसेवक हाल रिटायर भई आफ्नै व्यवसायमा आवद्ध सफल व्यत्तित्व श्रीधर अर्घालीको प्रमुख आथित्यता रहेको थियो। सो कार्यक्रममा प्रमुख अतिथि श्रीधर अर्घालीले व्यानरमा लेखिएको अक्षरहरु पढेर उद्घाटन गरेका थिए। उक्त कार्यक्रममा प्रमुख अथिति अर्घालीले आफ्नो बाल्यकाल र अहिले गर्दै आएको व्यवसायमा कसरी सफल भए भन्ने बारे प्रष्ट पारेका थिए।

उनको बाल्यकाल गाउँघरको परिवेश र त्यहाँको वातावरण अनुसार नै बितेको कुरा जानकारी गराउँदै जन्मेदेखि यहाँसम्म आइपुग्नलाई जीवनमा धेरै अप्ठ्यारा मोडहरु आइपरेका हुन्छन् त्यसलाई पार गर्दै अगाडि बढ्न सकियो भने अवश्य पनि सफलता प्राप्त गर्न सकिदोरहेछ भन्ने उनले भोगेका कुरा बताएका थिए। उनी एउटा सफल व्यवसायी पनि भएको हुनाले व्यवसायी गर्दा आइपर्ने प्रत्येक समस्याहरुले मानिसलाई जीवनमा राम्ररी जिउँन सिकाउदो रहेछ भन्दै उनले आफुले गरेको व्यवसायबाट अनुभव गरेको कुरा बताएका छन्। उनी १९ वर्ष यो देशको राष्ट्रसेवक रहेर रिटायर पछि व्यवसायमा लागेर यो समाजमा भिज्नलाई भने केही समय लागेको कुरा बताएका थिए। कार्यक्रममा क्लबका अध्यक्ष तुलजी सारुले गत महिनामा क्लबले गरेका कामको समिक्षा गर्दै कार्यक्रमलाई सम्बोधन गरेका थिए भने क्लबमा आवद्ध सदस्यहरुको यो महिनामा शुभ विवाह तथा जन्मदिन परेकोले कार्यक्रमबाटै सुखद दाम्पत्य जीवन र जन्मदिनको शुभकामना पनि व्यक्त गरेका थिए।

यो क्लबका सञ्चालक तथा सदस्यहरु आफ्नै व्यवसायबाट अगाडि बढेका र विभिन्न कुराले पोख्त भएका सफल र असल व्यत्तित्वहरु आवद्ध छन्। त्यसैले यो क्लब सञ्चालन गरी विभिन्न ठाउँमा पुगेर स्वास्थ्य सेवा, विद्यालयमा शैक्षिक सामाग्री वितरण, मृगौला पिडितलाई आर्थिक सहयोग लगायत अन्य आर्थिक तथा भौतिक सेवाहरु निरन्तररुपमा क्लवले सहयोग गर्दै आएको छ। यस्ता सहयोगका लागि यो क्लबले आजसम्म कुनै संघसंस्था तथा स्थानीय निकाय कसैको पनि सहयोग लिएको छैन। क्लब सञ्चालक सदस्यहरुको आ-आफ्नै व्यवसायबाट आर्थिक रकम संकलन गरी समाज सेवामा अगाडि बढेका छन्। सो कार्यक्रममा एम. जि.को पुर्व अध्यक्ष वसन्त थापा तथा अन्य अतिथि लगायत एम.जि.का सम्पूर्ण सदस्यहरुको पनि उपस्थिति रहेको थियो।

उक्त कार्यक्रम तुलजी सारुको अध्यक्षतामा स्वागत मन्तव्य क्लबका दृतीय उपाध्यक्ष ओम सारुले गरेका थिए भने कार्यक्रम सञ्चालन क्लबका सचिव देवलाल अर्घालीले गरेका थिए।


हार्दिक शुभकामना

तमू जातिको महान पर्व ल्होसार फो-ल्हो (मृग) वर्गको विदाई तथा च्यू-ल्हो (मुसा) वर्ग आगमनको पावन अवसरमा सुख, शान्ति र समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**समाजसेवी क्या. टेक बहादुर थापा**

तिलोत्तमा न.पा., शंकरनगर, रुपन्देही

# मगर महिला संघ बुटवल लगायत एम.जि. क्लवद्धारा मृगौला पीडितलाई आर्थिक सहयोग



पुर्खौली घर पाल्पा जिल्ला हाल बर्दघाट १५ कुकुरमारा निवासी कर्ण बहादुर थापा मगर र तारा थापा मगरका चार सन्तान मध्ये ३५ वर्षीय मलिता थापा , ३३ वर्षीय रुपा थापा र २१ वर्षीय मन बहादुर थापाको दुवै मृगौलाले काम नगरेको हुदा हाल बुटवल १० रामनगरमा २०७५ चैत्रदेखि धनबहादुर गुरुङको घरमा निःशुल्क रुपमा बस्दै डायलासिस गर्दै आएका छन् । उनीहरुको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले विभिन्न संघ सस्थाहरुले सहयोग गर्दै आइरहेका छन् ।

सहयोग गर्नै क्रममा बुटवल ११ एम.जि. क्लबबाट रु.२००२५/- (बीस हजार पच्चिस रुपैयाँ) , नेपाल मगर महिला बुटवल उ.म.नगर समितीबाट रु. २००००/- (बीस हजार), महिला सेवा समुह कालिका नगरले रु. २०,०००/- (बिस हजार), नेपाल मगर सँघ बुटवल इकाई समितीबाट रु. १५,०००/- (प्रन्ध हजार), ति. न. पा.४ केशरमार्ग आमा समुहबाट रु १५०००/- ( पन्ध्र हजार), नवलपरासी सुनवल निवासी देवी थापामगरबाट रु १००००/- ( दश हजार), बुटवल १० का नेपाल मगर महिला. संघका अध्यक्ष माया गलामीबाट रु.५०००/- ( पाँच हजार ,नेपाल मगर महिला संघ जिल्ला कार्यसमितीबाट रु.५५५५/- (पाँच हजार पाँचसय पचपन्न) लगायत अन्य संघ सस्था तथा व्यक्तिगत तर्फबाट सहयोग गरी जम्मा रु.१८०५३०/- (एक लाख असी हजार पाँच सय तीस रुपयाँ ) नेपाल मगर महिला संघ र हाम्रो गोरेटोका प्रतिनिधि संगिता थापामगरको सक्रियतामा रकम संकलन गरिएको थियो । उक्त रकम नेपाल मगर महिला संघ बु.उ.म.नगरका अध्यक्षमायागलामी, एम.जि.क्लबका सदस्य तथा रामनगर आमा समुहका अध्यक्ष शान्ता गौतम, उपाध्यक्ष यमुना काउँचा, बाबा समुहका अध्यक्ष लगायत त्यहाँका स्थानीयबासीको रोहवरमा बिरामीका आमा तारा थापालाई हस्तान्तरण गरिएको थियो ।



दुःखको कुरा उक्त मृगौला पिडित २१ वर्षीय मन बहादुर थापाको भने निधन भएको छ । उनीहरुको आर्थिक अवस्था कमजोर र आफन्तहरु पनि कोही नभएको कारण शवलाई दाहसंस्कार गर्न त्यहाँका रामनगर आमा समुहले रु ५०००/- र रामनगर बा आमा समुहले रु ५०००/- लगायत त्यहाँका अन्य स्थानीयबासीहरुले पनि व्यक्तिगतरुपमा आर्थिक , भौतिक तथा सामाजिकरुपमा सहयोग गरी शवलाई दाहसस्कार गरेका छन् साथै दुई जना दिदीबहिनीहरुलाई डायलसिस गर्न आर्थिक रकम आवश्यक पर्ने हुनाले अन्य संघसस्थाहरुसँग सहयोगको अपिल गरेका छन् ।

समाचार

# नमस्ते किड्स तथा एम.जि क्लबद्धारा शैक्षिक सामाग्री वितरण




बुटवल उपमहानगरपालिका ११ एम.जि. क्लबको सहप्रायोजन तथा नमस्ते किड्स नेपालको आयोजनामा पाल्पा जिल्ला तिनाउ गाउँ पालिका वडा नं. ६ मस्याम अर्खलेको श्री आधारभुत विद्यालयमा शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न भएको छ । बुटवल बेलवासका गोर्खा स्पोटर्स एकेडेमीका सञ्चालक रमेश बगाले थापाको सक्रियतामा उनी पूर्व विद्यार्थी पनि भएको हुनाले त्यो विद्यालयमा कार्यक्रम लान सहयोग पुगेको थियो ।

सो कार्यक्रमको केही सामाग्री एम.जि. क्लबका सदस्य राना इन्जिनियरि एण्ड कृषि मेटल उद्योगका संचालक दिल बहादुर रानाले प्रायोजन गरेका थिए । सो कार्यक्रममा प्रमुख अतिथि नमस्ते किड्स नेपालका अध्यक्ष सरु थापा मगर रहेका थिए भने विशिष्ट अतिथिहरुमा एम.जि.क्लबका अध्यक्ष तुल जी सारु मगर,क्लबका पूर्व अध्यक्ष बसन्त थापा तथा वडा अध्यक्ष तोम बहादुर पुन, लगायत क्लबका वरिष्ठ उपाध्यक्ष ओम सारु मगर, सचिव देवलाल अर्घाली रहेका थिए भने अतिथिहरुमा एम.जि.का उपस्थित सदस्य लगायत त्यहाँका अन्य संघसस्थाका प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि नमस्ते किड्स नेपालका अध्यक्ष सरु थापा मगरले बोल्दै एउटा पिछडिएको गरिब तथा अनाथ बालबालिका भए पनि उनीहरु यस धर्तीको मानव भएको नाताले पढ्न, लेख्न र एकसरो कपडा लगाउन पाउँनु उनीहरुको मौलिक अधिकार हो भन्दै यो संस्थाले यस्ता बालबालिकाहरुको लागि सहयोगी काम गर्दै आएको कुरा बताएका थिए ।

उक्त कार्यक्रममा त्यहाँका वडा अध्यक्षले बोल्दै यो स्कुल भौगोलिक विकटताका कारण कम विद्यार्थी तथा आर्थिक अभावका बावजुट पनि प्रत्येक घरधुरीबाट रकम संकलन गरेर विद्यालय सञ्चालन गरेको बताउँदै यो सहयोग पहिलो चोटी भएको हुनाले यहाँहरुको सहयोगले विद्यालय संचालनमा सहजता ल्याउने हुदाँ सहयोगका लागि धन्यवाद दिदै आगामी दिनमा पनि सहयोगको अपेक्षा व्यक्त गरेका थिए। सो कार्यक्रममा एम.जि. क्लबका अध्यक्ष तुल जी सारुले अरुले वितरण गरेको सामाग्रीले अगाडि बढ्न केही सहज भएता पनि अरुको आस गर्नु भन्दा आफै सक्षम हुन जरुरी छ भन्दै विद्यार्थी भाइबहिनीहरुलाई शिक्षाको महत्वमाथि प्रकाश पारी हाम्रो जीवनमा शिक्षा नै ठुलो भएकोले अरु कुरामा सक्षम भए पनि पढाइमा हामी कमजोर छौ भने त्यसको कुनै अर्थ रहदैन त्यसैले पढाईमा ध्यान दिन भाइबहिनीहरुलाई आग्रह गरेका थिए साथै यो क्लब स्थापना भए देखि अहिलेसम्म थुप्रै ठाउँमा सामाजिक काम गर्दै आएको हुनाले आगामी दिनमा पनि क्लबले देशव्यापीरुपमा सामाजिक काम गर्ने अभियान चलाउने छौं भन्दै जानकारी गराएका थिए ।



सो कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत अन्य संघसस्थाका उपस्थित प्रतिनिधिहरुले बोल्दै विद्यालयलाई शैक्षिक सामाग्री वितरण गरेर सहयोग पुऱ्याएकोमा धन्यबाद व्यक्त गरेका थिए। उक्त कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षता रहेको थियो भने भु. पु. प्र. अ. गंगा कुमारी रानाको स्वागत तथा विद्यालयका शिक्षक हरी बगाले मगरले कार्यक्रम संचालन गरेका थिए।